# साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**प्रतिमा खनाल**

क्याम्पस क्र.सं. २५/२०६३–२०६५
त्रि.वि. दर्ता नं. ६–१–२३९–१३१–९७
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन


२०६७

# साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधनिर्देशक**

**डा. कुलप्रसाद ढुङ्गाना**

**शोधार्थी**

**प्रतिमा खनाल**

क्याम्पस क्र.सं. २५/२०६३–२०६५
त्रि.वि. दर्ता नं. ६–१–२३९–१३१–९७
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन



२०६७

# त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन**

**नेपाली विभाग**


# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरकी विद्यार्थी प्रतिमा खनालले नेपाली एम्.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल**
विभागीय प्रमुख

हस्ताक्षर

**डा. कुलप्रसाद ढुङ्गाना**
शोधनिर्देशक

हस्ताक्षर

**श्री गोविन्दराज विनोदी**
बाह्यपरीक्षक

हस्ताक्षर

मिति : २०६७/०७/१७

साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन    प्रतिमा खनाल    २०६७

# पहिलो परिच्छेद
# शोधपरिचय

# दोस्रो परिच्छेद

# साहित्यकार केदारनाथ खनालको जीवनीको अध्ययन

# तेस्रो परिच्छेद

# साहित्यकार केदारनाथ खनालको व्यक्तित्वको अध्ययन

## चौथो परिच्छेद

# साहित्यकार केदारनाथ खनालको कृतित्वको अध्ययन

# पाँचौँ परिच्छेद
# उपसंहार

# परिशिष्ट खण्ड

# सन्दर्भग्रन्थसूची

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली स्नातकोत्तर तह दोस्रो वर्षका छात्रा प्रतिमा खनालले **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्णरूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सम्बन्धित विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६७/०५/३०

______________________

**डा.कुलप्रसाद ढुङ्गाना**
सह-प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका निम्ति दसौँ पत्रको प्रयोजनार्थ तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु विद्यावारिधि कुलप्रसाद ढुङ्गानाको निर्देशनमा तयार पारेको हुँ । यसक्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय निकालेर अत्यन्तै आत्मीयतापूर्वक मलाई समुचित रूपले कुशलनिर्देशन दिनुभएकोमा सुरुमा म उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृत प्रदान गर्नुहुने नेपाली विभागीय प्रमुख आदरणीय गुरु विद्यावारिधि नारायणप्रसाद खनालप्रति पनि म कृतज्ञ छु ।

शोधपत्र तयारीको क्रममा आवश्यक सामग्रीसङ्कलन गर्ने कार्यदेखि लिएर सोधपुछका लागि आफ्नो व्यस्त समय दिएर पूर्ण सहयोग गर्नुहुने विशेषत: शोधनायक केदारनाथ खनालज्यू, उहाँकी श्रीमती कलादेवी खनाललगायत खनाल परिवारका अन्य सदस्यहरूप्रति म कृतज्ञता प्रकट गर्दछु । अन्तर्वार्ताको क्रममा कत्ति पनि झर्कोफर्को नमानी आफ्नो अमूल्य समय दिई उदारताका साथ सहयोग गर्नुहुने विद्वत्जनप्रति म आभारी छु । यसका अतिरिक्त लेखनकार्यका निम्ति सदैव हौसला एवम् प्रेरणा दिई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरुहरू गोविन्दराज विनोदी, दामोदर रिजाल, दीननाथ पण्डित, धनेश्वर भट्टराई, भवनाथ सडौला, भागवतशरण न्यौपाने, विष्णुप्रसाद सापकोटा, होमनाथ सापकोटा, कपिल अज्ञातलगायत नेपाली विभागका अन्य सबै गुरुहरू तथा पुस्तकालयका कर्मचारीहरू विजयराज पण्डित, शिवप्रसाद पोखरेलसहित वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु ।

घरायसी चाँजोपाँजो, व्यवस्थापन र आर्थिक प्रबन्धमार्फत् हरतरहले मद्दत पुऱ्याउनुहुने आदरणीय बुवा भैरव खनाल, आमा शान्ता खनाल, भाउजू सन्ध्या, भाइ अतुल खनाल र छोरा ओशिश सापकोटाप्रति म कृतज्ञ नै छु । शोधकार्यको दौडधुपका क्रममा आ-आफ्नो तह र तप्काबाट ज्यादै नै महत्त्वपूर्ण सहयोग पुऱ्याई भरपुर साथ दिनुहुने मेरा आदरणीय दाजु प्रयाग खनाल र श्रीमान् गुरुप्रसाद सापकोटाप्रति धन्यवादज्ञापन गर्दछु । यसका अलावा यो शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले टेवा पुऱ्याउनुहुने सबै महानुभावहरूका साथै यस शोधपत्रलाई शुद्धसँग समयमै टङ्कण गरिदिनुहुने कम्प्युटर केयर एन्ड डिजाइनिङ सेन्टर, नारायणगढका टङ्कणकर्ता दीपेन्द्रकुमार जोशी 'निक' प्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०६७/०५/३०

**प्रतिमा खनाल**
क्याम्पस क्र.सं. २५/२०६३-०६५
त्रि.वि.द.सं. ६-१-१९-३९९-९७
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
२०६७

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| उ. | उद्धृत |
| उप-प्रा. | उप-प्राध्यापक |
| क.सं. | क्रमसङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| द.सं. | दर्ता सङ्ख्या |
| निर्दे. | निर्देशक |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम सम्वत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |

# विषयसूची

(क) आवरणपृष्ठ

(ख) शोधपत्रको स्वीकृतिपत्र

(ग) शोधनिर्देशकको मन्तव्य

(घ) कृतज्ञताज्ञापन

(ङ) सङ्क्षेपीकृत शब्दसूची

## पहिलो परिच्छेद
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | शोधपरिचय | १ |
| १.२ | शोधशीर्षक | २ |
| १.३ | शोधप्रयोजन | २ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ५ |
| १.८ | शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.९ | शोधविधि | ६ |
| | १.९.१ अन्तर्वार्ता र भेटघाट | ६ |
| | १.९.२ सैद्धान्तिक ढाँचा | ७ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |

## दोस्रो परिच्छेद

## साहित्यकार केदारनाथ खनालको जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | वंश, जन्म र नामकरण | १४ |
| २.३ | बाल्यकाल, उपनयन र शिक्षा | १४ |
| २.४ | वैवाहिक तथा पारिवारिक स्थिति | १६ |
| २.५ | आर्थिक अवस्था र पेसा | १६ |
| २.६ | सेवा | १७ |
| २.७ | साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश | १८ |
| २.७.१ | साहित्यिक क्षेत्रमा भएका कार्यहरू | १८ |
| २.७.२ | सामाजिक क्षेत्रमा भएका कार्यहरू | १९ |
| २.८ | रुचि | २१ |
| २.९ | अविस्मरणीय घटना | २२ |
| २.१० | भ्रमण | २२ |
| २.११ | सम्मान तथा पुरस्कार | २३ |
| २.१२ | प्रेरणाको स्रोत | २३ |
| २.१३ | चिन्तन, विचार र दर्शन | २४ |
| २.१४ | निष्कर्ष | २५ |


## तेस्रो परिच्छेद

## साहित्यकार केदारनाथ खनालको व्यक्तित्वको अध्ययन


| | | |
|---|---|---|
| ३.१ | पृष्ठभूमि | २७ |
| ३.२ | बाह्यव्यक्तित्व | २८ |
| ३.३ | आन्तरिक व्यक्तित्व | ३० |
| ३.३.१ | साहित्यिक व्यक्तित्व | ३० |
| ३.३.१.१ | कवि व्यक्तित्व | ३२ |
| ३.३.१.२ | लेखकीय व्यक्तित्व | ३३ |

३.३.२ साहित्येतर व्यक्तित्व ३४
३.३.२.१ सामाजिक व्यक्तित्व ३५
३.३.२.२ शिक्षक व्यक्तित्व ३६
३.३.२.३ सम्पादक व्यक्तित्व ३६
३.३.२.४ जीवनी, व्यक्तित्व र साहित्यलेखनका बीच अन्तर्सम्बन्ध ३६
३.३.२.५ चितवन साहित्य परिषद्को स्थापनामा खनालको भूमिका ३७
३.३.२.६ सारांश ३९

## चौथो परिच्छेद
## साहित्यकार केदारनाथ खनालका कृतित्वको अध्ययन

४.१ नेपाली साहित्यमा केदारनाथ खनालको आगमन र उनको साहित्ययात्रा ४०
४.१.१ विषयप्रवेश ४०
४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव ४१
४.१.३ लेखनको परम्परा ४१
४.१.४ केदारनाथ खनालको साहित्ययात्रा ४२
४.१.४.१ प्रथम चरण (वि.सं. २०२३-२०६०) ४२
४.१.४.२ द्वितीय चरण (वि.सं. २०६१ देखि हालसम्म) ४३
४.२ केदारनाथ खनालका पुस्तकाकार कृतिहरूको अध्ययन ४४
४.२.१ 'अनुभूतिका शब्दतरङ्ग' कवितासङ्ग्रहको अध्ययन ४४
४.२.१.१ शीर्षक ४४
४.२.१.२ संरचना ४४
४.२.१.३ विषयवस्तु ४५
४.२.१.४ रसभाव ४६
४.२.१.५ दृष्टिबिन्दु ४७
४.२.१.६ जीवनदृष्टि ४८
४.२.१.७ लय/छन्द ४८
४.२.१.८ भाषाशैली ५०

| | | | |
|---|---|---|---|
| | ४.२.१.९ | अलङ्कार | ५० |
| | ४.२.१.१० | बिम्ब र प्रतीक | ५१ |
| | ४.२.१.११ | सारांश | ५२ |
| ४.२.२ | 'शिक्षा : केही गन्थन केही मन्थन' लेखसङ्ग्रहको अध्ययन | | ५३ |
| | ४.२.२.१ | शीर्षक | ५३ |
| | ४.२.२.२ | संरचना | ५३ |
| | ४.२.२.३ | विषयवस्तु | ५४ |
| | ४.२.२.४ | रसभाव | ५६ |
| | ४.२.२.५ | दृष्टिबिन्दु | ५६ |
| | ४.२.२.६ | जीवनदृष्टि | ५६ |
| | ४.२.२.७ | भाषाशैली | ५७ |
| | ४.२.२.८ | सारांश | ५७ |
| ४.२.३ | 'यात्राका स्पन्दनहरू' नियात्रासङ्ग्रहको अध्ययन | | ५७ |
| | ४.२.३.१ | शीर्षक | ५७ |
| | ४.२.३.२ | संरचना | ५८ |
| | ४.२.३.३ | विषयवस्तु | ५८ |
| | ४.२.३.४ | रसभाव | ५९ |
| | ४.२.३.५ | दृष्टिबिन्दु | ५९ |
| | ४.२.३.६ | जीवनदृष्टि | ६० |
| | ४.२.३.७ | भाषाशैली | ६० |
| | ४.२.३.८ | सारांश | ६० |
| ४.२.४ | 'स्मृतिका बिम्बहरू' संस्मरणसङ्ग्रहको अध्ययन | | ६० |
| | ४.२.४.१ | शीर्षक | ६० |
| | ४.२.४.२ | संरचना | ६१ |
| | ४.२.४.३ | विषयवस्तु | ६१ |
| | ४.२.४.४ | रसभाव | ६४ |
| | ४.२.४.५ | दृष्टिबिन्दु | ६४ |
| | ४.२.४.६ | जीवनदृष्टि | ६४ |

४.२.४.७ भाषाशैली ६४
४.२.४.८ सारांश ६४
४.३ केदारनाथ खनालका फुटकर लेख/रचनाहरूको विवरण र उपलब्ध स्रोतहरू ६५
४.४ केदारनाथ खनालको व्यक्तित्व र कृतित्वका बीच अन्त:सम्बन्ध ६६
४.५ निष्कर्ष ६८

## पाँचौं परिच्छेद
## उपसंहार

५.१ निष्कर्ष ६९
५.२ समग्र निष्कर्ष ७०

## प्रमुख सन्दर्भग्रन्थसूची

(क) सन्दर्भग्रन्थसूची ७२
(ख) सन्दर्भपत्रिकासूची ७३
(ग) शोधपत्रसूची ७३

## परिशिष्ट खण्ड

परिशिष्ट : एक – अन्तर्वार्ताका प्रश्नावली नमुनाहरू
(क) शोधनायकसँगको अन्तर्वार्ता प्रश्नावली ७५
(ख) विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ता प्रश्नावली ७६
(ग) विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण ७७
परिशिष्ट : दुई – शोधनायक केदारनाथ खनालले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि ७८
परिशिष्ट : तीन – शोधनायक केदारनाथ खनालको छायाँचित्र ९१

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधपरिचय

कविता, निबन्ध, गजल, हाइकु, समालोचना, चित्रकला, समाजसेवा, शिक्षाको विकास आदि क्षेत्रमा संलग्न केदारनाथ खनाल नेपाली साहित्यक्षेत्रका एक कुशल व्यक्ति मात्र नभई शिक्षाक्षेत्रका साधक पनि हुन् । केदारनाथ खनालका हालसम्ममा क्रमशः **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **शिक्षा : केही गन्थन केही मन्थन** (निबन्धसङ्ग्रह, २०६२), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५) र **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६) गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यसैगरी **भाषिक, समीक्षात्मक सांस्कृतिक, शैक्षिक लेखहरू** (निबन्धसङ्ग्रह) चाहिँ प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यस्तै स्थानीय एवम् राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा खनालका थुप्रै फुटकर लेख-रचनाहरू प्रकाशित छन् ।

उपर्युक्त कृतिहरूका साथै फुटकर लेख-रचनाहरूका आधारमा हेर्दा केदारनाथ खनाल चितवनको साहित्यिक क्षेत्रमा एक उदीयमान, आभ्यासिक, चर्चित र जुझारु साहित्यकारका रूपमा क्रियाशील देखिन्छन् । यिनका बारेमा केही पत्रपत्रिका र पुस्तकहरूमा छिटफुट रूपमा चर्चा-परिचर्चा भए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वमाथि भने व्यवस्थित अध्ययन र अनुसन्धान हुनसकेको छैन । त्यसकारण यो शोधपत्र खनालका यिनै प्रकाशित कृतिहरूको सामान्य अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । यस्ता कृतिहरूका रचनाकारको जीवनी र व्यक्तित्व पनि कृतित्वसँगै प्रस्तुत हुनु आवश्यक देखिएकाले यस शोधपत्रका लागि **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको मूल समस्या रहेको छ । प्रस्तुत शोधपत्रको आधारभूत एवम् खास समस्याहरू निम्नलिखित रहेका छन् ।

(क) साहित्यकार केदारनाथ खनालको जीवनी र व्यक्तित्व कस्तो छ ?

(ख) उनका साहित्यिक कृतिहरूमा के-कस्ता विचार र दृष्टिकोण छन् ?

(ग) उनको रचनाहरूको मुख्य प्रवृत्ति के रहेको छ ?

(घ) नेपाली साहित्यको श्रीवृद्धिमा उनको योगदान कस्तो छ ?

यिनै गम्भीर समस्याहरूको समाधान खोज्ने कार्यतर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.५ शोधकार्यको उद्देश्य

साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, साहित्यिक यात्राको रेखाङ्कन र उनका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण गरी नेपाली साहित्यको फाँटमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य रहेका छन् । खास उद्देश्यहरू यसप्रकार छन् :

(क) साहित्यकार केदारनाथ खनालको जीवनी र व्यक्तित्वको पहिचान गर्नु,

(ख) उनका साहित्यिक कृतिहरूमा पाइने विचार र दृष्टिकोण हेर्नु,

(ग) उनका साहित्यिक कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु, र

(घ) नेपाली साहित्यमा उनको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यिनै उद्देश्य परिपूर्तितर्फ यो शोधपत्र उन्मुख छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार केदारनाथ खनाल अनुसन्धेय साहित्यिक व्यक्तित्व हुन् । यिनको जीवनी, व्यक्तित्व र साहित्यिक कृतित्वका सम्बन्धमा समग्र रूपमा अहिलेसम्म अध्ययन र अनुसन्धान भएको छैन । कतिपय लेखकहरूले केदारनाथ खनालका बारेमा सामान्य रूपमा चर्चा-परिचर्चा गरेको पाइन्छ । ती चर्चा-परिचर्चा उनका जीवनी व्यक्तित्व तथा कृतित्वको समग्र अध्ययनका दृष्टिले अपूर्ण देखिन्छन् । उनका बारेमा लेखिएका केही लेख वा टीका-टिप्पणी विविध पुस्तक तथा पत्रिकामा छरिएर रहेका छन् र तिनमा केदारनाथ खनाल नेपाली साहित्यमा कवि, गजलकार, समालोचक, निबन्धकार र पत्रकार, शिक्षाक्षेत्रका अध्येता, अनुसन्धानदाता एवम् समाजसेवी व्यक्ति पनि हुन् भन्ने कुराको सामान्य उल्लेख मात्र गरेको पाइन्छ । केदारनाथ खनालका बारेमा हालसम्म भएका केही टिप्पणी कालक्रमिक विवरण यसप्रकार छन् :

**मुद्रण स्मारिका** (मुद्रण सङ्घ, चितवन, २०५५) मा *चितवनका साहित्यिक पत्रपत्रिका सङ्क्षिप्त रेखाङ्कन* भन्ने शीर्षकमा लक्ष्मणप्रसाद गौतमले चितवनलाई चिनाउने क्रममा केदारनाथ खनालको चितवन छापाखानाको योगदान महत्त्वपूर्ण रहेको छ भनेका छन् ।

**चितवन महोत्सव २०५७ स्मारिका**मा *चितवनको साहित्ययात्रा र प्रवृत्ति* शीर्षकमा लक्ष्मणप्रसाद गौतमले नेपाली साहित्यमा केदारनाथ खनाल प्रबन्धात्मक लेखक हुन् भनेका छन् ।

**चितवन महोत्सव २०५७ स्मारिका**मा *संयोजकको मन्तव्य* भन्ने शीर्षकमा प्रचण्डलाल प्रधानले केदारनाथ खनालले साहित्यिक गोष्ठी व्यवस्थापन समितिम रही स्मारिकाको प्रकाशन एवम् चितवन महोत्सव २०५७ सफलताको लागि स्वःस्फूर्त सहयोग पुऱ्याउनु भएको छ भनेका छन् ।

**अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१) मा *चितवनलाई चित्रवन बनाउने कवि* शीर्षकमा कवि माधव घिमिरेले नारायणी अञ्चल चितौनमा साहित्यिक गतिविधिको लहर चलाउने अञ्चलस्तरीय साहित्यकारहरूलाई

राष्ट्रियस्तरमा पुऱ्याएर प्राचीन चितवनलाई आधुनिक चित्रवन बनाउने कवि केदारनाथ खनाल हुन् भनेका छन् ।

**अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१) मा *अनुभूतिका शब्दतरङ्गभित्र तरङ्गित* शीर्षकमा गोविन्दराज विनोदीले नेपाली वाङ्मयका अथक साधक कवि केदारनाथ खनाल हुन् भनेका छन् ।

नारायणप्रसाद खनालले **शिक्षा : केही गन्थन केही मन्थन** (निबन्धसङ्ग्रह, २०६२) को *शैक्षिक वाङ्मय मन्थनको श्रीवृद्धिमा निरन्तरताको शुभकामना* शीर्षकमा केदारनाथ खनाल कुशल समाजसेवी, साहित्यसेवी र शिक्षाप्रेमी व्यक्ति हुन् भन्ने उल्लेख गरेका छन् ।

पूर्णप्रसाद अधिकारीले **हाम्रो पुरुषार्थ** (अर्धवार्षिक, वर्ष ३३, अङ्क २, वैशाख २०६३) मा *अनुभूतिका शब्दतरङ्गमा तरङ्गित* शीर्षकमा केदारनाथ खनाल साहित्यका लागि समर्पित हुने र केही गरौँ भन्ने भावना राख्ने एउटा जीवन्त व्यक्तित्व हुन् भनेका छन् ।

कपिल अज्ञातले **चितवन पोस्ट दैनिक पत्रिका** (२०६५ साउन ४ गते, शनिबार) को *यात्राका स्पन्दनहरूभित्र चन्दनयुक्त पक्षको आँकलन* शीर्षकमा केदारनाथ खनाल चितवन साहित्य परिषद्को स्थापनाकालदेखि नै भाषासाहित्यको क्षेत्रमा सक्रिय व्यक्तित्वको रूपमा लागेका र समाज र राष्ट्रका नाममा पनि गच्छेअनुसारको पत्रपुष्प र अछताभेटी चढाउनुपर्छ भन्ने मनोभावना बोकेका व्यक्ति हुन् भनेका छन् ।

गोविन्दराज भट्टराईले **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५) को *आजको पाठकलाई यस्तै सिर्जनाको खाँचो छ* शीर्षकको भूमिका लेखमा इमान्दारिता, जिज्ञासाभाव, निर्दोषिता, भाषा सरल र सुन्दर हुनु केदारनाथ खनालको विशेषता हो भनेका छन् ।

लक्ष्मणप्रसाद गौतमले **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५) को *यात्राका स्पन्दनहरूको वस्तुविन्यास* शीर्षकमा केदारनाथ खनाल साहित्यको संस्थागत विकास र समुन्नयनमा सदा क्रियाशील व्यक्ति हुन् भनेका छन् ।

माथिका विवरणबाट खनालको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा छिटफुट रूपले अध्ययन भएको देखिए पनि साङ्गोपाङ्गो रूपमा अध्ययन-अनुसन्धान भने भएको

देखिँदैन यसैले केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा अध्ययन गर्न यो शोधकार्य गर्न लागिएको हो ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यको उन्नयनमा अनवरत क्रियाशील स्रष्टाको समग्र अध्ययन गर्नु निश्चय पनि सानोतिनो कार्य होइन । यसका लागि त विविध स्रोतसामग्री जुटाई दीर्घ साधनाको नितान्त खाँचो पर्दछ । यसका अलावा अनुसन्धानकार्य आफैँमा अत्यन्तै जटिल प्रक्रिया सम्मत र व्यवस्थित रूपको हुनाले पनि अनुसन्ध्य विषयबाट सहजै पार पाउन जोकोहीलाई पनि विभिन्न समस्याहरू आइपर्दछन् यसउसले साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा यसअघि भएगरिएका अध्ययन, चर्चा-परिचर्चाका रूपमा मात्र भएकाले उपर्युक्त कार्यहरूबाट उनको बारेमा व्यवस्थित र सिङ्गो अध्ययन हुन सकेको छैन । ती कार्यहरू अपूर्ण र अधुरा नै छन् तसर्थ केदारनाथ खनालका महत्त्वपूर्ण साहित्य सृजनाहरूलाई फैलाउने मौका दिनुका साथै उनको साहित्यिक योगदानलाई पाठकसामु पुऱ्याई सृजनारत स्रष्टाको प्रतिभा अझै फस्टाओस् भनी खोजतलास गर्नका लागि पनि यो अध्ययन-अनुसन्धान स्वत: औचित्यपूर्ण ठहर्छ । प्राय:जसो केन्द्रकै छत्रछाया र प्रभुत्वमा विस्तार हुँदैआएको नेपाली साहित्यजगत्को विकासमा केन्द्र बाहिरका साधकहरूले पनि अपेक्षित योगदान पुऱ्याउने छन् भनी साहित्यस्रष्टालाई राष्ट्रियस्तरमा पहिचान गराउने सन्दर्भमा पनि यो शोधकार्यको महत्त्व झल्कन्छ । यसका साथै साहित्यकार केदारनाथ खनालको जीवनी र व्यक्तित्वका विविध पाटाहरूको उल्लेख गर्दै उनका प्रकाशित पुस्तकका कृतिहरूको विधागत अध्ययन गरी नेपाली साहित्यमा उनको योगदानलाई निरुपण गर्नुमा नै यस शोधपत्रको औचित्य एवम् महत्त्व रहन्छ । यस खालका उदीयमान स्रष्टाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समवर्ती वा उत्तरवर्ती प्रतिभाहरूका लागि प्रेरणादायी बन्नुका साथै उनका बारेमा जान्न चाहने व्यक्ति साहित्यानुरागी पाठक र अनुसन्धानकर्ताहरू यस शोधपत्रबाट लाभान्वित हुनेछन् । यिनै कुराहरूबाट प्रस्तुत शोधपत्रको औचित्य र महत्त्व पुष्टि हुन जान्छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कनसँग सम्बन्धित रहेको छ । उनको जीवनका प्रमुख घटनाक्रमका प्रसङ्गहरूलाई प्रस्तुत शोधपत्रको जीवनीपक्षमा समेटिएको छ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा र उनीबाट सृजित रचनाहरूलाई

कृतित्वपक्षमा समेटिएको छ । उनका हालसम्म प्रकाशित चारओटा पुस्तकाकार कृतिहरूमध्ये काव्यिक मूल्यका दायराभित्र एउटा कृति **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१) र अरू दुईओटा **शिक्षा : केही गन्थन केही मन्थन** (निबन्धसङ्ग्रह, २०६२), **यात्राका स्पन्दनहरू** (निबन्धसङ्ग्रह, २०६५) कृति रहेका छन् । जसमध्ये काव्यिक मूल्यका दायराभित्र पर्ने कृतिलाई काव्यविश्लेषणका स्थापित विभिन्न तत्त्वहरूका आधारमा सामान्य रूपले अध्ययन गर्नुका साथै अन्य दुईओटा निबन्धात्मक कृतिलाई सामान्य हिसाबले परिचयात्मक अध्ययन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र र सीमा रहेको छ । उनका प्रकाशोन्मुख र अप्रकाशित पुस्तकाकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेखरचनाहरूलाई सामग्रीका रूपमा नलिई तिनको परिचयात्मक विवरण मात्र दिइने छ ।

## १.९ शोधविधि

पुस्तकहरूको अध्ययन गरी सामग्रीसङ्कलन गर्ने प्रक्रियालाई पुस्तकालयीय अध्ययनविधि भनिन्छ । यसअन्तर्गत शोधनायकका पुस्तकाकारका रूपमा प्रकाशित पुस्तकहरूको सैद्धान्तिक विषयवस्तुहरूको अध्ययन गरिने छ । यसका साथै शोधनायकका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा लेखिएका लेखरचनाहरूको अध्ययन पुस्तकालयीय विधिका आधारमा गरिने छ ।

### १.९.१ अन्तर्वार्ता र भेटघाट

अन्तर्वार्ता भन्नाले कुनै पनि उद्देश्यको निम्ति कसैसँग गरिने कुराकानी वा भेटघाट भन्ने बुझिन्छ । यस शोधकार्यको प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने समयमा शोधनायकसँग लिइने अन्तर्वार्ता र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित शोधनायकका अन्तर्वार्ताहरू शोधनायकका परिवारजन, नातागोताहरू, इष्टमित्रहरू, चिरपरिचित मित्रहरू, समकालीन तथा उत्तरवर्ती साहित्यकारहरूसँग क्षेत्रीय पद्धतिका आधारमा प्रत्यक्ष-अप्रत्यक्ष सम्पर्क गरी सामग्री सङ्कलन गरिने छ ।

यस शोधपत्र लेखनको क्रममा विभिन्न अध्ययनविधिहरू अपनाइए तापनि कृतिहरू नै अध्ययनका मुख्य स्रोत रहने हुनाले पुस्तकालयीय अध्ययनको विशेष उपयोग गरिने छ । जीवनी र व्यक्तित्वको क्रममा शोधनायकसँग लिइने मौखिक जानकारीलाई पनि सामग्रीको स्रोत मानिने छ ।

### १.९.२ सैद्धान्तिक ढाँचा

शोधका क्रममा अपनाइने नियम वा पद्धतिलाई शोधविधि भनिन्छ । साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा जीवनी र व्यक्तित्वसम्बन्धी अध्ययनकार्यमा ऐतिहासिक पद्धति अँगालिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि आवश्यकताअनुसार वर्णनात्मक विवरणात्मक परिचयात्मक तथा व्याख्यात्मक विधि अपनाइएको छ । जीवनीपरक समालोचना वा मापदण्डका आधारमा जीवनीको अध्ययन र कृतित्वको सहकारिताबाट निर्मित उनको व्यक्तित्वका विभिन्न आयामहरू तथा कृतिविश्लेषणका निम्ति समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिइएको छ ।

जीवनखण्डमा स्वयम् अनुसन्धेय व्यक्तिको अन्तर्वार्ता र भेटघाटलाई मूल आधार मानिएको छ भने व्यक्ति खण्डमा अनुसन्धेय व्यक्तिको कृतित्वलाई मूल आधार मानिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूप दिनका खातिर शोधपत्रलाई विभिन्न परिच्छेद र एक परिशिष्ट खण्डमा विभाजन गरिएको छ :

(१) पहिलो परिच्छेद : **शोधपरिचय**

(२) दोस्रो परिच्छेद : **साहित्यकार केदारनाथ खनालको जीवनीको अध्ययन**

(३) तेस्रो परिच्छेद : **साहित्यकार केदारनाथ खनालको व्यक्तित्वको अध्ययन**

(४) चौथो परिच्छेद : **साहित्यकार केदारनाथ खनालको कृतित्वको अध्ययन**

(५) पाँचौँ परिच्छेद : **उपसंहार**

यसरी प्रस्तुत शोधपत्रलाई सर्वप्रथम पाँच परिच्छेद र आवश्यकतानुसार प्रत्येक परिच्छेदलाई विविध शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । **साहित्यकार केदारनाथ खनालका जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्रको परिच्छेद एक शोध परिचयका रूपमा रहेको छ । परिच्छेद दुईमा साहित्यकार केदारनाथ खनालको जीवनीलाई विभिन्न शीर्षक, उपशीर्षक आदिमा विभाजन गरी जीवनीका विभिन्न पाटाहरूको अध्ययन गरिएको छ । परिच्छेद तीनमा केदारनाथ खनालको व्यक्तित्वलाई विभिन्न तरिकाले चिनाइएको छ । परिच्छेद चारमा नेपाली साहित्यको फाँटमा साहित्यकार केदारनाथ खनालको आगमन एवम् उनको साहित्यिक यात्रा, उनका साहित्यिक प्रवृत्तिहरूको विविध कोणबाट विवेचना र मूल्याङ्कन गरी उनका पुस्तकाकार कृतिहरू र फुटकर लेख र रचनाहरूको विवरण प्रस्तुत

गरिएको छ । परिच्छेद पाँच उपसंहारका रूपमा रहेको छ । यसमा साहित्यकार खनालको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचनाका साथै निष्कर्षसहित उनका प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको छ ।

शोधपत्रको अन्तमा परिशिष्ट रहेको छ । यसअन्तर्गत शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायक र विशिष्ट व्यक्तित्वहरूसँग लिइने अन्तर्वार्ताको प्रश्नावली नमुना विभिन्न व्यक्तिहरूसँग गरिने मौखिक कुराकानीको स्रोतविवरण, शोधनायक केदारनाथ खनालले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि र शोधनायक खनालको छायाँचित्र प्रस्तुत गरिएको छ । यसरी यस शोधपत्रलाई आन्तरिक र बाह्यसंरचना तथा आदिभाग, मध्यभाग र अन्तभाग निर्माणद्वारा सर्वाङ्गपूर्ण बनाएर शोधपत्र प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# साहित्यकार केदारनाथ खनालको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

'सहित' शब्दमा 'य' (ष्यत्र्/यत्) प्रत्यय लगाएर आदिवृद्धि गरी 'साहित्य' शब्दको निर्माण हुन्छ ।[१] सँगसँगै हितको भावना वा सम्यक् हितको भावना (अर्थ) साहित्यले बोकेको हुन्छ । साहित्य हितकारी र लोकोपकारी हुनुपर्दछ । यो रसिलो, गुनिलो र पोषिलो पाटो हुनुपर्दछ । भाषाको हार्दिक अभिव्यक्ति साहित्य हो । शब्द र अर्थको सामञ्जस्यबाट प्राप्त हुने हार्दिक सन्तुष्टि नै साहित्य हो ।

साहित्य रचना गर्ने व्यक्ति 'कवि' हो । ऋग्वेदमा 'कवि' शब्द जगत्स्रष्टा ब्रह्मा वा ईश्वरकै पर्यायका रूपमा आएको छ ।[२] कवि शब्दको प्रयोग सर्वेश्वर परमात्माका लागि भएको पाइन्छ । यसैगरी सबै जान्ने वा वर्णन गर्नसक्ने सर्वेसर्वा व्यक्तिको रूपमा 'कवि' शब्दलाई लिइन्छ ।[३] यसै भएर कविद्वारा रचित सृजनाहरू हितकारी हुन्छन् भन्न सकिन्छ अर्थात् सकल जगत्को कल्याणकारी तत्त्व नै कविद्वारा सृजित परिकार हो । पूर्वमा अग्निपुराणदेखि जगन्नाथसम्मका मनिषीहरूले साहित्यलाई चिनाउने प्रयास गरेका छन् । यसअनुसार अभीष्टभावलाई सङ्क्षेपमा प्रस्तुत गर्ने पदावली हुनुपर्ने, शब्दार्थको सहभाव हुनुपर्ने, इष्टार्थयुक्त सुललित पदावली हुनुपर्ने, दोषरहित र गुणालङ्कारयुक्त शब्दावली हुनुपर्ने, लक्षणा, व्यञ्जना, रीति, रसात्मकताका साथै अनेक प्रकारका वृत्तिले भरिपूर्ण हुनुपर्ने, रमणीयार्थप्रतिपादक शब्द

---

१ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७), पृ. २५ ।

२ ऐजन, उ. कविर्मनीषी परिभूः स्वयंभूः, **ऋग्वेद**, पृ. २५ ।

३ ऐजन, उ. कविर्मनीषी परिभूः स्वयंभूः, **शूक्लयजुर्वेद**, पृ. २५ ।

हुनुपर्नेजस्ता अनेकानेक धारणा र मान्यताहरू साहित्य वा काव्यलाई परिभाषित गर्ने क्रममा पूर्वमा आएको पाइन्छ ।

यसैगरी, भाषाको माध्यमले प्रकृतिको अनुकरण वा चित्रकार वा अरू कुनै कलाकार जस्तै कवि अनुकर्ताको रूपमा हुनुपर्ने, साहित्य जीवनको समालोचना गर्ने खालको हुनुपर्ने, हृदय र मस्तिष्कलाई सन्तुलित विकास गराउने चेष्टाद्वारा प्रेरित हुनुपर्ने, तीव्रतम जीवनका दु:खलाई उजिल्याउने कथा र अनुभूतिको स्वत:स्फूर्त अभिव्यक्ति हुनुपर्ने, विचारको सर्वश्रेष्ठ पदावली हुनुपर्नेजस्ता अनेक प्रकारका मान्यताहरू साहित्य या काव्यलाई चिनाउने क्रममा पश्चिममा आएको पाइन्छ ।[४]

यसरी पौरस्त्य र पाश्चात्यजगत्मा जे-जस्ता मान्यताहरू आए पनि सृजित रचना असल साहित्यको रूपमा प्रस्तुत हुन, सर्वप्रथम त उक्त रचना सौन्दर्यानन्दले परिपूर्ण भई लोकोपकारमा केन्द्रित हुनैपर्दछ । त्यसमा शब्दार्थको तरलानुभूति छ्यालब्याल रूपमा छचल्किएको हुनुपर्दछ अनि सङ्गीतात्मकता, कल्पनात्मकता र प्रभावकारिताले टम्म बाँधिएको हुनुपर्दछ । साहित्यले गहन, सूक्ष्म र मनोरम भावनाभूमि अरू समक्ष सम्प्रेषण गरी मानवीय आन्तरिक र बाह्यचेतनालाई रमणीय भाव प्रदान गर्दै भावकलाई आहलादित तुल्याउने हुनुपर्दछ । यसमा लोकव्यवहारदेखि सहृदयीसम्मको अनुभूतिलाई चित्ताकर्षक रूपमाा व्यक्त गर्न सक्ने खालको विशेष गुण निहीत हुनुपर्दछ ।

वास्तवमा साहित्यको सृजना गर्नु, पठनपाठन गर्नुको मूल प्रयोजन आनन्द त हुँदै हो; यसका अलावा कुनै पनि साहित्य शिक्षाप्रद र उपयोगीसमेत हुनुपर्दछ । पूर्वीय काव्यसंसारमा काव्य प्रयोजनसम्बन्धी चर्चा-परिचर्चा सर्वप्रथम भरतमुनिको **नाट्यशास्त्र**बाट प्रारम्भ भएको देखिन्छ । उनले नाटकलाई काव्यकै रूपमा लिई नाटकको चर्चा गर्ने क्रममा धर्म, यश, आयु र वुद्धिविकास, लोककल्याण, सर्वहितोपदेशवाहकका रूपमा काव्यको प्रयोजन हुनुपर्छ भनेका छन् ।[५] भामहले काव्यबाट धर्म, अर्थ, काम, मोक्ष प्राप्त हुनुका साथै विभिन्न कलाकौशलमा निपूणता र कीर्ति-प्रीतिसमेत प्राप्त हुन्छ भनेका छन् ।[६] कुन्तकले पुरुषार्थ चतुष्टयका साथै चित्तलाई चामत्कारिता प्रदान गर्ने आन्तरिक आनन्दविशेषको उपलब्धि काव्यबाट हुन्छ भनेका छन् भने विश्वनाथले भामहको विचारलाई पछ्याउँदै अल्पज्ञलाई पनि सहजै पुरुषार्थ चटुष्ट्यको

---

४ गोपीकृष्ण शर्मा, **ऐच्छिक नेपाली सहायक**, (काठमाडौं : एम्.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रकाशन, २०५४), पृ. ३ ।

५ भरत, **नाट्यशास्त्रम्**, उद्धृत, केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २९ ।

६ भामह, **काव्यलङ्कार**, उद्धृत, केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ऐजन, पृ. २९ ।

ज्ञान गराउने प्रयोजन काव्यमा हुनुपर्दछ भनेका छन् ।[७] पूर्वमा काव्यप्रयोजनसम्बन्धी सबैभन्दा स्पष्ट र विशद दृष्टिकोण मम्मटको रहेको पाइन्छ । यिनले काव्यबाट धन, यश र व्यवहार, ज्ञानप्राप्त, अमङ्गल निवारण, तत्काल परमानन्दप्राप्त, कामिनीको मधुर वचनझैँ उपदेशलाभ हुन्छ भनेका छन् ।[८] सङ्क्षेपमा भन्दा पूर्वमा यश, आयु, हित, बुद्धिविकासका साथै धर्म, अर्थ, काम, मोक्ष, उपदेश कलामा निपूणता, आनन्दानुभूति, व्यवहारज्ञान, अनर्थ नाश र हार्दिक चमत्कारका लागि काव्यप्रयोजन हुनुपर्ने देखिन्छ ।

त्यसैगरी पश्चिमी काव्यसंसारमा पनि काव्यप्रयोजन सम्बनधमा विभिन्न मतहरू रहेका पाइन्छन् । अरस्तुले आनन्द र शिक्षालाई त होरेसले शिक्षा वा आनन्द वा दुवै प्रदान गर्ने काम काव्यप्रयोजनमा हुनुपर्ने धारणा राखेका छन् ।[९] कलरिजले आनन्द र नैतिकता दिनेखालको काव्यप्रयोजनको चर्चा गरेका छन् भने सेमुएल जोनसनले आनन्द र शिक्षामा नै जोड दिएका छन् । क्रोचेले काव्यप्रयोजनमा अभिव्यञ्जनाशक्तिलाई र मैथ्यु आर्नोल्डले नैतिक विचारमाथि प्रकाश पारेका छन् ।[१०] सङ्क्षेपमा भन्नुपर्दा आनन्द, शिक्षा, नैतिकता र प्राकृतिक तथा काल्पनिक सौन्दर्यको उद्घाटनलाई पश्चिममा काव्यप्रयोजन मानिएको देखिन्छ । नवराज लामिछानेका अनुसार काव्यको प्रयोजनचाहिँ वाक्कलाको अभिवृद्धि, सद्भाव, सुखदुःख, हर्षावेग, हाँसो, शोक, डर, त्रास आदि मानवीय संवेदनाहरूको साधारणीकरण गर्दै मानवमनलाई सौन्दर्यात्मक र आनन्दात्मक तत्त्वसम्म पुऱ्याउने हुनुपर्दछ ।[११]

साहित्य वास्तवमा कुनै पक्ष, क्षेत्र, वर्ग, सीमा र समयको जञ्जीरमा बाँधिदैन । यो त सार्वभौमिक, सार्वकालिक र सार्वजनीन हुन्छ । यिनै मान्यताको दसीमा पूर्व र पश्चिमका अनगिन्ती साहित्य रचनाहरू खरोरूपमा उत्रेर आफ्नो विराट् महत्ता प्रदर्शन गरिहेका छन् । कुनै पनि साहित्य रचना साहित्यिक मूल्य, मान्यता र धर्मिताको सापेक्षतामा यदि कोरिएको छ भने त्यो साहित्य कहिल्यै पुरानो हुँदैन; यसमा अन्तर्भूत दिव्य गुण कहिल्यै मरेर जाँदैन । साहित्यले मानवमनमा निर्मल, स्वच्छ र कञ्चन अनुरागका माध्यमबाट सृजनाको सुवास

---

७ कुन्तक, **वक्रोक्तिजीवितम** र **विश्वनाथ साहित्यदर्पण**, उद्धृत, केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ऐजन, पृ. ३० ।

८ मम्मट, काव्यप्रकाश, उद्धृत, केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ऐजन ।

९ केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, ऐजन, पृ. ३३ ।

१० ऐजन, पृ. ३३-३४ ।

११ नवराज लामिछाने, **कवि रामहरि दाहालद्वारा रचित सावित्री स्मृतिकाव्यमा करुणरसको अध्ययन**, अप्रकाशित शास्त्री शोधपत्र, (काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, २०६४), पृ. ८ ।

फैलाइरहेको हुन्छ ।[१२] साहित्यकुसुम कालजयी गुणले ओतप्रोत छ भने स्रष्टाको सांसारिक इहलीला समाप्त भए पनि उक्त साहित्यकुसुम युगौंयुगसम्म अमर रहिरहन्छ र नयाँ पुस्ताका लागि दिग्दर्शक बन्छ । साहित्यले युगानुकूल जीवनजगत्को वस्तुस्थितिलाई आत्मसात् गरी पाठकसामु प्रस्तुत गर्न सक्नुपर्छ तबमात्र त्यो साहित्य सामाजिक धरातलमा घनीभूत रूपमा चित्रित हुनसक्दछ । सत्यम्, शिवम् र सुन्दरम्को आलोकले आलोकित साहित्य नै वास्तवमा सच्चा काव्यिक सम्पदा ठहरिन सक्दछन् र जीवनजगत्को परिवेशको सापेक्षतामा सदा जीवित रहन्छन् ।

साहित्यका यिनै शाश्वत र सर्वपक्षीय मान्यतालाई शिरोपर गरी पूर्व र पश्चिमका धेरै साहित्यकारहरूले वाङ्मय फाँटमा थुप्रै साहित्यिक सृजनाहरू पस्केका छन् । यसै दौरानमा नेपाली साहित्य पनि उत्तरोत्तर विकासको गतिमा दिनानुदिन अगाडि बढिरहेछ । यही परिप्रेक्ष्यमा उच्च मनोबल, दृढ अठोट स्वाभिमानको अदम्यता, देशभक्तिपूर्ण भावनाको विपुलता र साहित्यसेवाको पुण्यकर्मभावले अभिप्रेरित भई धेरै नेपाली स्रष्टाहरू यस क्षेत्रमा आइरहेका छन् । वास्तवमा स्रष्टाले अनुभूत गरेका धारणा, विचार, भावानुभूति समाजसमक्ष सम्प्रेषण गर्ने सशक्त र प्रभावकारी माध्यम साहित्य हो । यही साहित्य सृजना गर्ने तिनै आदरणीय व्यक्तिहरू नै साहित्यकार हुन् । यसैले तिनै साहित्यकारहरूको योगदान र मूल्याङ्कनको उचित कदर गर्दै तिनको उपादेयतालाई समाजसामु प्रकाश पार्नु परम कर्तव्य पनि हो । यही परिधिमा रही साहित्यकारको वैयक्तिक जीवनी, व्यक्तित्व र कृतित्वलाई समेटेर उसको योगदानलाई निरुपण गर्नका खातिर विस्तृत अध्ययन, अनुसन्धान, विश्लेषण शोधकार्यमा गरिन्छ । साहित्यसृजना गर्ने यसै पावनकार्यबाट अनुप्राणित भई नेपाली साहित्यिक इतिहासको क्षितिजमा उदाएका स्रष्टाहरूमध्ये मोफसलमा रहेका एक साधक केदारनाथ खनाल पनि हुन् । यिनै साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित विविध पाटाहरूको व्यवस्थित अध्ययन यस शोधपत्रमा गरिएको छ ।

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटित घटनाहरूको शृङ्खलित रूप नै जीवनी हो । बाँचुन्जेल गरेका कामको बयान वा जीवनचरित्रका रूपमा पनि जीवनीको परिभाषा रहेको छ । कुनै पनि व्यक्तिको जीवनका आरोह-अवरोहका विभिन्न घुम्ती र मोडहरूमा घटेका घटनाहरू नै उसको व्यक्तित्वविकासक्रममा सहायकसिद्ध भएर आएका हुन्छन् । कुन खालको घटनाक्रमसँग घुलमिल हुँदै व्यक्तिले कस्तो खालको परिस्थितिसँग

१२ गङ्गाकुमारी भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ५ ।

सम्झौता गर्दछ र नयाँ पाइला कसरी अगाडि बढाउँछ त्यसैको परिणति नै उसको जीवनीको मुख्य आधार हुन जान्छ । जीवनका आरोह-अवरोहहरू व्यक्तित्वको निर्माण, उत्थान र पतनमा व्यक्तिको जीवनका घटनासन्दर्भहरू परिपूरक भएर आएका हुन्छन् । जीवनमा घटेका अनेकानेक घटनाशृङ्खलाहरूले कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा अहम् भूमिका खेलेका हुन्छन् । जीवनका गाउँबेसीका उतारचढावहरू पनि जीवनी अध्ययनका परिपूरक भएर आएका हुन्छन् । यस धराधाममा माताको गर्भबाट जन्म लिइसकेपछि जीवनदौडाहाको क्रममा धेरै शृङ्खलाहरूको यात्रा पार गर्नुपर्दछ । यो कथन शाश्वत र यथार्थ पनि हो । जीवनयात्रा पार गर्दै जाने क्रममा कसैको जीवन सार्थक हुन्छ भने कसेको जीवन निरर्थक पनि हुनजान्छ । यससम्बन्धी मूल्याङ्कनपद्धति आ-आफ्नै भए तापनि व्यक्तिको जीवन समाजोपयोगी क्षेत्रमा कति परिचालित भयो त्यसैलाई नै मुख्य आधार बनाई सार्थक र निरर्थकको सामान्यत: कित्ता निर्धारण गर्ने गरिन्छ । सार्थक जीवन नै इहलोक र परलोकमा समेत अर्थपूर्ण र फलदायी हुन्छ भन्ने हाम्रो सनातन माध्यम रहिआएको छ । यस खालको सार्थक जीवन नै विशिष्ट जीवन हुन्छ र सबैको चासो, चिन्तन, आदर्श, अनुकरण र श्रद्धाको केन्द्रबिन्दु बन्दछ । यस क्षेत्रमा समाहित व्यक्तिहरूको जीवनको भौतिक समाप्तिपछि पनि उनीहरू सबैका निम्ति प्रात: स्मरणीय र प्रेरणाको मुख्य स्रोत बन्दछन् ।[१३] यसो विचार गर्ने हो भने जीवनजगत्का विविध क्षेत्रमा रचनात्मक र लोकोपकारी कार्य गरी सार्थक जीवन व्यतीत गर्न सकिन्छ । यिनै विविध क्षेत्रमध्ये विषयवस्तुको सन्दर्भानुसार साहित्यक्षेत्रलाई अँगाली सार्थक जीवनको अस्तित्वलाई संवरण गर्ने अनेक व्यक्तिहरूमध्ये केदारनाथ खनाल पनि एक हुन् ।

वास्तवमा भन्ने हो भने महान् व्यक्तिहरूका जीवनीका विभिन्न पाटाहरू भावी पिढीका निम्नि पथप्रदर्शक नै हुन्छन् । तिनीहरूकै मार्गनिर्देशनात्मक अनुकरणीय क्रियाकलापले पछिल्ला पुस्तालाई रचनात्मक जीवन व्यतीत गर्न सदैव घच्घच्याइरहेको हुन्छ । उनीहरूका जीवनीका विभिन्न शृङ्खलाहरू अविस्मरणीय भई तिनले मानसपटलमा नित्य सन्मार्गतर्फ लम्कने रूपरेखा कोरिरहन्छन् ।

यसै कोटिमा स्थापित हुन खोजेका चितवनका नवोदित स्रष्टाव्यक्ति साहित्यकार केदारनाथ खनाल हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनका आन्तरिक र बाह्यचरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य अभिप्राय भएकाले यसै विषयभूमिमा रहेर साहित्यकार केदारनाथ खनालको व्यक्तिगत जीवनीका विभिन्न उतारचढावहरूलाई केलाई आन्तरिक र बाह्यचरित्रका महत्त्वपूर्ण पक्षका बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

---

१३ रामचन्द्र ढुङ्गाना, (सम्पा.), **सङ्क्षिप्त कोश**, पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७), पृ. १८५ ।

## २.२ वंशपरम्परा, जन्म र नामकरण

केदारनाथ खनालको पुर्ख्यौली थातथलो ताक्लुङ-२, गोरखा भएको थाहा पाइन्छ । घृतकौशिक गोत्र भएका केदारनाथ खनाल ताक्लुङ-२, गोरखाबाट बसाइँसराइको सिलसिलामा तत्कालीन पञ्चकन्या गा.वि.स. जयमङ्गला र हाल भरतपुर-१०, अस्पतालरोड, चौबीसकोठी, चितवनमा बसोबास गर्दैआएको थाहा हुन्छ ।[१४] केदारनाथ खनालको तीनपुस्ते वंशावलीअनुसार प्रपितामह श्रीबल्लभ खनाल, पितामह हरिकृष्ण खनाल र पिता भोगप्रसाद खनाल रहेको जानकारी पाइन्छ । यही खनालवंश नै केदारनाथ खनालको वंशपरम्परा रहेको पाइन्छ ।[१५]

केदारनाथ खनालको जन्म वि.सं. २००१ साल कार्तिक ०७ गते गोरखाको ताक्लुङमा भएको हो । पिता भोगप्रसाद खनाल र माता देवमाया खनालका चार पुत्र र पाँच पुत्री गरी जम्मा नौ सन्ततिमध्ये यिनी जेठो सन्तान हुन् । जन्मकुण्डलीको नाम धर्मराज खनाल भए तापनि गाउँघरमा बोलाउनेदेखि लिएर नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित र साहित्यमा समेत चर्चित नाम केदारनाथ खनाल नै हो । धार्मिक क्षेत्रमा चारधाममध्ये केदार जति चर्चित बनेको छ त्यति नै साहित्यिक क्षेत्रमा केदारनाथ खनाल चर्चित बनेका छन् । चारधाम गरेर फर्केपछि आफ्ना हजुरबुवाले देउताको नामसँग मिलाएर उनको नाम राखेको भन्ने कुरा पनि भेटिएको छ ।[१६]

## २.३ बाल्यकाल, उपनयन र शिक्षादीक्षा

पिता स्व. भोगप्रसाद खनाल र माता देवमाया खनालका कोखबाट जेठो सन्ततिका रूपमा जन्मेका केदारनाथ खनालको बाल्यकाल आफ्ना पितामाताको माया, ममता र लालनपालनका साथ सुखद वातावरणमा बितेको जानकारी शोधनायकबाट प्राप्त हुन्छ । आफ्नो जन्मथलो ताक्लुङ-२ र बेसीको घर ताक्लुङ-२, ठेउवाटार, गोरखामा नै केदारनाथ खनालको बाल्यकाल व्यतीत भएको पनि थाहा हुन्छ ।[१७]

बाल्यकालमा ती सुमधुर निश्छल र रमणीय दिनहरू काट्दै जानेक्रममा भीरपाखा, उकाली-ओराली, देउराली-भञ्ज्याङ, गाउँबेसी, खेतबारी, टारहरूसँग पनि उनको आत्मीय सम्बन्ध गाँसिएको पाइन्छ । ताक्लुङकै सेरोफेरोको द्यौरालीछाप, चरेसथोक, बाहुनथोक, तेर्से, ऐन्जली गाउँ, खड्का गाउँ, तिलिनछाप, भैंसेपोल, वकेश्वरी, तीनमाटो, मकैसिङ, घैरुङ आदिमा

---

१४ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

१५ खनाल वंशावली, चितवन : खनाल वंशावली निर्माण समिति, २०५५ ।

१६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

१७ ऐजन ।

गाईभैंसी, बाख्रा चराउने, बूढामावली, घ्याल्चोक, दर्शनडाँडा बस्दा बिदाको दिन प्राय: बेसीका गोविनटार, कलटार, फुडौरीफाँटमा गोठालो भएर बेसी झरेपछि त्रिशूलीमा पौडी खेल्ने, डुङ्गा ख्याउने, लुकामारी खेल्ने, ज्यामिरेघाट तार्ने, दाम्लो बाट्ने, जनै बनाउने, सत्यनारायणको पूजामा खैजडी बजाउने, भजन भन्ने र एउटा खुट्टा उचालेर घुमीघुमी नाच्नेजस्ता कार्यमा उनी सहभागी भएको पाइन्छ ।[१८]

सामान्य प्रारम्भिक शिक्षा घरैमा प्राप्त गरेपछि आधारस्कुल गोरखामा कक्षा-४ मा पढ्दापढ्दै छोडेर घरमा राखिएका पं. काकू बूढा भट्टराई गुरु स्व. चोलानाथ भट्टराईसँग दुई वर्षसम्म अमरकोश, लघुकौमुदी पढिसकेपछि उहाँकै जेठा छोरा षड्दर्शनाचार्य गिरिधारी भट्टराईसँग मध्य कौमुदी पढ्न बन्दीपुर गएको शोधनायकबाट अवगत हुन्छ ।[१९] भैसेखार ब्रह्मदत्तको घरमा डेरा गरी बस्दाका सहपाठी कृष्णमुरारी अधिकारीसँगको केटौली पाराको बिठ्याईको मधुरो सम्झना ताजै भएको जानकारी खनालबाट प्राप्त हुन्छ । उनका पितामह हरिकृष्ण उपाध्याय काठमाडौँ जानेक्रममा बाटैमा स्वर्गीय (२००७ साल) भएपछि उनको घेरैमा भइरहेको पठनपाठनमा अवरोध आएकाले पढाइलाई निरन्तरता दिन सात वर्षकै उमेरमा सान्दिदीका साथ लगाइएर गएका खनालले चण्डी-रुद्रीलगायत अमरकोश, रघुवंश, लघुकौमुदी, हितोपदेशजस्ता संस्कृत र कर्मकाण्डका विषयहरू पढेर आफ्नो अध्ययनलाई अगाडि बढाएको पाइन्छ ।[२०]

वि.सं. २००८ सालमा चुडाकर्म अर्थात् उपनयन संस्कार भएपछि खनाल अध्ययनकै क्रमलाई निरन्तरता दिँदै बन्दीपुरतर्फ लागेको पाइन्छ । बन्दीपुर छोडेपछि पाठशाले गुरु पं. लोमहर्षण रेग्मीसँग दुई वर्षजति पढेर त्यसपछिको अध्ययनको क्रमलाई जारी राख्न जयमङ्गलातर्फ लागेको अवगत हुन्छ ।[२१] जब्बलपुर कटनीबाट सन् १९६१ मा प्रथमा, बनारसबाट सन् १९६२ मा पूर्वमध्यमा प्रथम खण्ड, काठमाडौँ रानीपोखरीबाट सन् १९६३ मा पूर्वमध्यमा द्वितीय खण्ड, काठमाडौँ राजकीय संस्कृत महाविद्यालयबाट सन् १९६५ मा उत्तरमध्यमा अध्ययन पूरा गरेको जानकारी खनालबाट प्राप्त हुन्छ ।[२२] संस्कृतमा (नव्यव्याकरण) मध्यमासम्म पूरा गरेका खनालले अर्कोतर्फ वि.सं. २०२१ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि वि.सं. २०२३ सालमा महेन्द्ररत्न कलेज काठमाडौँबाट आई.ए., वि.सं.

---

१८ ऐजन ।

१९ ऐजन ।

२० ऐजन ।

२१ ऐजन ।

२२ ऐजन ।

२०२६ सालमा पाटन कलेजबाट बी.ए., यसैगरी वि.सं. २०३३ सालमा कीर्तिपुरबाट बी.एड्. र वि.सं. २०४८–२०५० सालमा ताहाचल काठमाडौँबाट एम्.एड्.सम्मको उपाधि प्राप्त गर्न सकेको देखिन्छ ।[२३]

## २.४ वैवाहिक तथा पारिवारिक स्थिति

गोरखा, हर्मीमा बसोबास गरेका स्व. दुर्गादत्त ढकाल र श्रीमती सत्यदेवी ढकालकी छोरी कलादेवीसँग वि.सं. २०२९ सालमा केदारनाथ खनाल वैवाहिक सूत्रमा आबद्ध भएका हुन् ।[२४] त्यतिबेला यिनी २९ वर्षका थिए । हाल खनालका एक छोरा र तीन छोरी छन् ।[२५]

वि.सं. २०३५ सालमा केदारनाथ खनालका पिता भोगप्रसादको र वि.सं. २०५९ सालमा माता देवमाया खनालको देहान्त भएको जानकारी हुन्छ ।[२६] खनालका पिताका चार भाइमध्ये पिता भोगप्रसादचाहिँ कान्छा हुन् भने क्रमश: जेठा बुवा टीकादत्त, माहिला बुवा तुलसीप्रसाद र साहिला बुवा शिवप्रसाद रहेको थाहा हुन्छ ।[२७]

## २.५ आर्थिक अवस्था र पेसा

निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका केदारनाथ खनालका पुर्खाहरूको पेसा खेतीपाती र पुरेत्याइँबाहेक अन्य केही नभएको र व्यापार-व्यवसायमा उनका पितापुर्खा खासै संलग्न नभएको जानकारी पाइन्छ ।[२८] पुर्खाहरूको पेसा खेतीकिसान र घरगृहस्थी नै भएकाले खनालले बालककालदेखि नै मातापितालाई घरायसी कामकाजमा सघाउँदै आएको जानकारी पाइन्छ ।[२९] हाल खनाल तथा यिनका दाजुभाइ शैक्षिक तथा प्रशासनिक क्षेत्रमा संलग्न रहेको पनि थाहा हुन्छ ।[३०]

पुर्ख्यौली पारिवारिक स्थितिकै फलस्वरूप निम्नमध्यम वर्गीय परिवारकै कोटिमा पर्ने खनालको आर्थिक अवस्था पनि सामान्य नै छ । एउटा कहावत छ – 'खाँचो पनि छैन, फाँचो

---

२३ ऐजन ।
२४ ऐजन ।
२५ ऐजन ।
२६ ऐजन ।
२७ ऐजन ।
२८ ऐजन ।
२९ ऐजन ।
३० ऐजन ।

पनि छैन' तर खनालको परिवारमा फाँचोभन्दा खाँचो नै बढी बलवान् देखिन्छ । सामाजिक हैसियतअनुसार खर्चमा कटौती गर्न नचाहने खनालको परिवार बाहिरबाट झट्ट हेर्दा जति सक्षमजस्तो देखिन्छ भित्र पसी हेर्दा पनि त्यस्तै सक्षम छ । एक छोरा, तीन छोरी, एक बुहारी र चार नातिनातिनी भइसकेका खनालको ठूलो परिवारको दिनानुदिन बढ्दो खर्च र आम्दानी स्रोतलाई मिलान गरी हेर्दा उल्लेख्य खालको सक्षम र सम्पन्नावस्था रहेको स्वत: स्पष्ट हुन्छ । खनाल समय र परिस्थितिअनुसार चल्न सक्ने क्रियाशील व्यक्ति भएको कारण निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मे तापनि उल्लेख्य रूपमा नै उनको प्रगति भएको पाइन्छ ।[३१] आफूले शैक्षिक एवम् व्यावसायिक क्षेत्र अँगालेका छोरा, बुहारी दुवै डाक्टर र छोरी-ज्वाइँ पनि अमेरिकातर्फ, अर्का छोरी-ज्वाइँ जापान र कान्छी छोरीको पनि अमेरिका बसाइँ भएकाले उनको परिवार सुखी र खुसी भएको थाहा पाइन्छ ।[३२]

## २.६ सेवा

वि.सं. २०२२ सालदेखि नारी विद्यापीठ, कालिकास्थान, डिल्लीबजार, काठमाडौँबाट केदारनाथ खनालले शिक्षण सेवा आरम्भ गरेको थाहा हुन्छ तर यो सेवा उनको निम्ति फलदायक नभएको पनि जानकारी प्राप्त हुन्छ । त्यसपछि वि.सं. २०२२ साल श्रावणदेखि माघसम्म गोरखापत्र संस्थानमा प्रुफरिडिङ सेवा गरे तर यहाँ पनि उनी लामो समयसम्म रहेनन् । फेरि उनले वि.सं. २०२२ साल फागुनदेखि साझा यातायात काठमाडौँमा सेवा प्रारम्भ गरेको थाहा हुन्छ । वि.सं. २०२५ सालदेखि वि.सं. २०२८ सालसम्म साझा प्रकाशनमा सेवा पुऱ्याएका केदारनाथ खनाल समयको गतिसँगै दौडिरहेका छन् । त्यसमा पनि उनी लामो समय रहन सकेनन् । यसपछि भने उनले निकै लामो समयसम्म एउटै पेसामा लागिरहे । वि.सं. २०२८ साल असोजदेखि शिक्षण सेवामा प्रवेश गरे र उनले २५ वर्षसम्म शिक्षण पेसा अपनाएको जानकारी हुन्छ ।[३३] मा.वि. प्र.अ. द्वितीय श्रेणीमा सेवानिवृत्त भई हाल बालकुमारी कलेज नारायणगढमा प्राध्यापन पेसा अँगालेको थाहा हुन्छ ।[३४] वि.सं. २०३४ सालदेखि चितवन छापाखाना सञ्चालन गरेका र २०४५ सालदेखि चितवन साहित्य परिषद्मा संस्थापक सचिव बनेको पनि अवगत हुन्छ ।[३५]

---

३१ ऐजन ।
३२ ऐजन ।
३३ ऐजन ।
३४ ऐजन ।
३५ ऐजन ।

## २.७ साहित्यिक र सामाजिक क्षेत्रमा प्रवेश

केदारनाथ खनाल बीसको दशकको पूर्वार्धतिरबाटै साहित्यसृजनाकार्यमा लागेका हुन् । वि.सं. २०२३ सालदेखि नै कविता लेख्न थालेका खनाल कविता प्रतियोगितामा सहभागिता जनाएको थाहा हुन्छ । *युवा* नामक कविता प्रकाशन गरेर यिनी नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[३६] यसपछिका दिनमा हालसम्म यिनका चारओटा पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा थुप्रै फुटकर लेख-रचनाहरू प्रकाशित छन् ।

साहित्यसर्जक व्यक्तित्वका अलावा खनाल समाजसेवाको भावबाट अभिप्रेरित सामाजिक व्यक्तित्व पनि हुन् । आफ्नो जीवन व्यक्तिगत स्वार्थपूर्तिमा मात्र नखर्चिई सामाजिक हित, भलाइ र कल्याणमा पनि समर्पण गर्नुपर्छ भन्ने खनालको दृढ अभिमत छ । राष्ट्रका प्रत्येक नागरिक सामाजिक भावले वशीभूत भई आ-आफ्नो क्षमता र योग्यताअनुसार समाजसेवामार्फत् राष्ट्रन्नतिमा क्रियाशील हुनुपर्दछ, यसो भएमात्रै समृद्ध र उन्नत मुलुकको परिकल्पना साकार हुनजान्छ भन्ने उनको राष्ट्रवादी चिन्तन छ ।[३७] यिनै उदात्त र आदर्शमय भावबाट अनुप्राणित भई वि.सं. २०१७ सालमा आफ्नो जन्मस्थल ताक्लुङमा घरमै रहेर हालको सिँजाली मा.वि.मा संस्थापक शिक्षकको रूपमा सक्रिय सहयोग पुऱ्याई केदारनाथ खनालले सामाजिक सेवामा पाइला चालेका हुन् ।[३८] यसपछि पनि थुप्रै साहित्यिक, सामाजिक र शैक्षिक सङ्घसंस्थामा आबद्ध भई समाजसेवाका विभिन्न क्षेत्रमा सक्रियताका साथ क्रियाशील भई खनालले योगदान पुऱ्याइरहेको नै देखिन्छ ।

### २.७.१ साहित्यिक क्षेत्रमा भएका कार्यहरू

केदारनाथ खनालको साहित्यिक क्षेत्रमा रहेको योगदान साँच्चै नै अनुकरणीय र महत्त्वपूर्ण छ । शैक्षिक, सामाजिक र साहित्यिक गरी कार्यक्षेत्र विभिन्न थरी भए तापनि सबै क्षेत्रलाई अत्यन्तै समानान्तर गतिमा खनालले अगाडि बढाइरहेकै छन् । आफ्नै बुवाले मीठो स्वरमा रामायण वाचन गरेको सुनेर, आदरणीय गुरुवर्ग र श्रद्धेय मान्यजनको सकारात्मक सन्देश, आदेश र मार्गनिर्देशन, जीवनजगत्को ऊहापोहको क्रममा देखिने, भोगिने र अनुभव गरिने घटनाक्रम, राष्ट्रियस्तरका अग्रज साहित्यकारहरूका कृतिको अध्ययन र कुनै पनि चीजबीज, प्रकृति र वातावरणको दृश्यावलोकनपश्चात् मनमा पैदा हुने अनुभूतिबाट यिनी

---

३६ ऐजन ।

३७ ऐजन ।

३८ ऐजन ।

साहित्यसृजनकार्यमा लागेको थाहा हुन्छ ।[३९] यसैको प्रतिफलस्वरूप हालसम्म खनालका निम्नानुसारका चारओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् :

(क) **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१)

(ख) **शिक्षा : केही गन्थन केही मन्थन** (शैक्षिक लेखसङ्ग्रह, २०६२)

(ग) **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५)

(घ) **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६)

यसबाहेक शैक्षिक, संस्मरणात्मक एवम् वैचारिक समसामयिक, राजनैतिक विषयवस्तु समेटेर लेखिएका खनालका थुप्रै फुटकर लेखरचनाहरू स्थानीय एवम् राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशन भइसकेका छन् । यसउसले खनालका उपर्युक्त साहित्यिक कृति र फुटकर लेखहरूको लेखनक्रमउपर दृष्टिपात गर्दा उनको लेखनकार्यले निरन्तरता र गतिशीलता प्राप्त गरेको प्रमाणित हुन्छ । त्यसो त चितवन साहित्य परिषद्, चितवनको संस्थापक सचिव, पूर्व अध्यक्ष एवम् हाल सल्लाहकार, रामेश्वर पुस्तकालय, भ.न.पा.-१, क्षेत्रपुर, चितवनको संरक्षक सदस्य भई साहित्यिक सङ्घसंस्थामार्फत् यिनले साहित्योत्थानमा यथेष्ट मद्दत पुऱ्याइरहेको देखिन्छ ।[४०]

यसप्रकार साहित्यका विविध विधामा गरी चारओटा कृति र विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै लेखरचनाहरू प्रकाशनका साथ विभिन्न साहित्यिक सङ्घसंस्थामा समेत क्रियाशील भई नेपाली साहित्यको फाँटमा खनालले योगदान पुऱ्याइरहेको देखिन्छ ।

## २.७.२ सामाजिक क्षेत्रमा भएका कार्यहरू

सदैव सामाजिक भावले ओतप्रोत भइरहने केदारनाथ खनालको दिनचर्याको साङ्गोपाङ्ग क्षेत्रलाई नै सामाजिक सेवाअन्तर्गत राख्दा पनि त्यति फरक परोइन कारण जीवन गुजाराको क्रममा जागिरे भए पनि जागिरको समयभन्दा बाँकी समय उनी कुनै न कुनै सामाजिक गतिविधिमा सरिक भइहाल्छन् । धेरै सामाजिक सङ्घसंस्थामा आबद्ध खनालले आफ्नो सरल, शिष्ट, भावुक र उदार व्यक्तित्वलाई सामाजिक सङ्घसंस्थामार्फत् अझ उद्दीप्त पार्दै अगाडि बढाइरहेको पाइन्छ ।[४१]

बाल्यकालदेखिकै खनालको सामाजिक क्रियाकलापलाई यहाँ अभिलेखीकरण गर्न सम्भव नभए तापनि सिँजाली मा.वि., ताक्लुङ-२, गोरखाको संस्थापक शिक्षक रही त्यसको स्थापनार्थ

---

३९ ऐजन ।

४० ऐजन ।

४१ ऐजन ।

उनले ज्यादै ठूलो योगदान पुऱ्याएको प्रसङ्गबाट पनि उनको सामाजिक क्षेत्रप्रतिको रुचि र लगावको चर्चा गर्न सकिन्छ । त्यस्तै डेबौली मिडिल स्कुल, बकुलहरमा पुस्तकालय स्थापनामा समेत पुऱ्याएको उनको योगदान पनि त्यत्तिकै उल्लेखनीय भएको कुरा उनीबाटै जानकारी मिल्छ ।[४२]

सामाजिक कार्यमा लाग्दा कतै सफलता त कतै असफलता हात लागे पनि यसपछिका दिनमा पनि उनी थुप्रै सामाजिक सङ्घसंस्थामा आबद्ध भई आफ्नो सामाजिक व्यक्तित्वलाई उत्तरोत्तर विकसित र सार्थक पार्दै आइरहेका छन् । केदारनाथ खनाल संलग्न भएका सङ्घसंस्था यसप्रकार रहेका छन्[४३] :

(क) सामुदायिक सेवाकेन्द्र, भरतपुर-१०, चितवनको अध्यक्ष ।

(ख) सामुदायिक सेवाकेन्द्र जिल्ला समन्वय समिति, चितवनको अध्यक्ष ।

(ग) उपभोक्ता समिति कृष्णपुर जग्गा एकीकरण आयोजना, भ.न.पा.-७, चितवनको अध्यक्ष ।

(घ) खनाल सेवा समिति, केन्द्रीय कार्यसमितिको महासचिव ।

(ङ) चितवन साहित्य परिषद्, चितवनको संस्थापक सचिव, पूर्व अध्यक्ष एवम् हाल सल्लाहकार ।

(च) हिलबर्ड आ.मा.वि.को संस्थापक अध्यक्ष ।

(छ) इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी भरतपुरको संस्थापक अध्यक्ष ।

(ज) युनिक एकेडमी, रत्ननगर चितवनको संस्थापक अध्यक्ष ।

(झ) सिँजाली मा.वि., ताक्लुङ-२, गोरखाका संस्थापक शिक्षक ।

(ञ) टोल विकास संस्था, अस्पतालरोड, भरतपुर-१०, चितवनको पूर्वअध्यक्ष – सल्लाहकार समिति संयोजक ।

(ट) मनशिक्षा मन्दिर आ.मा.वि., बसेनीको संस्थापक अध्यक्ष ।

(ठ) ताक्लुङ सरोकार मञ्च, गोरखाको संयोजक सल्लाहकार समिति ।

(ड) हरि सांस्कृतिक केन्द्र, गोरखाको सदस्य ।

(ढ) मनकामना क्षेत्र विकास समिति, गोरखाको सदस्य ।

---

४२ ऐजन ।

४३ ऐजन ।

(ण) निवृत्त शिक्षक समाज, चितवनको सल्लाहकार ।

(त) मुद्रण उद्योग सङ्घ, चितवनको सल्लाहकार ।

(थ) नेपाल स्काउट, चितवनको सल्लाहकार ।

(द) सामुदायिक विजय एफ्.एम्. रेडियो, गैँडाकोटको सल्लाहकार ।

(ध) त्रि.वि. प्राध्यापक सङ्घ, एकाइ समिति बालकुमारी कलेजको पूर्वसदस्य ।

(न) मृगस्थली आ.मा.वि. सञ्चालक समितिको पूर्वसदस्य ।

(प) नेपाली विषयशिक्षण समिति, त्रि.वि.को सदस्य ।

(फ) जिल्ला शिक्षा कार्यालय, चितवनको सदस्य पाठ्यक्रम समन्वय समिति ।

(ब) शिक्षा समिति, उद्योग वाणिज्य सङ्घ-चितवनको सदस्य ।

(भ) रामेश्वर पुस्तकालय, भ.न.पा.-१, क्षेत्रपुर, चितवनको संरक्षक सदस्य ।

(म) नेपाल नेत्र ज्योति सङ्घ, चितवन (भरतपुर आँखा अस्पताल) को आजीवन सदस्य एवम् कार्यसमिति सदस्य ।

(य) नेपाल रेडक्रस सोसाइटी, नेपाल परिवार नियोजन सङ्घ, नेपाल हृदय रोग निवारण प्रतिष्ठान, नेपाल क्षयरोग निवारण सङ्घ, सामुदायिक सेवा केन्द्र भरतपुर, नारायणी कला मन्दिर नारायणगढको आजीवन सदस्य ।

त्यसैगरी केही सामाजिक सङ्घसंस्थामा आबद्ध भए पनि ती संस्थाहरूमा रही काम गर्ने उनको उद्देश्य एवम् लक्ष्य कार्यव्यस्ततालगायत विविध कारणले साकार नभएको पाइन्छ । यसपछिका दिनहरूमा भने खनाल विभिन्न सामाजिक, साहित्यिक र शैक्षिक सङ्घसंस्थामा रही समाजसेवामा क्रियाशील भइरहेकै देखिन्छन् ।

## २.८ रुचि

सादा जीवन उच्च विचारप्रति आस्था राख्ने खनाल खानामा साधारण दालभात, साँधेको गुन्द्रुक, भट्टमास, च्याउको रस, चिया र भुटेको मकै मन पराउँछन् ।[४४] कपडा पहिरनमा साधारण सर्टपाइन्ट र नेपाली ढाकाटोपी मन पराउँछन् ।[४५] यसैगरी प्राकृतिक सौन्दर्यस्थल,

४४ ऐजन ।

४५ ऐजन ।

पुरातात्त्विक र ऐतिहासिक महत्त्वका ठाउँहरू भ्रमण गर्न, दृश्यावलोकन गर्न उनी साह्रै मन पराउँछन् ।[४६]

उपर्युक्त रुचिका अलावा वर्तमान समयमा यसो फुर्सद मिल्नासाथ साहित्यिक पुस्तक र पत्रपत्रिकाहरू पढ्ने र लेखनकार्यमा लागिरहने खनालको विशेष अभिरुचि देखिन्छ । साहित्यमा कविताका अतिरिक्त गजल र फुटकर लेखहरू सृजनामा उनी क्रियाशील देखिन्छन् । रात्रिको शान्त र एकान्त वातावरणमा बसेर सृजनाहरू कोर्ने कुरा उनीबाट जानकारी मिल्छ ।[४७]

## २.९ अविस्मरणीय घटना

मनुष्यको जीवनयापनको दौरानमा कहिलेकाहीँ यस्ता घटनाहरू आउँछन् जुन घटनाक्रमले व्यक्तिको मनस्थितिमा लामो समयसम्म प्रभाव पारिरहेको हुन्छ । व्यक्तिविशेषको जीवनमा विभिन्न समयमा भिन्नभिन्न किसिमले असाधारण रूपमा घट्ने घटनाहरू वास्तवमा जीवनभरका लागि अविस्मरणीय नै हुने गर्दछन् । यहाँ केदारनाथ खनालका जीवनमा घटेका यस्तै खालका धेरै अविस्मरणीय घटनाहरूमध्ये महत्त्वपूर्ण दुईओटा घटनाहरू समावेश गरिएका छन् ।

केदारनाथ खनालका मावली कान्छा बाको डुङ्गा तार्न जाँदा पानीमै डुबेर मृत्यु भएछ । खनालमा डुङ्गा ख्याउने सौख भएको हुनाले उनी कान्छा बासँगै बिदाको दिन डुङ्गा तार्न जाँदा रहेछन् । अर्थात डुँडे, मझुवा नामको खेत कमाउनेले पालैपालो ज्यामिरेघाट चलाउनुपर्ने रहेछ । हप्ताहप्ता दिनको पालो रहेछ । आफ्नो पालोमा कान्छा बा डुङ्गा तार्न जानुहुँदोरहेछ । त्यसैबखत उहाँको पछिपछि बिदाको दिन उनी पनि गएछन् । अचानक डुङ्गा तार्न लाग्दा कान्छा बाको पानीमै डुबेर मृत्यु भएछ यो पीडादायी घटना नै आफ्नो जीवनको सबैभन्दा दु:खद घटना भएको खनालबाट अवगत हुन्छ ।[४८]

## २.१० भ्रमण

मातृभूमिको सबै भूभागप्रति अत्यन्तै प्रेम दर्साउने केदारनाथ खनालले समय, परिस्थिति, स्रोत र साधनको अभावमा मुलुकको सबै क्षेत्रमा पुग्न नसके पनि मेचीदेखि महाकालीसम्मका तराई भागमा पर्ने प्राय: पूरै जिल्ला र केही पहाडी जिल्लाहरूको समेत भ्रमण गरेका छन् ।

---

४६ ऐजन ।

४७ ऐजन ।

४८ ऐजन ।

भारतको दिल्लीका कुतुमिनार, चिडियाखाना, हिन्दू मन्दिर, गुलाफ मन्दिर, इन्दिरा गान्धी, अन्तर्राष्ट्रिय विमानस्थल आदिको भ्रमण र अवलोकन गरेका छन् । त्यसैगरी भारतकै गोन्डा, बहराइज, मुजफ्फरपुर, लखनऊ, मथुरा, वृन्दावन, पटना, गोरखपुर, कलकत्ता, पुट्टपर्त्ती, राजस्थान, मधुवन, दार्जीलिङ, बेङ्गलोर आदि ठाउँमा पनि पुगेका छन् । अन्य राष्ट्रहरूको भ्रमण गर्ने क्रममा खनाल जापान, जर्मनी र संयुक्त राज्य अमेरिकासम्म पुगेका छन् ।[४९]

## २.११ सम्मान तथा पुरस्कार

नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गरिरहेका केदारनाथ खनालको साधना र साहित्यसेवाको यथोचित कदर भएकै पाइन्छ ।

नारायणी मा.वि. भरतपुर सञ्चालक समिति, जिल्ला शिक्षा समिति चितवन २०३८ र राष्ट्रिय शिक्षा समिति २०४४, शिक्षा मन्त्रालयद्वारा पुरस्कृत, सम्मानित एवम् पदक प्राप्त गरेका खनाल आदर्श युवा क्लब, पूर्व रामपुरबाट वि.सं. २०५० सालमा 'स्रष्टा सम्मान', अभिव्यञ्जना साहित्य प्रतिष्ठान, चितवनबाट वि.सं. २०६२ सालमा अभिव्यञ्जना साहित्य सम्मान, 'वाल्मीकि साहित्य सदन', रत्ननगर, चितवनबाट वि.सं. २०६२ सालमा वाल्मीकि साहित्य सम्मान, कालिका एफ्.एम्., भरतपुर, चितवनबाट वि.सं. २०६३ सालमा कालिका स्रष्टा सम्मान, जि.शि.का. स्रोतकेन्द्र, लङ्कू, भरतपुर-१०, चितवनबाट वि.सं. २०६४ सालमा विशिष्ट शैक्षिक योगदान सम्मानपत्र, चितवन साहित्य परिषद्, चितवनबाट वि.सं. २०६५ सालमा चिसाप प्रतिभा सम्मान, गोरखाबाट वि.सं. २०६५ सालमा हरि उत्कृष्ट प्रतिभा पुरस्कार, नुवाकोट साहित्य प्रतिष्ठान, नेपालबाट वि.सं. २०६६ सालमा महामण्डल साहित्य सम्मान, नेपाल स्काउट, जिल्ला स्काउट कार्यालय, चितवनबाट वि.सं. २०६६ सालमा नेपाल स्काउट सम्मान-पत्र, चितवन युवा समूह, दोहा, कतारबाट समेत वि.सं. २०६६ सालमा स्रष्टा सम्मान गरेको देखिन्छ ।

## २.१२ प्रेरणाको स्रोत

जीवनरूपी रथलाई समयसँगै अगाडि बढाउँदै लैजाने क्रममा कुनै पनि मानिसलाई हरेक क्षेत्रमा अघि बढ्न महान् व्यक्तिहरू, अभिभावकहरू तथा गुरुहरूको नितान्त आवश्यकता पर्दछ नै । वातावरणमा मनुष्यले उचित मार्गनिर्देशन र प्रेरणा प्राप्त गर्ने अवसर पायो भने मात्र उसमा अन्तर्निहित क्षमता र ऊर्जा प्रस्फुटित हुने मौका पाउँछ र ऊ अझै खारिएर, माझिएर र

---

४९ ऐजन ।

सशक्त पाराले मौलाएर झ्याँङ्गिदै जान्छ । केदारनाथ खनाल पनि वर्तमान अवस्थासम्म आफू आउन र स्थापित हुनाको मुख्य श्रेय आफ्नै पिताजी, साहिला बा शिवप्रसाद र माहिला बा तुलसीप्रसादलाई पनि दिन्छन् । यसैगरी पहाडघर ताक्लुङमा शैशवावस्थामा बुवाले रामायण, महाभारत, विश्वजीत लीला, विवाहलीला, उपदेशमञ्जरी आदि पुस्तकहरू लय हालेर वाचन गरेको सुनेर उनी निकै प्रभावित भएको थाहा पाइन्छ । त्यस्तै राष्ट्रियस्तरका स्थापित साहित्यकारहरूसँग भेट्ने, क्षेत्रप्रताप अधिकारी, कविवर माधव घिमिरे, फणिन्द्रमणि आचार्य, पं. लोकनाथ रेग्मी, गुरु चोलानाथ भट्टराई, परशु प्रधान, केदारमान अमात्यलगायत थुप्रै साहित्यकारहरूको सङ्गतले र तत्कालीन परिवेशले पनि प्रभाव पारेको अवगत हुन्छ ।[५०]

## २.१३ चिन्तन, विचार र दर्शन

केदारनाथ खनाल जतिखेर पनि केही कुरा सोचिरहने, सानाभन्दा साना घटनाबाट पनि प्रभावित भइरहने, कुनै कुराको गम्भीर सोचाइमा लागिरहने, अनेकानेक तर्कवितर्कको उच्छ्वासमा आफूलाई चुर्लुम्म डुबाइरहने, हृदयलाई प्रभाव पार्ने कुनै पनि विषय वा घटनाविशेषबाट पग्लिएर प्रवाहित भइरहनेजस्ता भावुक र संवेदनशील चिन्तक हुन् ।[५१] केदारनाथ खनाल परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुणका साथै राष्ट्रवादी विचारका धनी व्यक्ति हुन् ।[५२] केदारनाथ खनालको व्यक्तित्वको आदर्श र अनुकरणीय पाटा साँच्चै नै सबैका निम्ति प्रेरणाको स्रोत हुन्छ भन्दा कुनै अत्युक्ति हुँदैन ।[५३]

मानिस सामाजिक प्राणी भएकाले भौतिक, सांस्कृतिक, प्राकृतिक र मानवीय क्रियाकलापको अन्तर्क्रियामा उसको जीवन सञ्चालन भइरहेको हुन्छ । यही उपक्रममा विभिन्न आस्था, मान्यता, दृष्टिकोण, संस्कारादिबाट प्रत्यक्ष वा परोक्ष रूपमा अवश्यमेव मानिस प्रभावित हुन्छ । यो सिद्धान्त स्वाभाविक र शाश्वत पनि हो । वास्तवमा भन्नुपर्दा कुनै व्यक्ति कुन र कस्तो खालको चिन्तन, विचार र दर्शनबाट प्रभावित हुन्छ, उसको जीवनदृष्टि र व्यवहारमा पनि त्यसकै प्रतिबिम्ब झल्कनु कुनै नौलो कुरो होइन । जीवनजगत्का भौतिक र भावात्मक तत्त्वसँग कुनै पनि व्यक्तिमा निहित गुण, बुद्धि, विवेक, सोचाइ, प्रभाव र आचरणादिले पक्कै पनि अन्योन्याश्रित सम्बन्ध राख्दछ र त्यसकै प्रतिक्रियास्वरूप निष्पन्न हुने प्रवाह वा धारमा व्यक्ति विचरण गर्न पुग्दछ ।[५४]

---

५० सीताराम कोइराला (सम्पा.), **संवादमा स्रष्टाहरू**, (काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४), पृ. ११२ ।

५१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

५२ गोविन्दराज विनोदीबाट प्राप्त जानकारीअनुसार ।

५३ ऐजन ।

५४ ऐजन ।

समाजमा विद्यमान धार्मिक, सांस्कृतिक, नैतिक, ऐतिहासिक, आर्थिक, सामाजिक, वैचारिक, प्राकृतिक, राजनैतिक, सामयिक आदि मान्यताबाट प्रभाव ग्रहण गर्दै व्यक्ति गतिशील भइरहन्छ । यो उसको नैसर्गिक विशेषता हो । समाज र प्रकृतिमा झैँ मानिसको वैयक्तिक र सामाजिक जीवनचक्रमा अन्त:सम्बन्धात्मक मेल सङ्घर्ष र सम्झौताको उपक्रम चलिरहन्छ । यसले उसलाइ अवच्छिन्न गतिशील, क्रियाशील र परिवर्तनशील बनाइरहन्छ । यो अन्तर्द्वन्द्व चलेन भने जीवन सार्थक, गतिशील र कर्मशील हुँदैन र निरर्थकताको भुँमरीमा रुमल्लिनु सिवाय कुनै विकल्प नरहने केदारनाथ खनालको चिन्तन रहेको छ ।[५५] अरूको दोषमात्र कोट्याएर अमूल्य समयलाई खेर फाल्नुभन्दा आत्मालोचनामार्फत् आफूलाई आवश्यक शुद्धीकरण गरी समाजको अनुकरणीय व्यक्तिको रूपमा स्थापित हुन सबैले प्रयत्न गर्नुपर्दछ भन्ने विचार खनालमा रहेको पाइन्छ ।[५६] समाजसेवाको पवित्र भावबाट अनुप्राणित भई व्यक्तिले स्वयम्लाई समर्पण गर्दै अनित्य मनुष्य चोलालाई सार्थक पारी आदर्शजीवन व्यतीत गर्नु नै मानवको लागि श्रेयष्कर र उपलब्धिपूर्ण हुन्छ भन्ने खनालको ठहर छ ।[५७]

खनाल भावुक, कोमलहृदयी, अन्तर्मुखी र चिन्तनशील व्यक्तित्वका रूपमा देखापर्दछन् । उनी सामाजिक हित र भलाइमा लागिरहने आदर्श व्यक्तिका रूपमा प्रस्तुत भइरहेको पाइन्छ । अरूको दोषमात्र देखाएर समय खेर फाल्नुभन्दा व्यक्तिले स्वयम्लाई पहिचान गर्दै नकारात्मक सोचबाट पृथक् रही सृजनात्मक र रचनात्मक कार्य गरी सन्मार्गमा अभिप्रेरित हुनुपर्ने विचारका रूपमा खनाल देखापर्दछन् ।

## २.१४ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनचक्रमा आएका विभिन्न घुम्ती, मोड, उतारचढाव, आरोहअवरोहादि घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै जीवनी हो । समाजमा रहेका अनुकरणीय व्यक्तिहरूले समाज र सिङ्गो मानवसमुदायलाई नै विभिन्न प्रकारका उल्लेखनीय र प्रशंसनीय योगदान दिइरहेका हुन्छन् यसउसले कुनै पनि व्यक्तिको जीवनको अध्ययन-अनुसन्धान गर्ने सिलसिलामा उनीहरूबाट भएगरिएका महनीय योगदानको कदर गर्दै उसको जीवनका समग्र पाटाहरूलाई केलाउने, खोजबिन गर्ने र विश्लेषण गर्ने काम गरिन्छ । यसै वृत्तमा रहेर यहाँ साहित्यकार केदारनाथ खनालको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ ।

साहित्यकार केदारनाथ खनालको पुर्ख्यौली थलो वाक्लुङ-२, गोरखा मानिन्छ । पिता भोगप्रसाद खनाल र माता देवमाया खनालका कोखबाट वि.सं. २००१ कार्तिक ७ गते

---

५५ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

५६ भागवतशरण न्यौपानेबाट प्राप्त जानकारीअनुसार ।

५७ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

गोरखाको भूमिमा जन्म लिएका खनालले आफ्ना बालसखा साथीभाइहरूसँग ताक्लुङकै सेरोफेरोका गाउँबेसी, भीरपाखा, वनजङ्गल, गैह्रीटार, खोलानाला, डाँडाकाँडा, देउराली-चौतारी, भञ्ज्याङ, पानी-पँधेरो, गाईगोठसँग मितेरी गाँस्दै, खेल्दै, रमाउँदै आफ्नो बाल्यकाल बिताएका थिए । खनाल ताक्लुङ-२, गोरखाबाट बसाइँसराईको क्रममा भरतपुर-१०, चौबीसकोठी, अस्पतालरोड, चितवनमा बसोबास गर्दैआएका छन् ।

आफ्ना पिता स्व. भोगप्रसादबाट ताक्लुङमै सामानय अक्षर चिन्ने प्रयास भएपछि प्रारम्भिक शिक्षा पनि घरमा नै प्राप्त गरे । त्यसपछि बन्दीपुर, काठमाडौँ, भारत-जब्बलपुर, कटनी, वनारसहुँदै पुन: काठमाडौँमा अध्ययन गरी उनले संस्कृतमा नव्यव्याकरण मध्यमासम्म र ताहाचल काठमाडौँबाट एम्.एड्.सम्मको उपाधि प्राप्त गरेका छन् ।

गोरखा हर्मीमा बसोबास गर्ने कलावतीसँग वि.सं. २०२९ सालमा वैवाहिक बन्धनमा बाँधिएका खनालका एक छोरा र तीन छोरी रहेका छन् । वि.सं. २०२२ सालदेखि सेवामा लागेका खनाल वि.सं. २०२८ सालदेखि शिक्षण पेसा आरम्भ गरी २५ वर्षसम्म शिक्षण पेसामा आबद्ध भई सेवानिवृत्त भएपछि हाल बालकुमारी कलेज, नारायणगढमा प्राध्यापन पेसा अँगालेका छन् । सानो उमेरमा विशेषत: पौडी खेल्न रुचि राख्ने खनाल पछिल्ला उमेरसँगसँगै साहित्यप्रति अभिरुचि राख्दै कुशल स्रष्टा र निष्पक्ष द्रष्टाका रूपमा देखापरेका व्यक्ति हुन् ।

वि.सं. २०२३/२४ सालतिर काठमाडौँबाट *युवा* कविता र *वीरे* कथा लिएर नेपाली साहित्यको क्षितिजमा उदाएका केदारनाथ खनालको हालसम्म क्रमश: **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह), **शिक्षा : केही गन्थन केही मन्थन** (शैक्षिक लेखसङ्ग्रह), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह) गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । **सांस्कृतिक लेखहरू** (निबन्धसङ्ग्रह), **भाषिक र समीक्षात्मक लेखहरू** (निबन्धसङ्ग्रह) चाहिँ प्रकाशोन्मुख अवस्थामा छ ।

अन्याय, अत्याचार, बेथिति, गैरजिम्मेवारीपूर्ण क्रियाकलाप पटक्कै देख्न नसक्ने, समाजका विकृति र विसङ्गतिविरुद्ध विद्रोहको ज्वाला दन्काइहाल्ने, समसामयिक वस्तुस्थितिप्रति आफ्नो अभिमत प्रकट गरिहाल्ने समाजमा रहेका निमसरा, निमुखा, दीनहीन वर्गप्रति सहानुभूतिको भाव प्रदान गर्ने, भावुक र संवेदनशील प्रवृत्तिका खनालले साहित्यिक मात्र नभएर विभिन्न शैक्षिक र सामाजिक सङ्घसंस्थाहरूमा समेत सेवा पुऱ्याई आफ्नो बहुआयामिक व्यक्तित्वको पाटोलाई अझ उचाइमा पुऱ्याएका छन् । विभिन्न सामाजिक सङ्घसंस्थामा सम्बद्ध भएकाले अति व्यस्ततापूर्ण जीवनशैली, घरायसी कामधन्दाको टन्टो, जागिरे पेसाको उत्तरदायित्वजस्ता विविध परिबन्द र व्यवधानका बावजुद पनि निरन्तर साहित्यसृजनामा क्रियाशील केदारनाथ खनाल चितवनका जुझारु, कर्मठ, जल्दाबल्दा र आशालाग्दा साहित्यकार हुन् ।

# तेस्रो परिच्छेद
# साहित्यकार केदारनाथ खनालको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता वा व्यक्तिविशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[१] कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ ।[२] सामाजिक धरातलमा प्रतिष्ठित र परिचित गराउने क्षेत्र वा विषयको विशिष्ट वा प्रसिद्धिको गुणविशेषलाई पनि व्यक्तित्व मान्न सकिन्छ ।[३] कुनै पनि प्रकारको शक्तिभित्र निहित परिस्थितिअनुकूल सञ्चालन हुनसक्ने शक्तिले नै प्रत्येक क्षण्मा नवीन खालको दृष्टिकोण व्यक्त गर्दछ । व्यक्तिभित्रको यही शक्ति वा प्रतिभालाई व्यक्तित्व भनिन्छ ।[४] कुनै पनि परिस्थितिसँग सम्झौता गर्ने क्रममा व्यक्तिविशेषले गाउँ, समाज र सिङ्गो राष्ट्रमा छाड्ने उसको प्रतिभा र क्षमताको गहन, स्पष्ट र सारगर्भित छापलाई नै व्यक्तित्व भनिन्छ ।[५]

---

१ बालकृष्ण पोखरेल, (नि.), **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०, पुनर्मुद्रण : २०५५), पृ. १२४५ ।

२ रामचन्द्र ढुङ्गाना, (सम्पा.), **सङ्क्षिप्त नेपालीकोश**, पाँचौं संस्क., (काठमाडौँ : साझा प्रकाशन, २०५७), पृ. १८५ ।

३ मेघनाथ दुवाडी, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. २२ ।

४ अरुणविलास अधिकारी, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५७), पृ. २१ ।

५ गङ्गाकुमारी (सुवेदी) भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ३० ।

यिनै विभिन्न मान्यता र दृष्टिकोणका आधारमा मानिसले सामाजिक परिवेशमा जिउने क्रममा कुनै पनि क्षेत्रमा विशिष्टता हासिल गर्दछ । अझ यसो भनौँ, जीवनजगत्का कुनै एक क्षेत्र वा विविध क्षेत्रमा एउटै व्यक्तिको संलग्नता पनि हुने गर्छ । ती क्षेत्रहरू नै व्यक्तिको व्यक्तित्वअन्तर्गतका विविध पाटाहरू हुने गर्दछन् । मुख्य कुरा त के भने कुनै व्यक्तिमा अन्तर्निहित दक्षता, अभिरुचि, अनुराग, साधना, बौद्धिकता, विचार, इच्छा, प्रतिभा, कार्यक्षेत्र र निरन्तर लगनशीलता नै व्यक्तित्व निर्धारणका तत्त्वहरू मानिन्छन् । हरेक व्यक्तिको व्यक्तित्व निर्माणमा सम्बन्धित व्यक्तित्वकै जीवनभोगाइको क्रममा आइपर्ने अनेक प्रकारका परिस्थिति, घटना, आरोह-अवरोह, उतारचढाव, क्रिया-प्रतिक्रिया, घात-प्रतिघात, चाप-प्रतिचाप, मोड-प्रतिमोड आदिजस्ता चक्रहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्ति रहेको बाँचेको जीवनको परिवेश/पृष्ठभूमि, पारिवारिक वातावरण, सामाजिक-सांस्कृतिक रुचि, पेसा, शिक्षादीक्षादिले पनि व्यक्तित्व निर्माणमाा उल्लेखनीय योगदान पुऱ्याइरहेका हुन्छन् । कुनै एक व्यक्तिमा कम्तिमा पनि एक न एक खालको व्यक्तित्व त हुन्छ नै वा धेरै खालको व्यक्तित्व पनि हुनसक्छ । व्यक्तिको परिचायक तत्त्व भन्नु नै व्यक्तित्व हो र यसैको आधारमा समाजमा ऊ चिनिएको हुन्छ । जुनसुकै व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई किसिमका व्यक्तित्व हुन्छन् । यिनै दुई व्यक्तित्वलाई नै मूलभूत व्यक्तित्व मानिन्छन् । बाह्यव्यक्तित्व प्रारम्भिक आकर्षणको आधार बनेर आए पनि आन्तरिक व्यक्तित्वले नै कुनै पनि व्यक्तिलाई समाजमा स्थापित र सम्मानित हुन अहम् भूमिका निर्वाह गरेको हुन्छ । भौतिक रूपमा देखिने व्यक्तित्व भौतिक रूप हो भने व्यक्तिको जीवनको अन्तदर्शनबाट प्रस्फुटित र पल्लवित व्यक्तित्व आन्तरिक व्यक्तित्व हो । आन्तरिक क्षमताबाट नि:सृत आन्तरिक व्यक्तित्वबाट व्यक्ति समाजमा परिचित हुने हुनाले आन्तरिक व्यक्तित्वलाई नै वास्तविक परिचायक तत्त्व मान्न सकिन्छ ।

सबै व्यक्तिमा अनेक प्रकारका विशेष व्यक्तित्वहरू नभई केही विशिष्ट व्यक्तिमा मात्र यस खालका प्रतिभाहरू हुन्छन् । यिनै विशिष्ट व्यक्तिहरूमध्येका एक हुन् साहित्यकार केदारनाथ खनाल । त्यसैले यहाँ उनको बाह्य र आन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट हेरिएको छ ।

## ३.२ बाह्यव्यक्तित्व

बाहिरबाट झट्ट हेर्दा देखिने साङ्गोपाङ्ग जिउडालको भौतिक संरचना नै कुनै पनि मनुष्यको बाह्यव्यक्तित्व हो । केदारनाथ खनालको आन्तरिक व्यक्तित्वसँगै बाह्यव्यक्तित्व पनि निकै आकर्षक देखिन्छ । छैसठ्ठी वर्षको उमेर, पाँच फिट चार इन्चको उचाइ र लगभग सत्तरी कि.ग्रा. तौल शरीर सुहाउँदो ठिक्कको मोटाइ, अग्लो सर्लक्क परेको शरीर, गहुँगोरो वर्ण,

कपाल सेतै फुलेको, फुकेको छाती, उज्यालो मुखमण्डल, सुहाउँदो नाक, भावपूर्ण आँखा, सर्टपाइन्ट र ढाकाटोपीको साधारण पहिरनमा रहने, नम्र र मृदुभाषी, गम्भीर चिन्तनशील स्वभाव, चुस्त र स्फूर्तिलो ज्यान आदि पक्ष नै केदारनाथ खनालको शारीरिक परिचायक तत्त्व हुन् ।[६] बाहिरबाट हेर्दा तन्दुरुस्त र हट्टाकट्टा त देखिन्छन् नै साथै त्यस्तो खालको खासै ठूलो दीर्घरोगबाट उनी आक्रान्त पनि छैनन् । यति हुँदाहुँदै पनि बढी चिल्लो, पिरो र चिसो खानेकुरा वा चिस्यानयुक्त वातावरणले आक्रमण गऱ्यो भने सामान्य रूपमा घाँटी भने खसखसाइरहने जानकारी खनालबाट पाइन्छ ।[७]

अरूसँग कुराकानी गर्दा बडो ध्यानपूर्वक सुन्ने अनि बिस्तारै-बिस्तारै त्यससम्बन्धी आफ्नो कुरा पनि राखिहाल्ने हुनाले जोसुकै पनि केदारनाथ खनालसँग बातचित गर्दा पहिल्यै प्रभावित भइहाल्छन् । यसउसले कुनै पनि नयाँ व्यक्तिले उनीसँग कुरा गर्दा सङ्कोच मान्नु, हिच्किचाउनु वा सकस मान्नुपर्ने अवस्था देखिँदैन । यति भएर पनि अलि उमेरले डाँडा काट्दै गएर हो वा अरू के ले हो आजभोलि कहिलेकाहीँ भने सानो कुराले पेच पऱ्यो भने पनि हल्का रिस उठ्ने प्रवृत्तिको विकास हुन थालेको भन्ने जानकारी पाइन्छ ।[८] अत्यन्त सोझो, सरल, शिष्ट, भलाद्मी र निष्कपट व्यवहारका साथै देखेका कुरा प्वाक्क भनिहाल्ने बानीब्यहोराले खनालको बाह्यव्यक्तित्वलाई अझ उचाइमा पुऱ्याएको छ । उनको बाह्यव्यक्तित्वको बारेमा बालकुमारी कलेजमा उनीसँगै कार्य गर्ने उनका सहकर्मी राजकृष्ण कँडेलका विचारमा पनि उनी यस्तै नै छन् ।

सादा जीवन र उच्च विचार राख्ने साहित्यकार केदारनाथ खनाल मुसुमुसु हाँस्ने उज्यालो चेहराका देखिन्छन् । धेरै सोचेर थोरै बोल्ने स्वभावले गर्दा आफ्नो बोलीमा दृढ र अडिग रहने विशेष व्यक्तित्व उनमा पाइन्छ । झट्ट हेर्दा उनी केही न केही सोचिरहेजस्तो गम्भीर र संवेदनशील स्वभावका देखिन्छन् ।[९]

छैसठ्ठी वर्षका पाँच फिट चार इन्च उचाइ, शरीरानुकूल मोटाइ, अग्ला, गहुँगोरा, हँसिलो चेहरा, भावपूर्ण नयनका साथै प्रायः सामान्य खालका सर्टपाइन्ट र ढाकाटोपीको पहिरनमा देखिने मृदुभाषी र नम्र प्रवृत्तिका खनालको बाह्यव्यक्तित्व साँच्चिकै आकर्षक पाइन्छ । अरूसँग भलाकुसारीको क्रममा सरल र मिजासिलो पाराले प्रस्तुत हुने, अरूको कुरा ध्यान दिएर सुन्ने र क्रमशः आफ्ना भनाइहरू पस्कँदै जाने प्रवृत्तिका खनालसँग जोसुकै पनि

---

६ शोधकर्ताको अवलोकनबाट प्राप्त जानकारी ।

७ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

८ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

९ शोधनायकका सहकर्मी राजकृष्ण कँडेलसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

पहिल्यै प्रभावित भइहाल्ने देखिन्छ । त्यस्तै भलाद्मी, शिष्ट, सरल र निष्कपट चारित्रिक विशेषताले गर्दा पनि उनको बाह्यव्यक्तित्व थप प्रशंसनीय देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, क्षमता वा विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ । समाजमा नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले समाजमा भोगेका, सुनेका, देखेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ त्यसकै पार्श्ववर्ती सेरोफेरोमा उसको व्यक्तित्व बन्दछ । यसै सन्दर्भमा केदारनाथ खनालको समग्र व्यक्तित्वउपर दृष्टिपात गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । केदारनाथ खनालले आजसम्म नेपाली साहित्यको श्रीवृद्धिमा कति सेवा पुऱ्याए तथा समाज र राष्ट्रोत्थानमा के-कति योगदान पुऱ्याए भन्ने कुरा बुझ्नको निम्ति उनका जीवनका विभिन्न आयाम वा पाटाहरूको अध्ययन हुनु ज्यादै आवश्यक छ । यदि यो नभए उनको सेवा र योगदान त्यसै ओझेलमा परी हराउन सक्छ । यसैले उनका आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा बाँडी यसरी प्रस्तुत गरिएको छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

हृदयभित्रका तरङ्गलाई लिपिबद्ध रूपमा उतार्नु साहित्य हो र जीवनजगत्मा घट्ने यथार्थपरक घटनासँग घुलमिल भएर समाजमा भएदेखिइएका असमानता, व्यभिचार, अत्याचार, उत्पीडन आदिका साङ्ला तोड्न ती तरङ्ग प्रयोग गर्नुपर्दछ भन्ने विचारका केदारनाथ खनाल नेपाली साहित्यसाधनामा समर्पित व्यक्तित्व हुन् ।[१०] जीवनजगत्का विविध विषय समेटेर काल्पनिकताको जलप लगाउँदै तयार पारिएका सुन्दर अभिव्यक्तिहरू नै साहित्य हो भन्ने केदारनाथ खनाल विशेषगरी साहित्यसिर्जनाको प्रेरणा आफ्नै पिताले रामायण, महाभारत आदिका अंशहरूलाई लय हाली वाचन गरेकोबाट उनी साहित्यसृजनामा लागेका हुन् ।[११] कविताविधाबाट लेखनकार्य आरम्भ गरेका उनी पछि गएर गीत, गजल, समीक्षात्मक लेखसङ्ग्रह निबन्ध, नियात्राजस्ता विविध साहित्यिक विधामा पनि त्यत्तिकै क्रियाशील देखिएका छन् । साहित्ययात्राको प्रथम तथा आभ्यासिक चरणमा यिनले फाट्टफुट्ट कविताहरू लेखेका,

१० कपिल अज्ञात, *यात्राका स्पन्दनहरूभित्र चन्दनयुक्त पक्षको आकलन,* **चितवन पोस्ट**, (श्रावण ४ गते शनिबार, २०६५), पृ. २ ।

११ ऐजन ।

अवसर जुरे वाचनसम्म पनि गरेका, अन्यथा खेस्रा त्यसै हराएर जाने परीक्षा सकिएपछिका पढाइका नोटजस्तै भएको खनाल स्वयम्बाट अवगत हुन्छ ।[12]

जीवनको ६० वसन्त पार गरेपछि साठीको दशकमा केदारनाथ खनालका कृतिहरू धमाधम प्रकाशित हुन थालेको पाइन्छ । खनालको भाषा, साहित्य र संस्कृति तीनै क्षेत्रमा विशिष्ट योगदान रहेको देखिन्छ । तीनै क्षेत्रमा भएको योगदानको आधारमा उहाँको व्यक्तित्वलाई त्रिवेणीको रूपमा लिन सकिन्छ । भाषाका सन्दर्भमा भाषिक र समीक्षात्मक लेखहरूको सङ्कलन **शिक्षा केही गन्थन : केही मन्थन** (२०६२) देखिन्छ । साहित्यसम्बन्धी कृतिहरूमा **अनुभूतिका शब्दतरङ्ग** (२०६१) र **यात्राका स्पन्दनहरू** (२०६५), संस्कृतिसम्बन्धी कृतिमा सांस्कृतिक लेखहरूको कृति **स्मृतिका बिम्बहरू** (२०६६) रहेको जानकारी पाइन्छ ।[13]

उनका कृतिहरूमा राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, आध्यात्मिक चेत, दार्शनिकता, शिक्षासम्बन्धी विभिन्न समस्या, पेसागत चुनौती, मूल्य-मान्यता, नैतिकता, जीवनका सुखदुःखात्मक अनुभूतिहरू, ज्ञानबर्धक र औपदेशिक जानकारी आदि विशेषताहरू पाइन्छन् । विभिन्न पत्रपत्रिकामा उनका कैयौँ फुटकर लेखहरू प्रकाशन भइसकेका छन् । यसले गर्दा उनको साहित्यिक व्यक्तित्व बहुआयामिक देखिन्छ । विभिन्न साहित्यिक व्यक्तित्वहरूको दृष्टिमा केदारनाथ खनालको साहित्यिक व्यक्तित्वलाई यसरी देखाइएको छ :

राष्ट्रप्रेम, भाषाप्रेम, विकासप्रेमी, परिवर्तनाकाङ्क्षी भावका साथ युगीन चेतनाका अभिव्यक्तिहरूले गर्दा केदारनाथ खनालको विचार र लेखन वस्तुवादी चिन्तनले माभिएका हुन्छन् । समाजवादी-यथार्थवादी चिन्तनधाराका साहित्यकारका रूपमा उनको व्यक्तित्व सुप्रतिष्ठित छ ।[14] अनुभूतिका शब्दतरङ्ग कवितासङ्ग्रह (२०६१) देखि स्मृतिका बिम्बहरू संस्मरणसङ्ग्रह (२०६६) सम्मका प्रकाशित चारओटा कृतिहरूको अध्ययन एवम् अनुशीलनबाट केदारनाथ खनाल बहुमुखी साहित्यिक व्यक्तित्वको रूपमा स्थापित भएको अनुभूति मिल्दछ ।[15]

साहित्यका विविध विधामा कलम चलाउने केदारनाथ खनालको साहित्यिक योगदानलाई वैयक्तिक रूपमा हटाइदिने हो भने चितवनको साहित्य अधुरो हुन्छ ।[16] कवि, गीतकार, लेखक, गजल आदि क्षेत्रमा केदारनाथ खनालको साहित्यिक व्यक्तित्व फस्टाएको

---

१२ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

१३ कपिल अज्ञातसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१४ गोविन्दराज विनोदीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१५ सरस्वती रिजालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१६ गोविन्दराज विनोदीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

पाइन्छ ।[१७] नेपाली साहित्यमा मूलत: कवि र पछिल्लो चरणमा आएर गद्यलेखन विधातर्फ आकर्षित व्यक्तित्वको रूपमा केदारनाथ खनाललाई चिन्न सकिन्छ ।[१८] भिन्नैभिन्नै खालको साहित्यिक व्यक्तित्वले गर्दा समाजमा केदारनाथ खनालको आफ्नै खालको विशेष पहिचान छ ।[१९] सुस्पष्ट विचार, समाजवादी चिन्तन र नवीन शैलीको प्रयोगले गर्दा केदारनाथ खनालको साहित्यिक व्यक्तित्व उच्च रहेको छ ।[२०] सामाजिक यथार्थवादी धारामा रहेर साहित्य सिर्जना गर्ने केदारनाथ खनाल एक उदीयमान साहित्यकार हुन् ।[२१]

दुई दशक अघिदेखि चितवन साहित्य परिषद्मा संलग्न रही निरवच्छिन्न रूपमा नेपाली भाषासाहित्यको समुत्थानमा लागि परिरहनुभएको छ । कैयौँ स्रष्टाहरूलाई प्रेरणा र प्रोत्साहन दिँदै र स्थापित स्रष्टाहरूको सम्मान गर्दै निस्पृह सेवाभावले चितवनमा साहित्यिक जागरण ल्याउने काममा उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ ।[२२] समाचारपत्र र साहित्यिक पत्रिकाहरूको साहित्यिक पत्रिकाहरूको सम्पादनमा समेत उहाँको योगदान विशिष्ट रहेको पाइन्छ । **साप्ताहिक राष्ट्रसन्देश**, **वागीश्वरी**, **प्रयास**, **आलोक**, **वेणी**, **सम्प्रेषण**, **सुधांशु**, **मझेरी**, **धर्मसंवाद**, **रागी–प्रकाश** आदि पत्रिकाहरूको सम्पादन मात्र होइएन **विद्या–पुकार**जस्तो पुस्तकको पनि सम्पादन उहाँले गर्नुभएको छ ।[२३]

साहित्यिक व्यक्तित्वलाई चर्चा गर्नेक्रममा निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ :

### ३.३.१.१ **कवि व्यक्तित्व**

वि.सं. २०२३/२४ सालतिर काठमाडौँबाट *युवा* कविता छपाएर नेपाली साहित्यको फाँटमा सार्वजनिक रूपमा केदारनाथ खनाल देखापर्दछन् ।

यसबाट के भन्न सकिन्छ भने आभ्यासिक कालमा उनी झ्याउरे लयको कवितालेखनतर्फ आकृष्ट र कवित्वप्रतिभा प्रस्फुटनको विकासोन्मुख आयामतर्फ क्रमश: लम्केको पाइन्छ । यसपछिका प्रकाशित फुटकर कविताहरू भने उपलब्ध हुन नसकेकाले उनको कविव्यक्तित्व लामो समयसम्म छायामा पर्न गएको देखिन्छ ।

---

१७ जगदीश्वर खनालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१८ धनेश्वर भट्टराईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

१९ ऐजन ।

२० गोविन्दराज विनोदीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

२१ ऐजन ।

२२ ऐजन ।

२३ ऐजन ।

धेरै वर्षको अन्तरालपछि वि.सं. २०६१ सालमा **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह प्रकाशन गरी नेपाली साहित्यमा कृतिगत स्रष्टाका रूपमा खनाल देखापर्छन् । **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रहमा कविका जम्मा २७ कविता सङ्गृहीत छन् । विभिन्न पत्रपत्रिकामा छापिएको र केही अप्रकाशित रचनाहरू समाविष्ट भएको यस कृतिलाई दुई खण्डमा विभक्त गरिएको पाइन्छ – (१) पद्य कविताखण्ड र (२) गद्य कविताखण्ड । १७ ओटा कविता रहेको पद्यकविताखण्डका कवितामा विविध छन्दको प्रयुक्ति छ भने भावगत विविधता पनि छ । राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, मुलुकको वार्तमानिक विग्रहप्रति चिन्ता, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य-विद्रोह, युगबोध, आध्यात्मिक चेत तथा दार्शनिकताजस्ता विषय **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रहमा रहेको छ ।[२४]

शिक्षक, विद्यार्थी, राजनीतिक, धार्मिक, सामाजिक, सांस्कृतिक मूल्य-मान्यताहरूजस्ता विषयवस्तुलाई समेटी समय र परिस्थितिअनुसार खनालद्वारा रचिएका कविताहरूले उनको कवि व्यक्तित्वलाई हिमशिखरमा पुऱ्याउने काम भएको छ ।[२५]

वि.सं. २०६५ जेठ २१ गते भएको गणतान्त्रिक कविता उत्सवलाई सफल बनाउन ६ सदस्यीय सल्लाहकार समिति गठन भएको जसमा केदारनाथ खनाल उल्लेखनीय व्यक्तिका रूपमा रहेको पाइन्छ ।[२६]

यस अतिरिक्त स्थानीय र राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै फुटकर कविताहरू प्रकाशित छन् । नेपाली साहित्यको प्रगतिवादी धाराको कित्तामा रही फुटकर कविता र पुस्तकाकार कृतिहरू सृजना गरी नेपाली कविताफाँटलाई हराभरा र समृद्ध पार्नमा केदारनाथ खनालको कविव्यक्तित्वले सह्रनीलायक योगदान पुऱ्याएको प्रमाणित हुन्छ ।

### २.३.१.२ लेखकीय व्यक्तित्व

केदारनाथ खनाल एक लेखक पनि हुन् । विशेषत: समसामयिक विषयवस्तुसँग सम्बन्धित रहेर स्थानीय तथा राष्ट्रियस्तरका विभिन्न पत्रपत्रिकाहरूमा उनले धारिला र चोटिला लेखसामग्रीहरू प्रकाशन गरिरहेका छन् । उनका ती लेखहरूले समाज, राष्ट्र पार गरी अन्तर्राष्ट्रियजगत्मा समेत विद्यमान रहेका छन् । चौधओटा लेखहरूलाई सङ्कलन गरी वि.सं. २०६२ सालमा उनले **शिक्षा : केही गन्थन केही मन्थन** नामक लेखसङ्ग्रह प्रकाशन गरे ।[२७]

---

२४ केदारनाथ खनाल, **अनुभूतिका शब्दतरङ्ग,** (चितवन : चितवन साहित्य परिषद्, २०६१), भूमिका ।

२५ धनेश्वर भट्टराईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२६ ऐजन ।

२७ केदारनाथ खनाल, **शिक्षा : केही गन्थन केही मन्थन**, (चितवन : चितवन साहित्य परिषद्, २०६२) ।

प्रस्तुत कृति समष्टिमा शिक्षा, शिक्षण, शैक्षिक संस्था, शिक्षार्थी र शिक्षकहरूका साझा समस्यामा केन्द्रित रहेको छ । शिक्षाको राजनीतिकरण र व्यापारीकरणले निम्त्याएको अन्योल र अराजक स्थिति स्वार्थन्धताले शिक्षणमा देखिएका हिजो र आजका भिन्नता, शिक्षासम्बन्धी विभिन्न समस्या, पेसागत चुनौती, मूल्य-मान्यता र नैतिकताका प्रश्नहरू, शिक्षा र दर्शनबीचको सम्बन्ध, मौलिक दृष्टि र योजनाहरूमा गहन अध्ययन, चिन्तन र मनन गर्दै सम्यक समीक्षा, व्याख्या र विश्लेषणले शैक्षिक आयाम प्रशस्त हुन पुगेको देखिन्छ ।[२८]

## ३.३.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशल रहेका हुन्छन्, जसका कारण समाजका अनेक कार्यक्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ । यसै परिप्रेक्ष्यमा केदारनाथ खनालको व्यक्तित्व पनि बहुआयामिक देखिन्छ । साहित्यिकका साथै साहित्येतर व्यक्तित्व पनि उनमा पाइन्छ । यहाँ उनको साहित्येतर व्यक्तित्वलाई विभिन्न व्यक्तिहरूको धारणाअनुसार हेरिएको छ ।

गोविन्दराज विनोदीका अनुसार केदारनाथ खनाल एक इमान्दार, कर्तव्यनिष्ठ, समाजसेवी, शिक्षाप्रेमी र कुशल गृहस्थी व्यक्तित्वका रूपमा रहेका छन् ।[२९] धनेश्वर भट्टराईका अनुसार राष्ट्रसेवी, समाजसेवी, बौद्धिक, राजनैतिक एवम् पारिवारिक व्यक्तित्वहरू केदारनाथ खनालमा समानरूपमा परिलक्षित हुन्छन् ।[३०] जगदीश्वर खनालका अनुसार कुशल राष्ट्रसेवक र समाजसेवी भावद्वारा अनुप्राणित केदारनाथ खनाल लगनशील, जुझारु र अध्ययनशील व्यक्तित्वका धनी छन् ।[३१] पूर्णप्रसाद अधिकारीका अनुसार साहित्यकार भन्नुभन्दा पनि एउटा सामाजिक व्यक्तित्वका रूपमा केदारनाथ खनालको मूल्याङ्कन गर्नु ठीक हुनजान्छ ।[३२] सामाजिक क्रियाकलापमा दिलोज्यानले भिड्ने केदारनाथ खनाल एक सच्चा विकासप्रेमी व्यक्ति हुन् ।[३३]

यसरी हेर्दा समाजसेवी, गृहस्थी, राष्ट्रसेवी, राजनैतिक र बुद्धिजीवी, चिन्तनशील आदि साहित्येतर व्यक्तित्व खनालमा रहेको देखिन्छ ।

---

२८ ऐजन ।

२९ गोविन्दराज विनोदीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

३० धनेश्वर भट्टराईसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

३१ जगदीश्वर खनालसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

३२ पूर्णप्रसाद अधिकारीसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारीअनुसार ।

३३ धनेश्वर भट्टराईसँग गरिएको मौखिक कुराकानीबाट प्राप्त जानकारीअनुसार ।

### ३.३.२.१ सामाजिक व्यक्तित्व

केदारनाथ खनाल जतिखेर पनि सामाजिक भावले आप्लावित भइरहने व्यक्तित्व हुन् । समाजोत्थानका लागि विभिन्न सङ्घसंस्था खोल्न सहयोग गर्ने, जिम्मेवारी बहन गर्ने, संस्थागत विकासमा क्रियाशील भइरहने विशेषताहरू उनमा पाइन्छन् ।[३४] उनी यी सामाजिक सङ्घसंस्थाहरूमा आबद्ध छन्[३५] :

- सामुदायिक सेवाकेन्द्र, भरतपुर-१०, चितवनको अध्यक्ष ।
- सामुदायिक सेवाकेन्द्र जिल्ला समन्वय समिति, चितवनको अध्यक्ष ।
- खनाल सेवा समिति, केन्द्रीय कार्यसमितिको महासचिव ।
- सिँजाली मा.वि., ताक्लुङ-२, गोरखाका संस्थापक शिक्षक ।
- निवृत्त शिक्षक समाज, चितवनको सल्लाहकार ।
- मुद्रण उद्योग सङ्घ, चितवनको सल्लाहकार ।
- नेपाल स्काउट, चितवनको सल्लाहकार ।
- सामुदायिक विजय एफ्.एम्. रेडियो, गैँडाकोटको सल्लाहकार ।
- जिल्ला शिक्षा कार्यालय, चितवनको पाठ्यक्रम समन्वय समितिको सदस्य ।
- शिक्षा समिति, उद्योग वाणिज्य सङ्घ-चितवनको सदस्य ।
- नेपाल हृदयरोग निवारण प्रतिष्ठानको आजीवन सदस्य एवम् चितवन का.स. सदस्य ।
- रामेश्वर पुस्तकालय, भ.न.पा.-१, क्षेत्रपुर, चितवनको संरक्षक सदस्य ।
- खनाल कुलायन समिति, चितवनको अध्यक्ष ।
- नेपाल नेत्र ज्योति सङ्घ, चितवन (भरतपुर आँखा अस्पताल) को आजीवन सदस्य एवम् कार्यसमिति सदस्य ।
- चौबीसकोठी टोल सुधार समितिको संयोजक ।
- नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य ।
- त्रि.वि., प्राध्यापक सङ्घ एकाइ बालकुमारी कलेज, नारायणगढ, चितवनको सदस्य ।

---

३४ सरस्वती रिजालसँग गरिएको मौखिक कुराकानीबाट प्राप्त जानकारी ।

३५ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

### ३.३.२.२ शिक्षक व्यक्तित्व

वि.सं. २०२८ साल असोजदेखि शिक्षण सेवामा प्रवेश गरेका केदारनाथ खनालले २५ वर्षसम्म शिक्षण पेसा नै अँगालेको अवगत हुन्छ । मा.वि. प्र.अ. द्वितीय श्रेणीमा सेवानिवृत्त भई हाल बालकुमारी कलेज नारायणगढमा प्राध्यापन पेसा अँगालेको पनि थाहा हुन्छ ।[३६] नारायणी मा.वि. भरतपुर सञ्चालक समिति, जिल्ला शिक्षा समिति चितवन र राष्ट्रिय शिक्षा समिति, शिक्षा मन्त्रालयद्वारा पुरस्कृत, सम्मानित एवम् पदक प्राप्त गरेका खनालको शैक्षिक व्यक्तितव उच्च रहेको थाहा हुन्छ ।[३७]

### ३.३.२.३ सम्पादक व्यक्तित्व

केदारनाथ खनालले पत्रपत्रिकाको सम्पादन क्षेत्रमा हात हालेको पाइन्छ । खनालले साप्ताहिक राष्ट्रसन्देश, वागीश्वरी, प्रयास, आलोक, वेणी, सम्प्रेषण, सुधांशु, मझेरी, धर्मसंवाद, रात्रि-प्रकाश, सञ्जीवनी, दीपशिखा, विद्या पुरस्कार, आलोक, स्काउट बुलेटिन, नेत्रज्योति सङ्घ, इन्टरनेसनल लायन्स क्लब अफ बालकुमारी कलेज स्मारिका आदि पत्रपत्रिकाको सम्पादन कार्य निर्वाह गरी आफ्नो सम्पादक व्यक्तित्वलाई अगाडि बढाएको पाइन्छ ।[३८]

यस दृष्टिले उपर्युक्त पत्रपत्रिकाहरूका सम्पादन कार्य गरी खनालले आफ्नो सम्पादक व्यक्तित्वलाई पनि अगाडि बढाएको देखिन्छ ।

### ३.३.२.४ जीवनी, व्यक्तित्व र साहित्यलेखनका बीच अन्तर्सम्बन्ध

केदारनाथ खनालको छैसठ्ठी वर्षे सोलोडोलो जीवनावधिउपर दृष्टिगोचर गर्दा विभिन्न परिवेशबाट उनको जीवनचक्र सञ्चालन भएको देखिन्छ । ताक्लुङमा जन्मिएर आफ्नो बाल्यकाल त्यहीँ बिताएका खनालको शिक्षादीक्षाचाहिँ गोरखा आधारस्कुल दर्शनडाँडा घ्याल्चोक, तनहुँको बन्दीपुरलगायत चितवन, काठमाडौँ एवम् भारतको बनारस र काठमाडौँबाट प्राप्त भएको देखिन्छ । बाल्यकालीन शिक्षादीक्षा, माया-ममता, बुवाआमाको अभिभावकत्व र संरक्षणमा रही आफ्नो भविष्यलाई सन्मार्गमा हिँडाउने प्रेरणा प्राप्त गरेको यस शोध-अध्ययनबाट स्वत: स्पष्ट भइसकेको छ ।

---

३६ ऐजन ।

३७ ऐजन ।

३८ ऐजन ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उच्चशिक्षाको अध्ययनको क्रममा उनी विभिन्न ठाउँहरूमा भौतारिन पुगे । उच्चशिक्षा अध्ययनको अलावा उनले विभिन्न सेवा गरेको पनि थाहा पाइन्छ । वि.सं. २०२२ सालदेखि नै उनले सेवा आरम्भ गरेको पाइन्छ । औपचारिक रूपमा यिनले संस्कृततर्फ शास्त्रीसम्मको अध्ययन र बी.एड.एम्.एड्. उत्तीर्ण भएको देखिन्छ । विभिन्न सामाजिक एवम् शैक्षिक सङ्घसंस्थामा आबद्ध रही समाजसेवामा समर्पित खनाल हाल बालकुमारीमा प्राध्यापन पेसामा रही जागिरे जीवन बिताइरहेका छन् । विशेषत: व्यक्ति, समाज र राष्ट्र हुँदै अन्तर्राष्ट्रियस्तरमा समेत घटेका घटना, देखिएका विकृति, विसङ्गति, बेथिति, अन्याय, अत्याचारप्रति दृष्टि पुऱ्याई तिनलाई आफ्ना रचनामार्फत् उजागर गर्न चाहने खनालका लेख र सृजनात्मक कृतिमा जीवनभोगाइका कटु यथार्थ र यस्तैखाले विभिन्न भावानुभूतिहरू प्रतिबिम्बित भएका छन् । जीवनयापनका आरोह-अवरोह, घात-प्रतिघात र अन्तरबाह्य वातावरणबाट उनको सामाजिक, शिक्षक, सम्पादक, आर्थिक आदि व्यक्तित्वको निर्माणचाहिँ सिकारुप्रतिको प्रतिभा र अध्ययन-मननका साथ क्रमिक लेखनशैलीको आभ्यासिक विकासबाट भएको देखिन्छ ।

यसप्रकार खनालका स्रष्टाव्यक्तित्वका विभिन्न आयामहरू कवि, गजलकार, निबन्धकार र लेखकमध्ये कवि र लेखकीय व्यक्तित्व नै सापेक्षिक तवरले सफलतातिर लम्केको देखिन्छ । यिनै क्षेत्रमा यिनले अभ्यास र साधना गर्दै गएको हुनाले नै आशातीत सफलता हात पार्न सकेको देखिन्छ ।

जीवनको छैसट्ठीऔँ वसन्तमा आइपुग्दा पनि सामाजिक र शैक्षिक क्षेत्रमा सक्रिय रहनुका साथै जीवनजगत् र साहित्यप्रतिको अनुरागमा उनीप्रति कत्ति पनि शिथिलता आएको पाइँदैन बरु लेखनकथा र शैलीमा क्रमिक सुधार आइरहेको पाइन्छ । यिनै विविध सन्दर्भले गर्दा नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर संलग्न केदारनाथ खनाल स्रष्टा व्यक्तित्वको रूपमा प्रतिष्ठित साहित्यकार हुनपुगेका छन् ।

### ३.३.२.५ चितवन साहित्य परिषद्को स्थापनामा केदारनाथ खनालको भूमिका

आजको चितवनलाई प्रतिनिधित्व गर्ने साहित्यिक गतिविधिको अभाव खट्किँदो विषय छ र 'भाषासाहित्यको दृष्टिकोणले चितवनलाई उर्वर फाँट मान्न सकिन्छ' जस्ता आपसमा विरोधाभास कुरालाई समन्वयात्मक ढङ्गले प्रस्तुत गर्न चितवन साहित्य परिषद्को गठन

भएको हो ।[३९] वि.सं. २०४४ साल फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा आयोजित साहित्यिक कार्यक्रमको समापन समारोहमा एउटा साहित्यिक संस्थाको स्थापना गर्ने र आइन्दा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सोही संस्थाको जिम्मा लगाउने केदारनाथ खनालको प्रस्तावको मूर्तरूप नै आजको चितवन साहित्य परिषद् र यसको गतिविधि ।

जिल्ला सदरमुकाममा प्रत्येक वर्ष राष्ट्रिय प्रजातन्त्र दिवस, श्री ५ वीरेन्द्र तथा ऐश्वर्यको जन्मोत्सव, बालदिवस, सामाजिक सेवा दिवस, संविधान दिवस आदि विभिन्न पर्वहरूको उपलक्ष्यमा साहित्यिक कार्यक्रम सञ्चालन गर्न जिम्मा लिनुपर्ने केही प्रधानाध्यापक र प्राध्यापकहरूको सल्लाहबमोजिम २०४२।०४३ सालदेखि नै साहित्यिक गतिविधि सञ्चालन गर्दैआएको हो ।[४०] वि.सं. २०४४ साल फागुन ७ गते प्रजातन्त्र दिवसका उपलक्ष्यमा आयोजित साहित्यिक कार्यक्रमको समापन समारोहमा संयोजक (केदारनाथ खनाल) को हैसियतले एउटा साहित्यिक संस्थाको स्थापना गर्ने र आइन्दा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न सोही संस्थाको जिम्मा लगाउने व्यवस्था भए राम्रो हुन्थ्यो भन्ने प्रस्ताव राखिएको र उपस्थित भेलाले ताली पिटेर समर्थन गऱ्यो ।[४१]

मदनमणि दीक्षितसमेतको उपस्थितिमा सम्पन्न गोष्ठीमा सूर्यमणि अधिकारीको संयोजकत्वमा विधान मस्यौदा समितिसमेत बन्यो ।[४२] त्यसपछि वि.सं. २०४५ साल फागुन २१ गते शुक्रबारका दिन गत संविधान दिवसका सन्दर्भमा आयोजित कविगोष्ठीको अवसरमा गठित चितवन साहित्य परिषद् पूर्वतयारी समितिको प्रथम बैठकले आगामी फागुन २८ गते शनिबारका दिन चितवन जिल्लाका लब्धप्रतिष्ठित साहित्यकारहरूको भेला चितवन छापाखानामा गर्ने र सोका लागि पत्राचार गर्न केदारनाथ खनाललाई सुम्पन्ने निर्णय गऱ्यो ।[४३]

वि.सं. २०४५ फागुन २८ गते शनिबारका दिन पूर्वनिर्धारित कार्यक्रमअनुसार भरतपुरस्थित केदारनाथ खनालको निवास चितवन छापाखानामा चितवन जिल्लाका लब्धप्रतिष्ठित २७ जना साहित्यकारहरूको भेला भयो ।[४४]

---

३९ हिरण्यगर्भः, *वागीश्वरी एक समीक्षा,* **सम्प्रेषण**, (वर्ष ३, अङ्क ३, २०५०), पृ. उल्लेख नभएको ।

४० केदारनाथ खनाल, *वाङ्मयको विकासमा चितवनका साहित्यिक सङ्घसंस्थाहरू,* **चितवन महोत्सव स्मारिका**, २०६१, पृ. ३१ ।

४१ केदारनाथ खनाल, *सूर्यमणि शिक्षा, साहित्य र इतिहासका त्रिवेणी,* **प्रा.डा. सूर्यमणि स्मृतिग्रन्थ**, (चितवन : प्रा.डा. सूर्यमणि अधिकारी स्मृति फाउन्डेसन, २०६५), पृ. ६४ ।

४२ ऐजन ।

४३ शोधनायकबाट प्राप्त जानकारी ।

४४ ऐजन ।

## ३.३.२.६ सारांश

कुनै पनि व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । जीवनका विभिन्न आयामहरू र समाजसँगको सम्बन्धको आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । एक व्यक्तिमा पनि अनेक व्यक्तित्वहरू हुन सक्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको समष्टिगत रूपमा अध्ययन गर्नु गर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको समष्टिगत रूपमा अध्ययन गर्नु जरुरी हुन्छ । साहित्यकार केदारनाथ खनालको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्यव्यक्तित्वको रूपमा हेर्दा अग्लो कदका, गोरो वर्णको, उज्यालो मुखमण्डल, भावपूर्ण आँखा, शरीर सुहाउँदो मोटाई भएका सरल, नम्र, निष्कपट र मृदुभाषी व्यक्तिका रूपमा देखिन्छन् । उनीसँग प्रत्यक्ष साक्षात्कार गरी अन्तहृदयी भावले कुराकानी गर्दा उनी असाध्यै कोमल, सहृदयी, बडो संवेदनशील र भावुक व्यक्तिका रूपमा प्रकट भइहाल्छन् ।

राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, आध्यात्मिक चेत, दार्शनिकता खनालका लेखनीमा पाइन्छन् । साहित्यकार केदारनाथ खनालको प्रवृत्तिगत स्वभावको प्रभाव उनका रचनाहरूमा पाइन्छन् । उनी आन्तरिक रूपमा जेजस्ता छन् त्यसको छायाँचित्र उनको साहित्यमा सर्लक्कै उत्रेको पाइन्छ । उनको आन्तरिक व्यक्तित्व विभिन्न क्षेत्रमा प्रवाहित भएको देखिए तापनि कविव्यक्तित्व नै सशक्त र प्रभावकारी रूपमा उजिल्लिएको प्रतीत हुन्छ । उनको साहित्येतर व्यक्तित्वअन्तर्गत सामाजिक, शिक्षक, सम्पादक, सङ्गठन आदि परे पनि सामाजिक व्यक्तित्व नै प्रमुख परिचायक ठहर्छ ।

साहित्यकार केदारनाथ खनालको छैसठ्ठी वर्षसम्मका प्राप्ति र उपलब्धिहरूलाई केलाउँदा उनका हालसम्म **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **शिक्षा : केही गन्थन केही मन्थन** (शैक्षिक लेखसङ्ग्रह, २०६२), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६) गरी चारओटा कृतिहरू प्रकाशित भएका पाइन्छन् । यसका अतिरिक्त थुप्रै फुटकर कविता, गीत र लेखहरू विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा प्रकाशित भएका पाइन्छन् ।

मुख्य गरी खनालका सृजनाकृतिहरू राष्ट्रप्रेमी, जातिप्रेमी, मानवतावादी भाषासंस्कृतिकप्रेमी भावभूमिमा केन्द्रित रहेका पाइन्छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट प्रस्तुतीकरण गरी समाजका निम्ति योगदान दिने साहित्यकार केदारनाथ खनालको व्यक्तित्वक सफल, प्रतिष्ठित, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

# चौथो परिच्छेद
# साहित्यकार केदारनाथ खनालको कृतित्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा केदारनाथ खनालको आगमन र उनको साहित्ययात्रा

नेपाली साहित्यमा केदारनाथ खनालको आगमन र उनको साहित्ययात्रालाई यसप्रकार देखाइएको छ :

### ४.१.१ विषयप्रवेश

विभिन्न साहित्यिक विधाहरूलगायत स्वतन्त्र लेखसङ्ग्रहसहित हालसम्म जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित गरेका साहित्यकार केदारनाथ खनाल नेपाली साहित्यमा क्रियाशील व्यक्तित्व हुन् । करिब २०२३/२४ सालतिर काठमाडौँबाट *युवा* कविता र *वीरे* कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । यसबाहेक फुटकर रूपमा पनि उनका थुप्रै साहित्येतर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

यसै परिप्रेक्ष्यमा मुख्यत: आफ्ना बुवा स्व. भोगप्रसाद खनालबाट प्राव ग्रहणका साथै राष्ट्रियस्तरका मूर्धन्य साहित्यकारहरू क्षेत्रप्रताप अधिकारी, परशु प्रधान, केदारमान अमात्यबाट पनि साहित्यलेखनमा केदारनाथ खनालले प्रशस्त प्रेरणा प्राप्त गरेको अवगत हुन्छ । यस्तै चितवनका साहित्यकारहरू गोविन्दराज विनोदी, प्रेमविनोद नन्दनबाट पनि प्रेरणा प्राप्त गरी केदारनाथ खनाल नेपाली साहित्यमा प्रकट भएका हुन् ।

## ४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव

हरेक साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र लेखनमा कसै न कसैको प्रभाव त परेकै हुन्छ, चाहे त्यो प्रत्यक्ष वा अप्रत्यक्ष नै किन नहोस् । सबैमा यो नियम लागु भएझैँ खनालमा पनि लागू हुनु अस्वाभाविक मानिदैन । उनी सानै उमेरदेखि साहित्यप्रति निकै अभिरुचि देखाउँदथे ।

केदारनाथ खनाललाई साहित्यको भूमिमा विचरण गराउने प्रेरणा र प्रभावका स्रोतहरू विभिन्न राष्ट्रिय साहित्यकारहरू, उनैका गुरुहरूका अलावा मान्यजनका सकारात्मक सन्देश, जीवनजगत्का उहापोहमा अनुभव गरिने र मन छुने खालका घटनाक्रमहरू, कुनै पनि चीजबीज, प्रकृति र वातावरणको दृश्यावलोकनपश्चात् मनमा पैदा हुने अनुभूति आदि हुन् । यिनै प्रेरणा र प्रभावको परिणामस्वरूप खनाल साहित्यलेखनतर्फ अभिमुख भएका छन् ।[१]

## ४.१.३ लेखनको परम्परा

वि.सं. २०२३/२०२४ सालमा काठमाडौँबाट *युवा* कविता र *वीरे* कथा छापी केदारनाथ खनालले नेपाली साहित्यलेखन परम्परा बसालेका हुन् । खासगरी उनले प्राप्त गरेका साहित्यिक प्रेरणा तथा प्रभावले नै उनलाई साहित्यसंसारतिर डोऱ्याई कविता र निबन्ध लेख्न थालेको पाइन्छ ।[२] सुरुका कविता प्रकाशित हुँदाको अवस्था खनालको लेखनयात्राको आभ्यासिक र प्रयोगावस्थाको रूपमा देखिन्छ । पछिपछि अभ्यास र अनुभवले परिपक्क बन्दै खनालले नेपाली साहित्यका कविता र लेखविधामा कृति नै प्रकाशन गरी कलम चलाउन थालेको देखिन्छ । सम्पादनको क्षेत्रमा पनि उनको उल्लेखनीय सक्रियता रहेको पाइन्छ ।

समग्रमा हेर्दा विभिन्न पत्रपत्रिकामा समसामयिक विषयमा छरिएर रहेका रचनाहरूका अतिरिक्त उनका कवितासङ्ग्रह, लेखसङ्ग्रहजस्ता विधामा केन्द्रित भई हालसम्म चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने सांस्कृतिक लेखहरू, भाषिक र समीक्षात्मक लेखहरू, निबन्धसङ्ग्रह प्रकाशोन्मुख कृतिका रूपमा रहेका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू निम्नानुसार छन् –

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | अनुभूतिका शब्दतरङ्ग | कवितासङ्ग्रह | २०६१ |
| २. | शिक्षा : केही गन्थन केही मन्थन | लेखसङ्ग्रह | २०६२ |

१ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

२ ऐजन ।

| | | | |
|---|---|---|---|
| ३. | यात्राका स्पन्दनहरू | नियात्रासङ्ग्रह | २०६५ |
| ४. | स्मृतिका बिम्बहरू | संस्मरणसङ्ग्रह | २०६६ |

## ४.१.४ केदारनाथ खनालको साहित्ययात्रा

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही न केही आधारहरू त हुन्छन् नै । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूका परिभाषा र गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना अथवा कृतिगत प्रकाशन चिन्तनपक्षको परिवर्तन इत्यादिजस्ता आधारहरूको जगमा उभिएर उसको साहित्ययात्राको काल विभाजन गर्ने गरिन्छ ।[३]

वि.सं. २०२३/०२४ सालतिर *युवा* कविता र *वीरे* कथा छापी साहित्यलेखन शुभारम्भ गरेका केदारनाथ खनाल हालसम्म पनि यस क्षेत्रमा क्रियाशील छन् । साहित्ययात्राको लामो समयावधिको लेखनयात्रामा उनले चार पुस्तकाकार कृति एवम् फुटकर रूपमा लेख, कविता, गजलविधामा कलम चलाई नेपाली साहित्यभण्डारलाई समृद्ध पार्ने कार्यमा योगदान दिइरहेको नै देखिन्छ ।

विशेषगरी कविता र लेख-निबन्धविधामा कलम चलाएका खनालका हालसम्म चारओटा पुस्तकाकार कृति, कैयौं फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् भने दुईओटा कृति प्रकाशोन्मुख रूपमा रहेका छन् ।

यसप्रकार यिनको लामो साहित्यिक यात्रालाई निम्नानुसार दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ –

(क) प्रथम चरण (वि.सं. २०२३-२०६०)

(ख) द्वितीय चरण (वि.सं. २०६२ देखि हालसम्म)

### ४.१.४.१ **प्रथम चरण (वि.सं. २०२३-२०६०)**

वि.सं. २०२३/२०२४ सालमा *युवा* कविता र *वीरे* कथा लिएर केदारनाथ खनाल नेपाली साहित्यिक फाँटमा देखा परेका हुन् । वि.सं. २०२३ सालदेखि वि.सं. २०४४ सालसम्म यिनले फाटफुट रूपमा केही फुटकर रचनाहरूमा प्रकाशित गरे । त्यसपछि वि.सं. २०४५ सालमा चितवन साहित्य परिषद्को स्थापनामा यिनको सक्रियता रहेको पाइन्छ । पहिलापहिला पनि साहित्यक्षेत्रमा नलागेका त होइनन्, तर पूर्णरूपमा यस क्षेत्रमा आफूलाई लगाएको चाहिँ

---

३ शिवहरि कोइराला, **रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवन : त्रि.वि., नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, २०६५), पृ. ४८ ।

चितवन साहित्य परिषद्को सुरुआत पछिबाट पाइन्छ । यस हिसाबले यो चरण खनालको नितान्त प्रारम्भिक तथा आभ्यासिक अवस्थाको रूपमा मात्र ठहर्ने देखिन्छ । खनालको साहित्ययात्राको प्रथम चरण साहित्यिक दृष्टिबाट उल्लेखनीय रूपमा चर्चायोग्य र उपलब्धिपूर्ण नभएकाले यसको सामान्य सङ्केत मात्र गरिएको छ ।

### ४.१.४.२ **द्वितीय चरण** (२०६१ **देखि हालसम्म**)

वि.सं. २०६१ सालदेखि हालसम्मको अवधिलाई खनालको साहित्यिक यात्राको द्वितीय चरण मान्न सकिन्छ । यस चरणमा हालसम्म **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **शिक्षा : केही गन्थन केही मन्थन** (लेखसङ्ग्रह, २०६२), **यात्राका स्पन्दनहरू** (नियात्रासङ्ग्रह, २०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६) गरी जम्मा चारओटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । त्यसैगरी विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पनि थुप्रै लेख तथा कविताहरू प्रकाशित भएका देखिन्छन् ।

यस चरणका कृतिहरूमा निहित प्रवृत्तिगत विशेषताहरू उपर दृष्टिगोचर गर्दा **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रहहरूमा राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, मुलुकको वार्तमानिक विग्रहप्रति चिन्ता, विकृति-विसङ्गति, व्यङ्ग्य-विद्रोह, युगबोध, आध्यात्मिक चेत तथा दार्शनिकताजस्ता भावनाको प्रखरता एवम् उच्चता रहेको पाइन्छ । त्यस्तै **शिक्षा : केही गन्थन, केही मन्थन**का लेखहरूमा माध्यमिक विद्यालयदेखि स्नातकतहसम्मको पाठ्यक्रम-पाठ्यपुस्तक परिमार्जन, शैक्षिक प्रशासन, शिक्षक प्रशिक्षण र स्कुल-कलेजका कक्षाशिक्षणका अनुभवहरूजस्ता विषयवस्तुहरू राखिएका पाइन्छन् ।

यसैगरी **यात्राका स्पन्दनहरू** निबन्धसङ्ग्रहमा सूचनामूलक भइकन आश्चर्यजनक, वर्णनात्मक भइकन उत्साहजनक, सरल भइकन सुन्दर प्रतीत हुने, व्याख्याविश्लेषण भइकन निर्दोष, निश्छल र निष्कपट अभिव्यक्ति प्रस्तुत गरी पारिवारिक प्रसङ्ग भए पनि प्रयोजनमूलक भावना समेटी उपयोगी ज्ञान र विकासवादी सन्देशजस्ता विषयवस्तुहरू रहेको पाइन्छ । यस्तै प्रकारले **स्मृतिका बिम्बहरू** संस्मरणसङ्ग्रहमा अनुभवहरूको गन्थनमन्थन संस्मरणभन्दा आत्मवृत्त दृष्टि विगतदेखि आगतसम्मका विकास निर्माणको गतिशील स्वरूपको बयान रोचक र मार्मिक स्मृतिबिम्बहरूलाई कौशलतापूर्वक टाकटुक बटुली भिन्नभिन्न शीर्षकमा सन्दर्भ र प्रसङ्गको सियोधागोले उनेर च्याटचुट पारी सजाइएका ज्ञानबर्द्धक र चित्तरञ्जक विषयवस्तुहरू राखिएका पाइन्छन् ।

यसप्रकार खनालको साहित्ययात्राको प्रथमचरण साहित्यसृजनाका दृष्टिकोणबाट केवल पूर्वाधारको सूचक मात्र भएको देखिन्छ भने द्वितीय चरणचाहिँ कृति प्रकाशनका साथै थुप्रै

फुटकर लेखहरूको प्रकाशनसमेत भएकाले उर्वर, गतिशील र विकासोन्मुख देखिन्छ । यसले गर्दा आगामी दिनमा नेपाली साहित्यको श्रीवृद्धि र उन्नयनमा खनालको प्रतिभा र सृजनशीलता अझ फस्टाउँदै गई उल्लेखनीय र महत्त्वपूर्ण योगदान पुऱ्याउन निश्चय नै सक्षम हुनेछ भन्ने शुभेच्छा राख्न सकिन्छ ।

# ४.२ केदारनाथ खनालका पुस्तकाकार कृतिहरूको अध्ययन

## ४.२.१ 'अनुभूतिका शब्दतरङ्ग' कवितासङ्ग्रहको अध्ययन

केदारनाथ खनालद्वारा वि.सं. २०६१ मा प्रकाशित **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रहलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.१.१ **शीर्षक**

कुनै कविता, निबन्ध आदि रचनाको परिचय गराउने शब्द वा शब्दावली वा नामलाई शीर्षक भनिन्छ ।[४] कुनै पनि रचना, कृति आदिको मुख्य नाम वा टाउकोलाई नै शीर्षक भनिन्छ ।[५] शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटकसमेत हुनुपर्छ ।[६] शीर्षकले कुनै पनि रचनाको अर्द्धअस्तित्वलाई वहन गरेको हुन्छ । **अनुभूतिका शब्दतरङ्ग** केदारनाथ खनालको प्रथम पुस्तकाकार कृति हो । अनुभूति भन्नाले मनले अनुभव गरेको घटना, शब्द भन्नाले वर्णात्मक ध्वनि र तरङ्ग भन्नाले छाल हो ।[७] यस कृतिमा जीवन र जगत्को अनुभूतिजन्य तरङ्गहरूका साथै उत्साह, उमङ्ग, अनुभव आदि पक्षलाई देखाएकोले कृतिको नामकरण सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.२.१.२ **संरचना**

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा विभिन्न वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[८] संरचना दुई प्रकारका हुन्छन् - आन्तरिक र बाह्य कविताकृतिको वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेदयोजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ । अनि खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि

---

४ सूर्यविक्रम ज्ञवाली, (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०), पृ. ७१३ ।

५ वसन्तकुमार शर्मा नेपाल (सम्पा.), **नेपाली शब्दसागर,** दोस्रो संस्क., (चावहिल : भाषा पुस्तक भण्डार, २०५८), पृ. १२४९ ।

६ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** (भाग–४), तेस्रो. संसक., (ललितपुर : साझा प्रकाशन, २०५४, पृ. १७ ।

७ बालकृष्ण पोखरेल, (नि.), **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. ४३ ।

८ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

देखापर्न सक्छ, अनि महाकाव्यमा सर्गबन्ध वा सर्गयोजना अपरिहार्य नै रहन्छ ।[९] सबै अङ्ग, भाग वा घटकले पूर्ण निर्मितिलाई संरचनाको संज्ञा दिइन्छ ।[१०] यो **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह बाह्यसंरचनाको दृष्टिले ६३ पृष्ठको लघुआकारको कृति हो । वि.सं. २०६१ सालमा ९६ औँ देवकोटा जयन्तीको अवसरमा चिसाप प्रकाशनमाला १४ को रूपमा चितवन साहित्य परिषद्को प्रकाशन हो । चितौनमा साहित्यिक गतिविधिको लहर चलाउन, अञ्चलस्तरीय साहित्यकारहरूलाई राष्ट्रियस्तरमा पुऱ्याएर चित्रवनलाई आधुनिक चित्रवन बनाउन सतत संलग्न रहँदै आएका खनालले **अनुभूतिका शब्दतरङ्ग**मा मनको मार्मिक अनुभूति र मौलिक चिन्तनहरू सरल शैलीमा अभिव्यक्त गरेका छन् । बाह्यावरण हेर्दा धेरै रेखाहरू तानिएको र त्यसमाथि अनुभूतिका शब्दतरङ्ग लेखिएको छ । यसले मानवीय मानसपटलमा उब्जने विविध अनुभूतिजन्य उत्साह, उमङ्ग, छाललाई इङ्गित गर्न खोजेको आभास दिन्छ । अग्रभागतिरै माधव घिमिरेले खनाललाई *चितवनलाई चित्रवन बनाउने कवि* भन्ने शीर्षकमा आफ्ना विचारहरू राखेका त्यसपछि *अनुभूतिका शब्दतरङ्गभित्र तरङ्गिदा* शीर्षकमा गोविन्दराज विनोदीले आफ्ना विचारहरू राखेका छन् । कृतिको प्रथम पृष्ठबाटै शीर्षक दिँदै चारचार पाउको एक श्लोकीय ढाँचामा कवितात्मक गीतिलय शैली प्रवाह गर्दै सत्रओटा पद्यकविता प्रस्तुत गरिएको छ भने बाँकी दसओटा कविता गद्यात्मक ढाँचामा रहेका छन् । प्रस्तुत कृतिमा कविका जम्मा सत्ताईस कविता सङ्गृहीत छन् । अनुभूतिको प्रकटीकरण, वस्तुचित्रण भावसघनताका दृष्टिले यसभित्रका कविता सुन्दर छन् । पद्यकवितामा पिङ्गल छन्द र गीतिलयको प्रयोग भएको छ । बाह्य तथा आन्तरिक संरचनाबाट कृति सबल नै देखिन्छ ।

### ४.२.१.३ विषयवस्तु

कुनै ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने या गरिएको विचार, कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[११] मानवचेतनाको यावत अनुभवपुञ्ज र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पूराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञानादिका साथै मानवमनको समस्त अनुभव-व्यापारको समग्र प्रकाशन, कविताको विषयवस्तुमा पर्न सक्दछन् ।[१२] काव्यरचनाका लागि छनोट गरिएको वस्तुचयनलाई मुख्यगरी कविताकाव्यको विषयवस्तु भनिन्छ ।[१३] **अनुभूतिका**

---

९ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग–४), पूर्ववत्, पृ. १७-१८ ।

१० मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५), पृ. १७६ ।

११ सूर्यविक्रम ज्ञवाली, (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** पूर्ववत्, पृ. ६९६ ।

१२ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग–४), पूर्ववत्, पृ. २० ।

१३ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०६०), पृ. १९ ।

**शब्दतरङ्ग**मा खनालले राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, मुलुकको वार्तमानिक विग्रहप्रति चिन्ता, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य-विद्रोह, युगबोध, आध्यात्मिक चेत तथा दार्शनिकताजस्ता कुरा देखाएका छन् ।

भाषासाहित्यको समुत्थान भए मात्र मुलुक सभ्य र सुसंस्कृत हुनसक्छ भन्ने भावनालाई आत्मसात् गर्दै कवि खनाल साहित्यकर्मीहरूलाई यस्तो आह्वान गर्दछन् –

जागौँ साहित्यकर्मी हो, बोकी संवेदना उठौँ

तिखारी लेखनीलाई कर्तव्यपथमा डटौँ

– *तिक्त सम्झना*

त्यसैगरी हत्या, हिंसा र विग्रहको भावनाले मुलुक निकै आक्रान्त छ । नेतृत्ववर्गले नायकीय भूमिका निर्वाह गर्न सकेको छैन । यत्रतत्र खलनायकीय वृत्ति हावी भइरहेको छ । मुलुकमा भइरहेको क्रूर, निर्घृणी खेलप्रति लक्ष्य गर्दै प्रतीकात्मक रूपमा कवि यस्तो अभिव्यक्त गर्दछन् –

केही खलनायकहरू

दुर्योधन हठलाई पम्पु दिएर हावा भर्दै छन्

शकुनि पासा पल्टाउन उद्यत हुँदै

– *खलनायकहरू*

राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, जीवन र जगत्को अनुभूतिजन्य तरङ्गहरू आशावादी, जीवनवादी, मानवतावादी भावनाको प्रखरताजस्ता विषयवस्तुहरूको चर्चा यस कवितासङ्ग्रहमा गरेको पाइन्छ ।

### ४.२.१.४ **रसभाव**

आत्मालापी कविकथनात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरोस्वरूप केन्द्रीय कथ्य वा विषयवस्तुचाहिँ कुनै न कुनै भावविधान भावविचार हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[१४] मानवीय जीवनजगत्का यावत् विषयवस्तुलाई

---

१४ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता (भाग-४)**, पूर्ववत्, पृ. २० ।

मानवचेतनाभित्र अनुभव तथा अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षका रूपमा विशेष प्रकारको भाव-अर्थ प्रदान गर्नु नै यथार्थतः कविताको भावविधान हो ।[१५] कविता सृजनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणाविशेषलाई भाव भनिन्छ ।[१६] **अनुभूतिका शब्दतरङ्ग**भित्र रहेका कवितामा अभिव्यक्त विचारहरूलाई सरासर अध्ययन गर्दा प्रायः जीवन र जगत्‌को अनुभूतिजन्य तरङ्गहरू छन् र आशावादी, जीवनवादी, उदात्त मानवतावादी भावनाको प्रखरता एवम् उच्चता रहेको छ ।[१७] हृदयले जुन कुराको आस्वादन गर्छ अथवा स्वाद प्राप्त गर्दछ त्यही नै रस हो ।[१८] **अनुभूतिका शब्दतरङ्ग**भित्रका करुणरसको स्थायी भाव शोक यसरी अभिव्यक्त भएको छ, जस्तै –

आमा ! झट्ट तिमी गयौ सुरपुरी मारेर माया सब ।
तिम्रा यी बचरा विलाप गरछौ को गर्छ रक्षा अब ?
छैनौँ साथ परन्तु देख्छु स्मृतिमा आखाभरी झल्झली ।
आमा ! छन् गह अश्रुपूर्ण कसरी अर्पूं म श्रद्धाञ्जली[१९]

– *आमाको स्मृतिचित्र*

यसरी जननी महिमामयी हुन्छिन् । आत्मसन्तानहरूलाई आमाले दिने माया, ममता, स्नेह र त्याग अतुलनीय हुन्छ । यस्ती ममतामयी, वात्सल्यमयी जननीको देहावसानले कविको मन आहत भएको स्मृतिचित्रका रूपमा पोखिन्छ ।

## ४.२.१.५ दृष्टिबिन्दु

कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु मुख्यतः प्रथम पुरुषात्मक तृतीयपुरुषात्मक हुन्छ ।[२०] **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह प्रथमपुरुषात्मक शैलीमा लेखिएको कृति हो किनभने यसमा कवि स्वयम्‌ले नै एकोहोरो किसिमले आफ्नो विचार लगातार प्रस्तुत गर्दै गएको पाइन्छ ।

---

१५ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २० ।

१६ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २१९ ।

१७ गोविन्दराज विनोदी, **सृष्टिमाथिका दृष्टि,** (चितवन : चितवन साहित्य परिषद्, २०६६), पृ. ३५ ।

१८ कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, बाह्रौं संस्क., (संशोधित), (काठमाडौं : सहयोगी प्रेस, २०४६), पृ. २५८ ।

१९ केदारनाथ खनाल, **अनुभूतिका शब्दतरङ्ग**, (चितवन : चितवन साहित्य परिषद्, २०६१), पृ. २ ।

२० मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त प्रयोग**, पूर्ववत्, पृ. ५६५ ।

### ४.२.१.६ जीवनदृष्टि

निरुद्देश्य वा निष्प्रयोजन साहित्यको रचना नगरिने हुनाले साहित्यकै एक प्रमुख विधा कविताको रचना पनि निरुद्देश्य वा प्रयोजनहीन वा जीवनदृष्टि नभएको हुँदैन । यसका साथै कवितासृजनामा कुनै न कुनै उद्देश्य वा जीवनदृष्टि अवश्यै हुन्छ ।[२१] जीवनदृष्टिको अर्को नाम उद्देश्य हो यसकारण कुनै पनि विषयवस्तुमा आधारित भएर भावमय, अनुभूतिप्रधान, कलात्मक, व्यञ्जना, अभिव्यञ्जनात्मक प्रकटीकरण नै कविताको उद्देश्य वा जीवनदृष्टि हो ।[२२] **अनुभूतिका शब्दतरङ्ग**को जीवनदृष्टि पनि विकारले दुर्दशापूर्ण हुन पुगेको राष्ट्रप्रति संवेदनशील हुने आध्यात्मिक चेत, दार्शनिकता र अनुभूतिप्रधानताको प्रकटीकरण ।

### ४.२.१.७ लय/छन्द

कविताकाव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लयलाई मानिन्छ । वास्तवमा लयले नै कविताको पहिचान गराउँदछ । कवितामा लयले लालित्यता सृजना गराउँदछ । साथै श्रुतिमोहकसमेत गराउँदछ । मानवीय जीवनका गतिको लयलाई कविताको लयले सबैभन्दा बढी समात्न, पक्रन र अभिव्यक्ति दिन सक्षम भएकाले नै प्राचीन कालदेखि आजसम्म कविताविधा लोकप्रिय र प्रभावपूर्ण विधा हुन सक्षम भएको छ ।[२३] भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत श्लोकात्मक र अनुच्छेदात्मक उच्चारण र श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत स्थिति नै लयविधान हो ।[२४] सङ्गीतमा आरोह-अवरोहको विशेषक्रम वा गाउने शैली नै लय हो ।[२५] अनुभूतिका शब्दतरङ्गभित्रका पद्यकवितामा पिङ्गल छन्दको लयविधान प्रयोग भएको पाइन्छ भने गद्यकवितामा आख्यानात्मक विचारात्मक शैलीको प्रभाव पाइन्छ ।

संस्कृत 'छदि' धातुबाट निर्मित 'छन्द' शब्दको अर्थ आनन्दित पार्नु, फकाउनु, बाँध्नु आदि हुन्छ । छन्दले कवितात्मक भाषाशैलीलाई आकर्षक, सजीव, प्रभावकारी र चमत्कारपूर्ण बनाइदिन्छ किनकि यसमा गेयता र सूत्रबद्धता हुन्छ ।[२६] यस हिसाबले हेर्दा कवितामा छन्दको महत्त्व र उपदेयता अझ बढी हुन्छ कारण छन्दबद्ध कविता नै लयविधानको मर्मलाई राम्ररी उद्घाटित गर्ने खालका हुन्छन् । **अनुभूतिका शब्दतरङ्ग**भित्रका कवितामा शार्दूलविक्रीडित, अनुष्टुप्, शिखरिणी, उपजाति छन्दको प्रयोग पाइन्छ भने केही कविता गद्यछन्दको रूपमा पाइन्छन् । जस्तै –

---

२१ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २३५ ।

२२ ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २४ ।

२३ ऐजन, पृ. २१ ।

२४ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग–४), पूर्ववत्, पृ. १९ ।

२५ सूर्यविक्रम ज्ञवाली (सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ६५५ ।

२६ कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, पूर्ववत्, पृ. २५८ ।

**शिखरिणी छन्द –**

हटाई सारा ती कलह विष दुर्भाव जडता
फिजाई प्रज्ञाको नवकिरण सद्भाव ममता
सबै नेपालीमा सुख सुयश समृद्धि भरिद्यौ
भवानी हे दुर्गे ! घरघर महाँ शान्ति छरिद्यौ ।

– *दशैँ शुभकामना*

**उपजाति छन्द –**

नारायणी पश्चिममा बहेकी
पवित्रताको उपमा बनेकी
सोमेश्वरै दक्षिणको धुरी हो
चितौन मेरो अलकापुरी हो ।[२७]

– *चितौन मेरो अलकापुरी हो*

**अनुष्टुप् छन्द –**

फलून् थरि थरि फूल मोतीको वाटिका भरी
कवि तिम्रो रहोस् नाम युगौँयुग सधै भरी[२८]

– *मोती वाटिका*

यसरी दसैँको समय अति नै रम्य, सफा, सुन्दर हुने र नेपालीहरूको सुख, समृद्धि र प्रगतिको कामना कविले *दसैँ शुभकामना* कवितामा दिएका छन् । त्यसैगरी *चितौन मेरो अलकापुरी हो* भन्ने कवितामा । ७६ औँ जिल्लाका रूपमा लिइने चितवनको विशेषताका साथै नारायणी नदीको पवित्रताका बारेमा प्रस्तुत गरेका छन् । नानाथरीका फूलहरू फुल्दा देखिने सुन्दरताको स्वरूप देखाउँदै कविको जीवन पनि जसरी फूल फुल्दा राम्रो देखिन्छ त्यसरी नै तिम्रो जीवन पनि सधैँभरि सुगन्धित बास्नादार होस् भन्ने कुरा देखाएका छन् ।

---

२७ केदारनाथ खनाल, **अनुभूतिका शब्दतरङ्ग**, पूर्ववत, पृ. ८ ।
२८ ऐजन, पृ. १९ ।

### ४.२.१.८ भाषाशैली

जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ, त्यसका लागि उपलब्ध भएका भाषिक विकल्पहरूमध्येबाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधानसमेत सृजित हुने कुरा नै कविताको भाषाशैली हो ।[२९] कवितामा भाव र यसै भावबाट उद्‌बुद्ध हुने अनुभूतिलाई बोक्ने, संवहन गर्ने तत्त्व भाषा हो र यही भावनाभूतिलाई विशिष्ट तौरतरिका, विधि, पद्धति एवम् ढाँचा, ढर्रा र विशेष किसिमको प्रक्रिया अपनाउने तत्त्व नै शैली हो ।[३०] **अनुभूतिका शब्दतरङ्ग**मा सहज शैलीमा अति सरल शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

### ४.२.१.९ अलङ्कार

कवितालाई सजाउने, सुन्दर पार्ने र थप चामत्कारिता प्रदर्शन गर्ने अर्को तत्त्व अलङ्कारलाई मानिन्छ । अलङ्कार भन्नाले भ्रमण गर्ने वस्तु भन्ने बुझिन्छ । यसप्रकार प्रशस्त सीप कुँदेर वा साह्रै बनाएर भनिएको कथनलाई अलङ्कार भनिन्छ ।[३१] रमाइला शब्दयोजना र अर्थ चमत्कारद्वारा काव्यलाई सजाउने तथा आकर्षक पारी भाषामा लालित्य झल्काउने काम अलङ्कारले गर्दछ ।[३२] **अनुभूतिका शब्दतरङ्ग**भित्रका कवितामा स्वभावोक्ति, रूपक, स्मृति अलङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै –

**स्वभावोक्ति अलङ्कार –**

यत्रतत्र गरा फाँट वनकुञ्ज हराभरा
गण्डकीबाट सिँचेकी पावनी यी वसुन्धरा

*– धर्मोरक्षति रक्षित*

**रूपक अलङ्कार –**

लालीगुराँस हुँ आफ्नो, अग्लो माथ सजाउने
आफ्नै वन पखेरामा डाँफे नाच्न रमाउने

*– नेपाल नाम सुन्दर*

---

२९ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता** (भाग–४), पूर्ववत्, पृ. १९ ।
३० ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, पूर्ववत्, पृ. २३ ।
३१ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र,** (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७), पृ. ७० ।
३२ कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, पूर्ववत्, पृ. २७२ ।

**स्मृति अलङ्कार –**

उनैको स्मृतिमा आज श्रद्धाले नतमस्तक
अर्पन्छौँ शब्दका गुच्छा, भावविभोर भै सब

– *धर्मोरक्षति रक्षित*

### ४.२.१.१० बिम्ब र प्रतीक

सर्जकका मानसपटलमा रहेको मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[३३] प्रस्तुत वस्तुद्वारा अप्रस्तुतको र अप्रस्तुतद्वारा प्रस्तुतको चित्राङ्कन गरी प्रस्तुतलाई सम्मूर्तित बनाउनु नै सामान्यार्थमा बिम्ब हो । बिम्बको उद्देश्य पाठकसामु भाव वा विचारलाई मूर्तवान् बनाएर त्यसलाई अझै संवेद्य बनाउनु हो भने प्रतीकको उद्देश्यचाहिँ भाव वा विचारलाई सङ्केतित गर्नु मात्र हो । यसैले प्रतीक र बिम्बको यही सादृश्य सम्बन्धका कारण बिम्बवर्गीकरणमा प्रतीकात्मक बिम्ब देखापरेको पाइन्छ ।[३४] **अनुभूतिका शब्दतरङ्ग**भित्रका कवितामा पौराणिक प्रतीक, प्राकृतिक प्रतीक, ऐतिहासिक प्रतीक (ऐतिहासिक सन्दर्भको) प्रयोग भएको पाइन्छ ।

**प्राकृतिक प्रतीक –**

असारको महिना यो
खनजोत गरेर हिलो आली गर्नु छ ।
समयमै गाबो गाडेर मंसिरको प्रतीक्षामा
मुठी खाएर मुरी उब्जाउन
आ-आफ्ना फाँटका गरामा खट्नु परेको छ ।
असारको महिना यो ।

– *कर्मयोग*

---

३३ लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

३४ ऐजन, पृ. ४४ ।

**ऐतिहासिक प्रतीक –**

> लखन थापाको सन्तान बक्राङी जितबहादुर थापा
> धनुषा - मोहन ठाकुर, सञ्जय ठाकुर, बुधनसाहु र ललनसिंह कोइरी
> अनि खोटाङे - राजेन्द्र (ज्ञानेन्द्र श्रेष्ठ)
> धनकुटे - मङ्गलबहादुर लिम्बू
> रोल्पाली - छोकबहादुर थापा
> झापाली - प्रकाश अधिकारी
> ललितपुरका - विष्णु खड्का र
> लमजुङे - विष्णुहरि थापा ।

– *एउटा कालो दिन*

**पौराणिक प्रतीक –**

> केही खलनायकहरू
> दुर्योधन हठलाई पम्पु दिएर हावा भर्दैछन्
> शकुनि पासा पल्टाउन उद्यत हुँदै

– *खलनायकहरू*

बिम्बपरक चित्रात्मक प्रस्तुतिले प्रस्तुत कृति समर्पित भएको पाइन्छ ।

### ४.२.१.११ **सारांश**

केदारनाथ खनालको पुस्तकाकार कृतिमध्ये वि.सं. २०६१ सालमा प्रकाशित **अनुभूतिका शब्दतरङ्ग** कवितासङ्ग्रह प्रथम कृति हो । यसभित्रका कविता सुन्दर छन् । राष्ट्रप्रेम, जातिप्रेम, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, मुलुकको वार्तमानिक विग्रहप्रति चिन्ता, आध्यात्मिक चेत तथा दार्शनिकताजस्ता कुरा खनालका कवितामा राम्ररी समाहित भएका छन् । जीवन र जगत्को अनुभूतिजन्य तरङ्गहरू छन् ।

कृति सरल, सरस भाषामा भएकाले सामान्य पाठकहरूले पनि सजिलैसित भाव ग्रहण गर्नसक्ने देखिन्छ । जेहोस् खनालको प्रथम प्रकाशित कृति भएकाले कमीकमजोरी हुनु स्वाभाविकै मान्नुपर्छ तथापि खनालले आफ्नो कलमलाई तिखार्न क्रमश: परिष्कार र परिमार्जन गर्दै जानुपर्ने देखिन्छ ।

## ४.२.२ 'शिक्षा : केही गन्थन केही मन्थन' लेखसङ्ग्रहको अध्ययन

साहित्यकार केदारनाथ खनालद्वारा वि.सं. २०६२ सालमा प्रकाशित **शिक्षा : केही गन्थन केही मन्थन** लेखसङ्ग्रहलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.२.१ शीर्षक

चौधओटा लेखहरूको सँगालो नै प्रस्तुत कृति हो, जुन शिक्षा विज्ञानमा आधारित छ र यसमा प्रायः समीक्षात्मक शैलीको माध्यमबाट शैक्षिक योजना र विकृतिमाथि कटुसत्य आलोचना प्रस्तुत गरिएका छन् । वि.सं. २०६२ सालमा प्रकाशित भएको साहित्यकार केदारनाथ खनालको दोस्रो कृति हो **शिक्षा : केही गन्थन केही मन्थन** । कवितासङ्ग्रह प्रकाशित गरिसकेका खनालले यसलाई लेखसङ्ग्रहको कक्षमा राखेका छन् । सेतो र हल्का आकाशे रङ्मा सुसज्जित कृतिको बाह्यावरण दुईचारओटा पुस्तकका ठेली राखिएको र एकदुईओटा पुस्तक पल्टाइएका जसभित्र केही गन्थन-मन्थन गरिएको आशय झल्किन्छ । खनालले माध्यमिक विद्यालयदेखि स्नातकतहसम्मको पाठ्यक्रम, पाठ्यपुस्तक परिमार्जन, शैक्षिक प्रशासन, शिक्षक-प्रशिक्षण र स्कुल-कलेजका कक्षा-शिक्षणका अनुभवहरू लेखका रूपमा यस सङ्ग्रहमा समेट्नुका साथै बेलामौकामा विभिन्न पुस्तक, पत्र-पत्रिकामा प्रकाशित लेखहरूको अध्ययन र आफूले देखेभोगेका, कक्षाकोठामा अनुभव गरेका र मनमा लागेका गन्थनहरू नै यसमा सङ्कलित भएकाले कृतिको मूल शीर्षक सान्दर्भिक देखिन्छ ।

### ४.२.२.२ संरचना

बाह्यसंरचनाका दृष्टिले **शिक्षा : केही गन्थन केही मन्थन**लाई झट्ट हेर्दा १२४ पृष्ठमा कूल १४ ओटा लेखहरूको माला उनिएको मध्यमाकारको कृतिका रूपमा देखिन्छ । सेतो र आकाशे नीलो रङ्गको पृष्ठभूमिमा बाह्यावरण सुसज्जित छ भने पश्चावरणमा लेखकको सङ्क्षिप्त परिचय, प्रकाशित कृतिहरूको सूचीका साथै लेखकले पाएको सम्मान, पुरस्कार, पदक एवम् सम्प्रति, संलग्नता र भ्रमणसमेत प्रस्तुत गरिएको छ । वि.सं. २०६२ सालमा १९२ औं भानु जयन्तीको अवसरमा प्रकाशित प्रस्तुत कृति चितवन छापाखानाबाट मुद्रण भएको देखिन्छ । शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेको *असली कलम* शुभकामना र डा. नारायणप्रसाद खनालको भूमिका रहेको यो कृति बाह्यसंरचनाका दृष्टिबाट कृति मजबुत देखिन्छ । कृतिभित्र समाविष्ट लेखहरू हेर्दा शिक्षा, शिक्षण, शैक्षिक संस्था, शिक्षार्थी र शिक्षकहरूका साझा समस्यामा केन्द्रित देखिन्छन् । विभिन्न मितिमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका लेखहरूलाई नै पुनः सङ्कलन गरी पुस्तकाकार रूप दिइएको प्रस्तुत कृतिका सामग्रीहरूले उपर्युक्त राष्ट्रिय समस्या समाधानार्थ केही हदसम्म भए तापनि सन्देशमूलक र सूचनामूलक विषय प्रतिपादन गरेकाले आन्तरिक संरचनालाई पनि कमजोर श्रेणीमा राख्न नसकिने देखिन्छ ।

### ४.२.२.३ **विषयवस्तु**

**शिक्षा : केही गन्थन केही मन्थन**का विषयवस्तुहरूलाई निम्नानुसार चौधओटा बुँदामा बाँडिएको छ - वर्तमान शिक्षासम्बन्धी केही सवालहरू, शिक्षण पेसा, चितवनको शैक्षिक विकास एक झलक, शिक्षा विकासको क्रममा पब्लिक क्याम्पस र उच्च माध्यमिक शिक्षा, शिक्षा र दर्शन, लघुशिक्षण, शिक्षक तालिममा नवप्रवर्तन, एक्काईसौँ शताब्दीमा हाम्रो शिक्षानीति, शैक्षिक विकासमा जनप्रतिनिधि र व्यवस्थापन समितिको भूमिका, शिक्षामा नैतिकताको आवश्यकता, निवृत्त शिक्षकहरूको उपयोगिता र चुनौतीहरू, शिक्षा : प्रतिबद्धता र नयाँ दृष्टि । प्रस्तुत कृतिमा विविध मितिमा विविध पत्रपत्रिकाहरूमा प्रकाशित समसामयिक सन्दर्भका १४ ओटा शीर्षकमार्फत् विविध विषयका विषयवस्तुलाई उठान गर्ने प्रयत्न गरे पनि आखिरमा माखेसाङ्लो बुन्दै गई घुमिफिरी रुम्जाटार भनेझैँ लेखक कतै अल्झिँदै त कतै बल्झिँदै पुनरावृत्तिको फन्दामा फस्दै अन्ततः शिक्षा, शिक्षण, शैक्षिक संस्था, शिक्षार्थी र शिक्षकहरूका साझा समास्यामा बेरिन पुगेका देखिन्छन् ।

**शिक्षा : केही गन्थन केही मन्थन** कृतिभित्रका चौधओटा लेखहरूको विषयवस्तुको सरसर्ती छोटो टिपोट गरिएको छ :

- *वर्तमान शिक्षासम्बन्धी केही सवालहरू* लेखमा प्रतिवर्ष मोटो रकम शिक्षाक्षेत्रमा लगानी गरेर पनि उचित प्रतिफल नदेखिएकाले बौद्धिक व्यक्तित्वको परनिर्भरता रहेको अवस्थामा शिक्षाको भविष्य अन्योलग्रस्त देखाएको छ ।
- *शिक्षा पेसा : हिजो र आज* लेखमा शिक्षणको नयाँ पुराना अर्थ र परिभाषा, गुरु शब्दको व्याख्या र स्वार्थको घेराबाट मुक्त शिक्षण नै आजको शिक्षण हो भन्न खोजिएको छ ।
- *चितवनको शैक्षिक विकास एक झलक* लेखमा चितवनको शैक्षिक विकासको क्रमलाई तथ्यगत रूपमा हेर्ने प्रयत्न गरिएको छ ।
- *शिक्षा विकासको क्रममा पब्लिक क्याम्पस र उच्च माध्यमिक शिक्षा : एक दृष्टि* लेखमा उच्च शिक्षाको वर्तमान अन्योलग्रस्त शैक्षिक स्थितिको यथार्थता प्रस्तुत भएको छ ।
- *शिक्षा र दर्शन* लेखमा शिक्षा, शिक्षक र दर्शनको परिभाषा दिँदै शैक्षिक दर्शनको निचोडका साथ शिक्षा दिनसके स्तरीय र उत्पादनमूलक जनशक्ति उत्पादन हुने जनाइएको छ ।

- *लघुशिक्षण : एक परिचय* लेखमा शीर्षकअनुरूपको शिक्षणको प्रक्रियाअन्तर्गत सीप-परिभाषा, योजना-निर्माण, पाठ-शिक्षण, पृष्ठपोषण, पुन:योजना निर्माण, पुन:शिक्षणद्वारा छात्र, शिक्षकहरूलाई छोटो समयमा राम्रो शिक्षणप्रक्रिया सम्पादन हुने सूक्ष्म-शिक्षणप्रविधिलाई प्रस्ट पारिएको छ ।
- *शिक्षक तालिममा नवप्रवर्तन* लेखमा शिक्षक तालिमको प्रविधिपक्षसँग सम्बन्धित नवप्रवर्तनलाई व्यवहार परिमार्जन पद्धति, योजनाबद्ध शिक्षणको अवधारणा, ठूलो समूह र सानो समूहको शिक्षण आदिका माध्यमबाट प्रस्ट्याइएको छ ।
- *एक्काईसौँ शताब्दीमा हाम्रो शिक्षानीति* लेखमा नेपाली शिक्षा विकासको वस्तुस्थितिलाई समीक्षात्मक रूपमा प्रस्तुत गरिएको छ ।
- *शैक्षिक विकासमा जनप्रतिनिधि र व्यवस्थापन समितिको भूमिका* लेखमा विद्यालय व्यवस्थापनमा जनप्रतिनिधिको भूमिकालाई राम्ररी औँल्याउनुका साथै शैक्षिक व्यवस्थापनको समीक्षा पनि गरिएको छ ।
- *शिक्षामा नैतिकताको आवश्यकता* लेखमा नैतिक शिक्षाको आवश्यकता र महत्त्वलाई नीतिशास्त्रका उदाहरणद्वारा पुष्टि गरिएको छ ।
- *निवृत्त शिक्षकहरूको उपयोगिता र चुनौतीहरू* लेखमा निवृत्तिभरण उपयोग गर्नुपर्ने वा गरिरहेका शिक्षकहरूलाई विविध विकास-अनुसन्धान तालिम आदि काममा लगाउनुपर्ने, सेवानिवृत्त शिक्षक सङ्घमार्फत् आफ्ना अधिकार र सुविधा जुटाउन लाग्नुपर्ने अवस्था रहेको देखाइएको छ ।
- *शिक्षापद्धतिमा परिवर्तनको खाँचो* लेखमा साधारण शिक्षामा भन्दा व्यावसायिक शिक्षामा राष्ट्रको लगानी केन्द्रित हुनुपर्ने र यसबाट राष्ट्रिय जनशक्ति राष्ट्रमै खपत हुनसक्छ भन्ने यथार्थलाई उदाङ्ग पारिएको छ ।
- *शिक्षण पेसा र यसका चुनौतीहरू* लेखमा शिक्षणलाई व्यवसाय र पेसामा वर्गीकरण गर्दै शिक्षण पेसामा शिक्षकको अहम् भूमिका रहने भएकाले शिक्षकले आफूलाई शिक्षार्थीअनुरूपको शिक्षण गर्न सक्ने बनाउनु आवश्यक भएको निष्कर्ष प्रस्तुत गरिएको छ ।
- *शिक्षा : प्रतिबद्धता र नयाँ दृष्टि* लेखमा 'सबैका लागि शिक्षा' भन्ने नाराको सफल कार्यान्वयनद्वारा बालबालिकालाई शान्तिक्षेत्र मानी

उनीहरूको शिक्षादीक्षा राम्ररी निरन्तर सञ्चालित भइरहनुपर्छ भन्ने कुरालाई देखाइएको छ ।

### ४.२.२.४ रसभाव

**शिक्षा : केही गन्थन केही मन्थन** शिक्षा-विज्ञानमा आधारित छ र यसमा प्राय: समीक्षात्मक शैलीका माध्यमबाट शैक्षिक योजना र विकृतिमाथि कटुसत्य आलोचना प्रस्तुत गरिएका छन् ।[३५] कृतिका सम्पूर्ण लेखहरू उपयोगी हुनुका साथै समग्रमा राष्ट्रको वर्तमान अवस्थालाई ध्यानमा राखी समस्यासमाधानार्थ लेखकले आफ्ना भावहरू व्यक्त गरेका हुन् । लेखनकला हेर्दा सत्यतथ्यभन्दा पनि मनोगत विश्लेषण वा भावद्वारा प्रभावित भएको देखिन्छ । राज्यको शिक्षाप्रणालीप्रति कटाक्षप्रहार, व्यङ्ग्य-विद्रोहको विष्फोट ठाउँठाउँमा भएको पाइन्छ । शैक्षिकजगत्मा आउनुपर्ने रचनात्मक सुधार र अठोटको सट्टा शिथिलता, बढ्दो गैरजिम्मेवारीपना, शिक्षामा भएको स्तर पनि ह्रासोन्मुख, सबै पक्षबाट अनुशासन तोडिएको, पदीय दायित्वको निर्वाह नभएको, प्राज्ञिक क्षेत्रमा आवश्यकभन्दा बढी राजनीतिको हाबी, शैक्षिकजगत् अन्यौलग्रस्तमा परेको विषयतर्फ ध्यानाकर्षण गराउँदै समाधानार्थ सबैलाई जागरुक गराउने प्रवृत्तिगत भावविधान यसमा पाइन्छ ।

### ४.२.२.५ दृष्टिबिन्दु

यस कृतिमा वस्तुपरक लेखनशैलीद्वारा कतै प्रथम त कतै तृतीयपुरुषको दृष्टिबिन्दुमा विषयवस्तुको प्रतिपादन गरिएको पाइन्छ ।

### ४.२.२.६ जीवनदृष्टि

राष्ट्रिय एवम् अन्तर्राष्ट्रियजगत्मा देखिएका समकालीन विद्यमान शैक्षिक, प्रशासनिक विसङ्गतिप्रति पूर्णत: असन्तुष्टि र विद्रोह जाहेर गर्दै तिनमा सुधार गरी राष्ट्रियता, सार्वभौमिकता र प्रजातन्त्रलाई सबल र सुदृढ पार्नका खातिर शिक्षक, प्राध्यापक, विद्यार्थी एवम् शिक्षाप्रेमीहरूलाई सचेत गराई तदनुकूलको व्यवहार अपनाउन सुझाव, सल्लाह र मार्गनिर्देशन गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि देखिन्छ ।

---

३५ केदारनाथ खनाल, **शिक्षा केही : गन्थन केही मन्थन**, (चितवन : चितवन साहित्य परिषद्, २०६२) ।

### ४.२.२.७ भाषाशैली

भाव वा विचारको जुन बहाव देखिन्छ त्यसको अनुपातमा भाषाशैलीमा स्पष्टता पाइँदैन । तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरू पाइन्छन्, शैक्षिक एवम् प्रशासनिक क्षेत्रका पारिभाषिक पदावलीको अधिक प्रयोग गरिएको पाइन्छ । लामालामा वाक्यगठन, घुमाउरा र क्लिष्ट शब्दहरूको प्रयोगले प्रस्तुत कृति केही जटिल पो हो कि भन्ने आभास दिलाउँछ ।

### ४.२.२.८ सारांश

साहित्यकार केदारनाथ खनालका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०६२ सालमा प्रकाशित **शिक्षा : केही गन्थन केही मन्थन** लेखसङ्ग्रह दोस्रो कृति हो । विभिन्न मितिमा विविध पत्रपत्रिकाहरूमा प्रकाशित समसामायिक सन्दर्भमा आधारित जम्मा १४ ओटा लेखहरू यसमा राखिएको पाइन्छ । विशेषत: शैक्षिकक्षेत्रमा देखिएका कमीकमजोरीलाई खोतलखातल पारी उदाङ्गो बनाएको, गैरजिम्मेवारीपन प्रसङ्गका चर्चा गर्दै ती समस्यालाई खोतली समाधानार्थ सम्बन्धित पक्षले खेल्नुपर्ने उत्तरदायी र रचनात्मक भूमिकाको समेत उल्लेख भएका विषयवस्तु यसमा देखिन्छ । यो साहित्यिक कृति नभएर स्वतन्त्र फुटकर लेखहरूको सङ्ग्रह मात्र हो । कृतिभित्र भावको बहावको दाँजोमा भाषाशैली दुर्बल देखिन्छ । लेखसङ्ग्रहका रूपमा चाहिँ प्रथम प्रकाशित कृति भएकाले कमीकमजोरी देखिनुलाई अस्वाभाविक मान्नु हुँदैन र आउँदा दिनमा उनीबाट अझ स्तरीय लेखसङ्ग्रह प्रकाशन गर्नमा यसले सकारात्मक दिग्दर्शन अवश्य नै प्रदान गर्छ भनी आशा गर्न सकिन्छ ।

## ४.२.३ 'यात्राका स्पन्दनहरू' नियात्रासङ्ग्रहको अध्ययन

साहित्यकार केदारनाथ खनालद्वारा वि.सं. २०६५ सालमा प्रकाशित **यात्राका स्पन्दनहरू** नियात्रासङ्ग्रहलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.३.१ शीर्षक

**यात्राका स्पन्दनहरू** शीर्षकअनुसार यो यात्रानुभूतिकै स्पन्दन वा ढुकढुकी हो । वि.सं. २०६५ सालमा चितवन : चितवन साहित्य परिषद्द्वारा प्रकाशित केदारनाथ खनालको विविध संस्मरणहरू रहेको तेस्रो कृतिको रूपमा रहेको छ । **यात्राका स्पन्दनहरू**लाई झट्ट हेर्दा बाह्यावरणको अग्रपृष्ठमा सेतोनीलो रङ्गमा रङ्गिएको र विभिन्न देशका टावर, भवन एवम् सहरहरूको चित्र राखिएको छ । ती अमूक चित्रहरूले कृतिको शीर्षकलाई सार्थक पार्न खोजेको आशय झल्किन्छ । शीर्षकको कोणबाट जेजस्तो अर्थ लगाए पनि कृतिभित्रका विषयवस्तुहरूमा भारत, जापान, अमेरिकायात्राका क्रममा सँगालिएका अनुभूतिहरूको जीवन्त चित्रात्मक रूप देख्न पाइने भएकाले शीर्षक सुहाउँदो छ भनी निर्धक्कसित भन्न सकिन्छ ।

### ४.२.३.२ **संरचना**

साहित्यकार केदारनाथ खनालको तेस्रो एवम् साहिँलो कृति **यात्राका स्पन्दनहरू** नियात्रासङ्ग्रह वि.सं. २०६५ सालमा चितवन साहित्य परिषद्को प्रकाशकत्वमा चितवन छापाखानाद्वारा प्रकाशन भएको हो । जम्माजम्मी उन्नाईसओटा यात्रासंस्मरणात्मक निबन्धहरू रहेको यस कृतिका सुरुका दुई संस्मरण नेपाल र छिमेकी देश भारत भ्रमणको सन्दर्भसँगै सम्बन्धित छन् भने पाँचओटा संस्मरणहरू जापानयात्रासँग र बाँकी एक दर्जन संस्मरणहरू अमेरिकायात्रासँग सम्बन्धित छन् । १३२ पृष्ठको मध्यमाकारको यस कृतिमा १९ ओटा संस्मरणहरू सङ्गृहीत छन् । कृतिको बाह्यावरणतर्फ दृष्टि दिँदा सेतो-नीलो, आकाशे रङ्गमा रङ्गिएको र विभिन्न चित्रहरू अङ्कित गरिएको छ भने बाह्यावरणकै पछाडिपट्टि लेखकको सङ्क्षिप्त परिचय प्रकाशित र प्रकाशोन्मुख कृतिहरूको सूची अग्रभागको झल्को दिने चित्र राखिएको छ । यसरी बाह्यसंरचनाका दृष्टिले प्रस्तुत कृति समृद्ध भएको पाइन्छ भने आन्तरिक संरचनाका दृष्टिले पनि उत्तिकै समृद्ध भएको पाइन्छ ।

### ४.२.३.३ **विषयवस्तु**

कुनै पनि कृतिमा समाहित विषयवस्तुले त्यसको महानता र महत्ताको स्तर निर्धारण गर्दछ । यस दृष्टिकोणबाट **यात्राका स्पन्दनहरू**मा समाविष्ट विषयवस्तुहरूलाई केलाउँदा रचनागत विविधता पाइन्छ । कूल १९ ओटा शीर्षकमा विविध विषयवस्तुहरूलाई समेटी व्याख्या गर्नमा केदारनाथ खनाल खप्पिस देखिन्छन् । पहिलो शीर्षक *सोमेश्वरको ओझेलमा परेको नेपालीहरू* छ, जसमा तत्कालीन नेपालको सेनवंशी राजा र अन्य जात/थरका मानिसको बसोबास, तिनले निर्माण गरेको नेपाली संस्कृतिको अवशेष, साहित्यिक स्थितिको अभिलेखन, नेपालीका परिचायक गोपालसिंह नेपाली, अन्य ऐतिहासिक, सामाजिक परिदृश्य उतारेको पाइन्छ । यस्तै अन्य शीर्षकका निबन्धहरू पनि सुन्दर र पठनीय छन् । यिनमा भिन्न मुलुकको संस्कृति, जीवन र भूगोल छ । समग्रमा भन्नुपर्दा केही पारिवारिक एल्बमजस्तो, केही इष्टमित्रसँगको बसउठ र स्मृतिबिम्बजस्तो, केही आफन्तजनसँग भलाकुसारीको विवरणचित्रजस्तो पनि रहेको पाइन्छ ।

**यात्राका स्पन्दनहरू** कृतिभित्रका उन्नाईसओटा निबन्धहरूको विषयवस्तुको सरसर्ती छोटो टिपोट गरिएको छ :

- *सोमेश्वरको ओझेलमा परेका नेपालीहरू* निबन्धमा विहारको चम्पारन जिल्लामा पर्ने रामनगर एकपल्ट नेपाल थियो भन्ने कुरा प्रस्ट्याएको पाइन्छ ।

- *झझल्कोमा पर्वतकी रानी* निबन्धमा दार्जीलिङको टाइगर हिलबाट सूर्योदय हेर्दाको अनुपम सौन्दर्यको अनुभूति र बूढो हुनाको गौरवमा जापानी संस्कृतिमा पाका उमेरका नागरिकलाई गरिने आदर-सम्मानभावका बारेमा दर्साइएको छ ।
- *सानो संसार*भित्र उच्च नेपालमा जापानका अनेक दार्शनिक स्थल र क्रियाकलापले तानेको मन, बाँदर पहाडको भ्रमण, प्राचीन संस्कृतिको संरक्षणको नमुना आदि कुरा झल्किएको पाइन्छ ।
- *सबै काम हाकिमले नै गर्दारहेछन्*मा जापानको उन्नति, प्रगति, सरलता, महानता, अनुशासन, आत्मसम्मान आदि देखिएको पाइन्छ ।
- *टोकियोको अतृप्त यात्रा र हिरोसिमाले जन्माएको भावुकता*मा जापानी सभ्यताको धरोहर, त्यहाँका अनेक प्रणाली, तिनीहरूको व्यवस्थित रूप र भव्यताका बारेमा देखाएको पाइन्छ ।
- *स्मृतिबिम्बमा फिनिक्सका दिनहरू*मा अन्तर्राष्ट्रिय तहमा हाइब्रिड समाजको निर्माण हुन थालेको, सिमानाहरू भत्किएका जस्ता कुराहरू झल्किएको पाइन्छ ।

अन्य निबन्धहरू अमेरिकायात्रासँग सम्बन्धित छन् । अमेरिकाको संस्कृति, जीवन, भूगोल, विज्ञानको प्रगति, मानव आकाङ्क्षाको उचाइ, सुन्दर वातावरण आदि र ऐतिहासिकताको झल्काहरू दर्साएको पाइन्छ ।

### ४.२.३.४ रसभाव

कुनै पनि कृतिको उत्कृष्टता वा लोकप्रियता त्यसमा अभिव्यक्त भावविधानमा निर्भर गर्दछ । **यात्राका स्पन्दनहरू**मा व्यक्त विषयवस्तुहरू नेपालकै डाँडाकाँडा, भञ्ज्याङ्ग-देउराली, खोलानाला, तराई, हिमालकै भौगोलिक स्वरूप र प्राकृतिक दृश्यहरूसँग देखेका वस्तुलाई दाँजेर हेरेको पाइन्छ । राष्ट्रिय जीवनका हीनता, क्षुद्रता र असङ्गत स्थितिलाई कसरी हटाउने, उपयोगी ज्ञान र विकासवादी भावनातर्फ उत्प्रेरित गराउनु नै यसको मूलभाव देखिन्छ ।

### ४.२.३.५ दृष्टिबिन्दु

यस कृतिमा वस्तुपरक लेखनशैलीद्वारा कतै प्रथम त कतै तृतीयपुरुषको दृष्टिबिन्दुमा विषयवस्तुको प्रतिपादन गरिएको पाइन्छ ।

### ४.२.३.६ जीवनदृष्टि

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिजगत्मा देखिएका समकालीन विद्यमान सामाजिक, राजनीतिक, शैक्षिक विसङ्गतिप्रति पूर्णतः असन्तुष्टि, विद्रोह जाहेर गर्दै तिनमा सुधार गरी राष्ट्रियजीवनका हीनता, क्षुद्रता र असङ्गत स्थितिलाई कसरी हटाउने तथा राष्ट्रिय भावना कसरी जगाउने भन्नेतर्फ सचेत गराई तदनुकूलको व्यवहार अपनाउनु, सुभ्फावसल्लाह र मार्गनिर्देशन गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि देखिन्छ ।

### ४.२.३.७ भाषाशैली

**यात्राका स्पन्दनहरू**को भाषाशैली सहज र सरल छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग देखिन्छन् । कहीँकतै छिटफुट रूपमा अनुकरणात्मक शब्दहरू पनि भेटिन्छन् । विभिन्न घटना र अनेक दृश्यबिम्बहरू कथ्यसूत्रमा प्रस्तुत गरेको पाइन्छ । भाषा गद्यलेखनशैलीमा बगेको छ ।

### ४.२.३.८ सारांश

साहित्यकार केदारनाथ खनालका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०६५ सालमा प्रकाशित **यात्राका स्पन्दनहरू** तेस्रो कृति हो । समसामयिक सन्दर्भमा आधारित जम्मा उन्नाईसओटा निबन्धहरू यसमा राखिएको पाइन्छ । भिन्न मुलुकको संस्कृति, जीवन, भूगोल एवम् सामाजिक, ऐतिहासिक परिदृश्य उतारेको पाइन्छ । राष्ट्रियजीवनका हीनता, क्षुद्रता र असङ्गत स्थितिलाई कसरी हटाउने उपयोगी ज्ञान र विकासवादी भावनातर्फ उत्प्रेरित गराउनु यसको मूलभाव रहेको छ । यसमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । यसले नियात्राकारका हार्दिक, भावनात्मक, अनुभूतिगत र मनोगत पक्षहरूलाई समेत मुखरित गरेका छन् ।

## ४.२.४ 'स्मृतिका बिम्बहरू' संस्मरणसङ्ग्रहको अध्ययन

साहित्यकार केदारनाथ खनालद्वारा वि.सं. २०६६ सालमा प्रकाशित **स्मृतिका बिम्बहरू** संस्मरणसङ्ग्रहलाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

### ४.२.४.१ शीर्षक

स्मृति भनेको स्मरण र सम्झना र बिम्ब भनेको छायामण्डल वा प्रतिबिम्ब प्रतिमूर्ति हो ।[३६] विशेषार्थमा सम्झनाका तरेलीहरू पनि भन्न सकिन्छ । वि.सं. २०६६ सालमा चितवन

---

३६ बालकृष्ण पोखरेल, **वृहत् शब्दकोश**, पूर्ववत्, पृ. १३८७ र ९६९ ।

छापाखानामा मुद्रित केदारनाथ खनालको चौथो प्रकाशित कृति **स्मृतिका बिम्बहरू** रहेको छ । प्रस्तुत कृतिको बाह्यावरणमा विभिन्न रङको पृष्ठभूमिमा रातो, हरियो, नीलो, सेतो रङको झट्ट हेर्दा कुनै पनि वस्तुको आकार नआउने कच्याङकुरुङ कोरिएको चित्र राखिएको छ । कृतिभित्रका संस्मरणसँग शीर्षकको समाष्टिगत सम्बन्ध रहेको पाइन्छ । विगतदेखि आगतसम्मका संस्मरणभन्दा आत्मवृत्त र अनुभवको गन्थनमन्थन प्रस्तुत भएको हुनाले शीर्षक औचित्यपूर्ण, सान्दर्भिक र सार्थक छ भन्न सकिन्छ ।

### ४.२.४.२ **संरचना**

**स्मृतिका बिम्बहरू** मझौला आकारको लेखसङ्ग्रह हो । चितवन साहित्य परिषद्, चितवनद्वारा वि.सं. २०६६ मा प्रकाशित यस कृतिको बाह्यावरणतर्फ दृष्टि दिँदा विभिन्न रङका पृष्ठभूमिमा मस्तिष्कका रेखाहरूको चित्र रातो, नीलो, हरियो, पहेँलो, सेतो रङमा कोरिएको पाइन्छ र बीचमा स्मृतिका बिम्बहरू शीर्षक राखिएको छ । १०८ पृष्ठको माध्यमकारको यस कृतिमा २१ ओटा संस्मरणहरू सङ्गृहीत छन् । बाह्यसंरचनाका दृष्टिले प्रस्तुत कृति समृद्ध भएको पाइन्छ भने आन्तरिक संरचनाउपर दृष्टिगोचर गर्दा स्मृतिबिम्बहरूलाई कौशलतापूर्वक टाकटुक बटुली भिन्नभिन्न शीर्षकमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.२.४.३ **विषयवस्तु**

आकारका दृष्टिले **स्मृतिका बिम्बहरू** मझौला आकारको कृति भए पनि धेरै शीर्षक र तद्नुसारका भावहरू उद्घाटनमा सफल हुनु यसको प्रमुख पक्ष मानिन्छ । जम्माजम्मी एक्काईस शीर्षकका संस्मरणहरूमार्फत् अनुभवहरूको गन्थनमन्थन, संस्मरणभन्दा आत्मवृत्तदृष्टि, विगतदेखि आगतसम्मका विकासनिर्माणको गतिशील स्वरूपको बयान, रोचक र मार्मिक स्मृतिबिम्बहरूलाई कौशलतापूर्वक टाकटुक बटुली प्रस्तुत गर्नु नै यसको विषयवस्तु रहेको पाइन्छ । समग्र अनुभवराशि पर्गेलेर हेर्दा मुख्यतया दुई वर्गमा विभाजित रहेको पाइन्छ – (१) घटनासंस्मरण (२) व्यक्तित्व संस्मरण ।[३७]

---

३७ कपिल अज्ञात, *संस्मरणजन्य दृष्टिआलेखन,* केदारनाथ खनाल, **स्मृतिका बिम्बहरू,** (चितवन : चितवन साहित्य परिषद्, २०६५), पृ. झ ।

बाल्यकालीन घटना र परिवेशमा आधारित शैक्षिक विषय, सांस्कृतिक समीक्षामूलक लेख, तात्कालिक विषम परिस्थितिको खुलासा, प्राकृतिक मनमोहक दृश्यको प्रसङ्ग, चितवनको प्रारम्भिक बसोबासको रूपरेखा, खनालको तत्कालीन राजासँगको दर्शनजस्ता विषयवस्तुहरू समेटिएको पाइन्छ । भिन्नभिन्न शीर्षकमा सन्दर्भ र प्रसङ्गलाई सियोधागोले उनेर च्याटचुट पारी सजाइएका ज्ञानबर्द्धक, चित्तरञ्जक, लोमहर्षक अनुभवराशिको संस्मरणात्मक कृतिको रूपमा लिन सकिन्छ **स्मृतिका बिम्बहरू**लाई ।

**स्मृतिका बिम्बहरू** कृतिभित्रका एक्काईसओटा संस्मरणहरूको विषयवस्तु यसरी देखाइएको छ :

(क) *सिँजाली विद्यालयको अतीततिर फर्कँदा*मा बाल्यकालीन घटना, शिक्षाको जागरुकता आउन थालेको तत्कालीन परिवेशमा सार्वजनिक विद्यालयमा लेखक खनालको श्रम भिजेको स्मरण जस्ता कुराहरू झल्किएको पाइन्छ ।

(ख) *तोरीको फूल देखेँ*मा यथेष्ट शक्ति, सीपको अनुभवविना जालमा माछा पार्ने दुस्साहसले दुष्परिणाम भोग्नुपरेको तीतो अनुभव प्रस्तुत भएको देखिन्छ ।

(ग) *झण्डै कालकवलित भएको*मा जीवनका उकाली-ओराली, पारिवारिक नेतृत्व र चालचलनको घटनावृत्त झल्किएको पाइन्छ ।

(घ) *मछुवारी थारू जातिको एक संस्कृति*मा लेखक खनालले थारू अर्थात् माछा मार्न जाने चलन सबैभन्दा आकर्षक र मनमोहक रहेको उल्लेख गर्दै जातीय सांस्कृतिक धरोहरको संरक्षण गर्ने दायित्वप्रति सचेत गराउन खोजेको भाव प्रस्तुत छ ।

(ङ) *सम्झदा आङै फुलेर आउँछ*मा तत्कालीक विषम परिस्थितिको खुलासा रहेको पाइन्छ ।

(च) *मन त त्यतै छुटेट क्यारे*मा धन, मन दुवैले समृद्ध चिसापका मानार्थ सदस्य द्वारिका श्रेष्ठको उदारतापूर्ण पुनीत कार्यका साथै प्रतिवेदनात्मक ढाँचा तथा समग्र कार्यक्रमको रूपरेखा खिँचेको पाइन्छ ।

(छ) *यात्रा तीन : अनुभूति अनेक*मा बृहद् राष्ट्रिय साहित्य सम्मेलन व्यक्तित्व विकासको पृष्ठभूमि, बन्दीपुरका मनमोहक दृश्यहरूजस्ता कुरा देखाएको पाइन्छ ।

(ज) *सम्झनाको तरेली*मा नेपाल उ.मा.वि.मा शिक्षाक्षेत्रमा योगदान पुऱ्याउनेहरूका उल्लेखनीय नामहरू, स्वयम् स्मृतिकारले शिक्षाको उज्यालो खोज्ने प्रयास, थारूको भेषभूषा, रहनसहन आदि विषयजन्य स्मृतिरङ्गहरू रहेको पाइन्छ ।

(झ) *भरतपुर अस्पताल : मेरो स्मृतिचित्रमा* चितवन पुनर्वासको पृष्ठभूमि, प्रारम्भिक बसोबासको रूपरेखा, रोमाञ्चकारी र भयमिश्रित परिवेशको झझल्को आदि प्रतिबिम्बहरूलाई समेटेर तत्कालीन भरतपुर अस्पताल र डाक्टरहरूसँगको भावनात्मक सम्बन्धमाथि टिप्पणी गरिएको छ ।

(ञ) *मनकामनाको काव्यिक यात्रा*मा भारतका धार्मिकस्थल वाराणसी, मथुरा, वृन्दावन, हरिद्वार, ऋषिकेश, बद्रीकेदारजस्तै मनकामना मन्दिर पनि शान्त, स्निग्ध, आध्यात्मिक वातावरणले ओतप्रोत होस् भन्ने मनोभावना देखिएको पाइन्छ ।

(ट) *श्री ५ वीरेन्द्रसँगको कालजयी क्षण*मा तत्कालीन राजासँगको दर्शनभेटसम्बन्धी स्मृतिहरू, राजपरिवारको वीभत्स हत्याप्रति शोकको भावना प्रकट भएको पाइन्छ ।

(ठ) *मेरो स्मृतिमा कोमलनारायण श्रेष्ठ*मा श्रेष्ठका पुत्रसँगको मित्रता एवम् आत्मीय भावना र उदात्त गुणहरूको हार्दिकतापूर्वक स्मरण गरिएको पाइन्छ ।

(ड) *चिरस्मरणीय व्यक्तित्व : गुणराज पाठक, प्रज्ञाचक्षु पण्डित गणेशप्रसाद अर्याल, सूर्यमणि : शिक्षा, साहित्य र इतिहासका त्रिवेणी, श्रद्धेय गुरु पं. लोकनाथ रेग्मीप्रति श्रद्धासुमन, अभिनन्दनीय व्यक्ति मे. किशोर गुरुङ, श्रद्धेय गुरुद्वय पं. लीलाकान्त मरहट्ठा र पं. गोपाल आचार्यप्रति, श्रद्धासुमन : सान्दाइप्रति, अभिनन्दनीय धार्मिक सहिद पं. नारायणप्रसाद पोखरेल* आदि शीर्षकमा ती-ती व्यक्तिहरूका विविध गुणहरूको बयान गरिएको छ ।

(ढ) *स्मृतिबिम्बमा मेरो ताक्लुङ्ग*मा आफ्नै गाउँठाउँको सुन्दर स्वरूपलाई परिचित गराउन खोजेको देखिन्छ ।

### ४.२.४.४ रसभाव

समग्र अनुभवराशि सौन्दर्यभन्दा पनि बढी सत्य र शिवत्वका भावनामा आधारित, समाजसुधारको प्रबल आकाङ्क्षा, कविका कविताप्रति समीक्षात्मक विश्लेषण, आध्यात्मिक गुणदर्शन, स्नेहप्रति कृतज्ञभाव, बौद्धिक व्यक्तित्वको महिमाजस्ता भावविधानमा **स्मृतिका बिम्बहरू** बाँधिएको पाइन्छ ।

### ४.२.४.५ दृष्टिबिन्दु

प्रस्तुत कृतिमा प्रथम, द्वितीय र तृतीय गरी तीनै प्रकारका दृष्टिबिन्दु प्रयोग गरिएको पाइन्छ ।

### ४.२.४.६ जीवनदृष्टि

**स्मृतिका बिम्बहरू**भित्र निजी अनुभूतिजन्य लेखहरू सल्बलाएको छ । खासगरी बाल्यकालीन घटना र परिवेश देखाउनु, जातीय सांस्कृतिक धरोहरको संरक्षण गर्ने दायित्वप्रति सचेत गराउनु, बौद्धिक व्यक्तित्वको महिमा गर्नु नै **स्मृतिका बिम्बहरू**को जीवनदृष्टि रहेको पाइन्छ ।

### ४.२.४.७ भाषाशैली

**स्मृतिका बिम्बहरू**को भाषाशैली सहज र सरल छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग देखिन्छन् । कहींकतै छिटफुट रूपमा अनुकरणात्मक शब्दहरू पनि भेटिन्छन् । विषयवस्तुको भाव लिनमा क्लिष्टता र दुरूहतालाई पन्छाइदिएको देखिन्छ ।

### ४.२.४.८ सारांश

केदारनाथ खनालका कृतिहरूमध्ये वि.सं. २०६६ सालमा प्रकाशित **स्मृतिका बिम्बहरू** संस्मरणसङ्ग्रह चौथो कृति हो । यसभित्र व्यक्तिगत जीवनका अनुभूतिहरू, पौराणिक सदस्य, बन्धुबान्धवहरू, अतीतमोह, बौद्धिक व्यक्तित्वप्रति श्रद्धाभावजस्ता विषयवस्तुहरू रहेका पाइन्छन् । सरल, सहज र सरस हुनुका साथै अघिल्ला कृतिहरूको सापेक्षतामा प्रस्तुत कृति परिमार्जित र स्तरीय देखिन्छ ।

## ४.३ केदारनाथ खनालका फुटकर लेख–रचनाहरूको विवरण र उपलब्ध स्रोतहरू

वि.सं. २०२३/०२४ सालमा *युवा* कविता प्रकाशनका माध्यमले नेपाली साहित्यमा प्रवेश गरेका साहित्यकार केदारनाथ खनालका पुस्तकाकार कृतिहरूका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा समय-समयमा थुप्रै फुटकर लेख-रचनाहरू प्रकाशित हुँदैआएका छन् । पत्रपत्रिकामा प्रकाशित कतिपय फुटकर रचनाहरू उनकै पुस्तकाकार कृतिहरूमा पनि समावेश गरिएका कारण यहाँ तिनको विवरण भने दिइएको छैन, यसबाहेक उनका हालसम्म प्राप्त भएसम्मका फुटकर लेख-रचनाहरूको विवरण र स्रोतसमेत दिइएको छ –

(क) *दिशाहीन शैक्षिक कार्यक्रम* (लेख), **विवेक**, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६-५७ ।

(ख) *मौदगल्य : कोइरालाका वंशपुरुष* (लेख), **मौदगल्याशिखा**, २०५६ ।

(ग) *नयनकी नानी* (लेख), **नेपाल स्काउट**, जिल्ला स्काउट कार्यालय, चितवन, २०५७ ।

(घ) *व्यतिरेकी विश्लेषण* (लेख), **वागीश्वरी**, वर्ष ११, अङ्क ७, २०५६ ।

(ङ) *मुद्रण प्रविधिको विकास र यसका चुनौतीहरू* (लेख), **मुद्रण स्मारिका**, २०६० ।

(च) *भरतपुर अस्पताल मेरो स्मृतिचित्रमा* (लेख), **सञ्जीवनी**, भरतपुर अस्पताल स्मारिका, २०६१, पौष १४ गते ।

(छ) *निकुञ्जमा कविता,* **सञ्जीवनी**, २०६३ चैत्र २४ गते ।

(ज) *दसौँ आश्चर्य ग्रेन्ड क्यानियन* (लेख), **मारुनी**, २०६४ ।

(झ) *माउन्ट आबुको अलौकिक यात्रा र स्वर्णिम अनुभूति* (लेख), **ज्ञान सरोवर**, २०६५ ।

(ञ) *चितवन शैक्षिक नगरको रूपमा* (लेख), **चितवन महोत्सव स्मारिका**, २०६५ ।

(ट) *साकुरा र नयाँ वर्ष* (कविता), **पल्लव साहित्यिक पत्रिका**, २०६१ ।

(ठ) *स्मृतिपटलमा तरङ्गित मनकामनाको काव्यिकयात्रा* (लेख), **वागीश्वरी** (मनकामना काव्यिक यात्रा), २०६४ ।

(ड) *गणतन्त्र फुलोस फलोस* (कविता), **कवितामा गणतन्त्र**, २०६५ ।

(ढ) *स्वर्गद्वारी : यात्रा एक, अनुभूति अनेक* (लेख), **वागीश्वरी**, २०६५ ।

(ण) *चितवनमा लेखक आवास बनाउने देवकोटाको योजना अधुरै* (लेख), **वागीश्वरी**, २०६६ ।

(त) *शिक्षाको नगरी चितवन एक अवधारणा* (लेख), उद्योग वाणिज्य सङ्घ-नारायणगढ, २०६६ ।

(थ) *विभ्रम* (कविता), **अभिव्यक्ति**, १४४, वर्ष ४०, २०६६ ।

(द) *महाकवि देवकोटा* (कविता), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६६ ।

(ध) *विद्यापुकारलाई फन्को मार्दा* (लेख), **साप्ताहिक जनसत्ता**, २०६१ साउन ९ गते, शनिबार ।

(न) *शिक्षाको आलोकमा गोरखा* (लेख), **रजत स्मारिका**, द्रव्यशाह बहुमुखी क्याम्पस, २०६७ ।

(प) *यात्रा एक अनुभूति अनेक* (लेख), **स्मारिका**, विजय एफ्.एम्. सामुदायिक, गैँडाकोट, २०६७ ।

(फ) *शुभकामना* (कविता), **पल्लव साहित्यिक पत्रिका**, वर्ष १०, पूर्णाङ्क १०, २०६२ ।

(ब) *स्वस्थ प्रतिस्पर्धाले नै साहित्यको विकासमा योगदान पुऱ्याउँछ* (अन्तर्वार्ता), **संवादमा स्रष्टाहरू**, २०६४ ।

(भ) *अनुभूतिका शब्दतरङ्गमा तरङ्गिँदा* (लेख), **सृष्टिमाथिका दृष्टि**, २०६६ ।

(म) *चितौन मेरो अलकापुरी हो* (कविता), **कवितामा चितवन**, २०६१ ।

यसरी खनालका लेख-रचना विभिन्न पत्रिकामा छरिएर रहेका छन् ।

## ४.४ केदारनाथ खनालको व्यक्तित्व र कृतित्वका बीच अन्तःसम्बन्ध

सृजना भनेको सृष्टि हो अथवा पहिले नभएको सामग्रीको निर्मित सृजना हो । स्रष्टाका अन्तश्चेतनसँग संसिक्त रूपमा रहेका नव-नवोन्मेषशाली प्रतिभाको प्रकटीकृत स्थिति नै वास्तवमा सृजना हो । मानवजीवनका यावत् पक्षसँग सृजनाको सम्बन्ध गाँसिएको पाइन्छ ।[३८]

---

३८ राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५७), पृ. १ ।

कुनै पनि व्यक्तिमा औपचारिक या अनौपचारिक रूपबाट आर्जिक ज्ञान, उसको वैयक्तिक अनुभव, अध्ययनका साथै समाजमा विद्यमान विविध परिवेशहरूले उसको आन्तरिक हृदयमा पारेका प्रभावहरूको अभिव्यक्ति सृजना हो ।[३९] यस किसिमबाट हेर्दा हरेक सर्जकले आफूद्वारा सृजित सामग्रीमा कुनै न कुनै रूपबाट वैयक्तिक ऊहापोहका अनुभूति, भोगाइ र धारणाहरू प्रस्तुत गरेको देखिन्छ । यही मान्यताको परिधिभित्र रहेर अन्दाज गर्दा केदारनाथ खनालका कृतिहरूमा पनि उनको व्यक्तित्वको सतत प्रभाव कायम रहेको अनुभव गर्न सकिन्छ । विशेष गरेर उनका कृतिहरूमा मानवतावादी दृष्टिकोण, नाताकुटुम्ब वा पारिवारिक अन्तर्सम्बन्धको गहिरो छाप, राष्ट्रियताबोध, शैक्षिक र ज्ञानबर्द्धक कुराहरू, नेपाली भाषाप्रेम, साहित्यप्रतिको अनुराग, जीवनजगत्को अनुभूतिजन्य तरङ्ग, आशावादी, जीवनवादी भावनाको प्रखरताजस्ता पक्षहरू भेटिन्छन् । यिनै भावभूमिको सेरोफेरोमा रहेर खनालले आफ्ना कृतिहरू रचना गरेको पाइन्छ । यस हिसाबबाट सिंहावलोकन गर्दा उपर्युक्त विषयवस्तुहरू नै उनीद्वारा सृजित कृतिहरूमा समाविष्ट हुनुलाई मुख्य रूपले उनको वैयक्तिक जीवनको छाप हो भन्न सकिन्छ ।

खनाल एक भावुक र संवेदनशील व्यक्तित्व भएका चिन्तक पनि हुन् । जीवनजगत्मा देखिएका नकारात्मक, बेमेल, बेढङ्गका क्रियाकलाप र मानिसद्वारा अपनाइने गैह्रजिम्मेवारीपूर्ण कार्यमाथि टिप्पणी गरिहाल्ने प्रवृत्ति उनमा रहेको पाइन्छ । उनलाई एक स्वाभिमानी, कर्मठ, इमान्दार र सभ्याचरणयुक्त कार्यशैलीको प्रवृत्ति भएका व्यक्तित्वका रूपमा चिनिएको पाइन्छ । उनका यही स्वाभिमानी व्यक्तित्वका पाटाहरू, जीवनभोगाइका उपक्रमहरू, जीवनयात्राका घात-प्रतिघातहरू, परस्पर व्यवहार गर्दाका अवस्थामा सँगालिएका अनुभवहरू, अनमेल क्रियाकलापजन्य परिस्थितिबाट उब्जिएका व्यङ्ग्य, विद्रोहपूर्ण भावाभिव्यक्तिहरूको सहज प्रकट उनका कृतिहरूमा भएका पाइन्छन् ।

खनाल ब्राह्मणकुलीय पारिवारिक वृत्तका व्यक्ति हुन् । उनी ब्राह्मणीय जीवनपद्धतिका ज्यादै महत्त्वपूर्ण अपरिहार्य शुभमाङ्गलिक र संस्कारादिजन्य कर्मानुष्ठान र पारम्परिक सनातन मूल्य, मान्यता र विराट् आस्थाभावप्रति विश्वास राख्ने व्यक्ति हुन् । खनालका सृजनात्मक कृतिहरूमा कुनै न कुनै किसिमले जीवनभोगाइका अनुभूति परिदृश्य, समकालीन जीवनजगत्का घटना-परिघटनाको पार्श्ववर्ती चित्रण, उत्पन्न भएका समस्या र तिनबाट निःसृत मानवीय संवेदना र प्रतिक्रियाहरू स्वतःस्फूर्त र आयोजित रूपले प्रतिबिम्बित भएकाले उनको व्यक्तित्व र कृतित्वबीच अन्तःसम्बन्ध रहेको पुष्टि हुन्छ ।

---

३९ नमुना शर्मा, **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६२), पृ. ९४ ।

## ४.५ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार केदारनाथ खनालको कृतित्वको अध्ययन गरिएको छ । १६/१७ वर्षको उमेरबाट नेपाली कविताफाँटमा देखापरेका खनालको वि.सं. २०६६ सालसम्ममा चारओटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । जसअन्तर्गत **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह), **शिक्षा केही गन्थन केही मन्थन** (लेखको सँगालो), **यात्राका स्पन्दनहरू** र **स्मृतिका बिम्बहरू** निबन्धसङ्ग्रहभित्र पर्दछन् । राष्ट्रियस्तरका मूर्धन्य साहित्यकारहरूबाट प्रेरणा प्राप्त गरी साहित्यलेखनतर्फ आकर्षित खनालको पूवार्धचरण खासै उल्लेख्य उपलब्धि नदेखिए पनि उत्तरार्धचरणमा उत्तरोत्तर विकसित भई मौलाउँदै गएको देखिन्छ । यसै चरणमा चारओटा कृति प्रकाशनका साथै थुप्रै फुटकर लेख-रचनाहरू प्रकाशित भएका पाइन्छन् ।

खनालका कृतिमा पाइने प्रवृत्तिलाई हेर्दा मुख्यत: समाज, देश र विदेशमा विद्यमान विकृति-विसङ्गतिहरूउपर व्यङ्ग्यविद्रोह, समाजसुधार, भाषिक रूपमा सरलता र सहजता, तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग, छन्द र लयको प्रस्तुति, मानवतावादी विचारधारा, भाषाप्रेम, राष्ट्रप्रेम आदि देखिन्छन् । माथि क्रमश: **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **शिक्षा केही गन्थन केही मन्थन** (लेखसङ्ग्रह, २०६२), **यात्राका स्पन्दनहरू** (निबन्धसङ्ग्रह, २०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६) को विश्लेषण गरिएको छ ।

विभिन्न कृतिहरूलाई शीर्षक, संरचना, विषयवस्तु, भावविधान, भाषाशैली, जीवनदृष्टि, लयविधान र दृष्टिबिन्दु, छन्द, रस र अलङ्कार, बिम्ब र प्रतीक आदि काव्यतत्त्वका आधारमा सामान्य रूपले विश्लेषण गरिएको छ ।

नेपाली साहित्यफाँटलाई यथासक्य तवरबाट अभिवृद्धि गर्दैजाने सिलसिलामा खनालको क्रियाशीलता र योगदानलाई महत्त्वपूर्ण पक्षको रूपमा मान्नुपर्ने देखिन्छ ।

# पाँचौं परिच्छेद
# उपसंहार

## ५.१ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको सन्दर्भमा विगतका परिच्छेदहरूमा गरिएका अध्ययन-विश्लेषणको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कनसमेत गरिएको छ ।

पहिलो परिच्छेदमा **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको विषयपरिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको क्षेत्र र सीमा, सामग्रीसङ्कलन र शोधविधि, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा साहित्यकार केदारनाथ खनालको जीवनीको अध्ययनअन्तर्गत पृष्ठभूमि, वंशपरम्परा, जन्म र नामकरण, बाल्यकाल, उपनयन र शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, सेवा, साहित्यिक र सामाजिक क्षेत्रमा भएका कार्यहरू, रुचि, अविस्मरणीय घटना, भ्रमण, सम्मान तथा पुरस्कार प्रेरणाको स्रोत र निष्कर्ष उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा साहित्यकार केदारनाथ खनालको व्यक्तित्वपरिचयअन्तर्गत उनको बाह्यव्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्यतर गरी दुई किसिमबाट उल्लेख गरिएको छ ।

चौथो परिच्छेदमा साहित्यकार केदारनाथ खनालको कृतित्वको अध्ययनान्तर्गत उनका कवितासङ्ग्रह, लेखसङ्ग्रह, नियात्रासङ्ग्रह र संस्मरणसङ्ग्रहहरूको अध्ययन र विश्लेषण-अनुसन्धानपद्धतिअनुसार गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

गोरखा जिल्लाको ताक्लुङमा स्व. पिता भोगप्रसाद खनाल र श्रीमती देवमाया खनालका कोखबाट नेपाली नागरिकताको प्रमाणपत्रानुसार वि.सं. २००१ साल कार्तिक ०७ गतेका दिन केदारनाथ खनालले यस धर्तीमा पहिलो पाइला टेकेका हुन् ।

मध्यमवर्गीय किसान परिवारको घरगृहस्थी जीवनमा पितामाताको लालनपोषण र माया-ममतामा हुर्केबढेका खनालले आफ्ना पिता स्व. भोगप्रसाद खनालबाट सामान्य अक्षरारम्भ गरी शिक्षार्जनतर्फ आकृष्ट भए पनि गोरखामा नै औपचारिक रूपमा प्रारम्भिक शिक्षाआर्जन गरेको थाहा हुन्छ । शैक्षिक योग्यताको हकमा वि.सं. २०२१ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण । वि.सं. २०२६ सालमा बी.ए. उत्तीर्ण र वि.सं. २०४८-५० सालमा ताहाचालबाट एम्.एड्.सम्मको उपाधि प्राप्त गरेको पाइन्छ । जीवनका अनेकानेक कठिनाइहरूसँग बढेको उनको जीवनयात्रा सङ्घर्षशील नै देखिन्छ ।

विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध रही समाजसेवाको क्षेत्रमा क्रियाशील खनालको जीवनयापनको वर्तमान स्रोत, प्रधानाध्यापक, मा.वि. द्वितीय श्रेणीको पेन्सन र बालकुमारी कलेज, नारायणगढमा हाल प्राध्यापनरत रहेको पाइन्छ । वि.सं. २०२९ सालमा कलादेवीसँग दाम्पत्य जीवनको लगनगाँठो बाँधेका खनालका तीन छोरी र एक छोरा रहेका छन् । राजनैतिक चिन्तनतर्फ प्रजातान्त्रिक विचारधारामा आस्था राखी मानवतावाद र समाजसेवाको पवित्रभावबाट अनुप्राणित खनाल एक अत्यन्त भावुक, संवेदनशील, मिलनसार, सरल, भद्र, कर्मठ एवम् स्वाभिमानी चिन्तकका साथ उदीयमान स्रष्टा र द्रष्टाका रूपमा समेत चिरपरिचित रहेको पाइन्छ ।

व्यक्तित्वविकासका सन्दर्भमा हेर्दा खनालका बहुमुखी व्यक्तित्वहरू देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, लेखक, गजल तथा सामाजिक, शिक्षक, सम्पादक आदि व्यक्तित्वहरूले उनलाई वरण गरेको पाइन्छ । यी व्यक्तित्वहरूमध्ये कवि, लेखक र सामाजिक व्यक्तित्वमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको देखिन्छ ।

राष्ट्रियस्तरका चर्चित साहित्यकारहरूबाट प्रेरणा र प्रभाव ग्रहण गरी नेपाली साहित्यमा अग्रसर भएको पाइन्छ । खनालका हालसम्म **अनुभूतिका शब्दतरङ्ग** (कवितासङ्ग्रह, २०६१), **शिक्षा केही गन्थन केही मन्थन** (शैक्षिक लेखको सँगालो, २०६२), **यात्राका स्पन्दन** (नियात्रासङ्ग्रह, २०६५), **स्मृतिका बिम्बहरू** (संस्मरणसङ्ग्रह, २०६६) गरी चारओटा पुस्तकाकार कृति प्रकाशित छन् भने भाषिक र समीक्षात्मक लेखहरू, सांस्कृतिक लेखहरू प्रकाशोन्मुख अवस्थामा रहेको थाहा पाइन्छ । यी लगायत विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै

फुटकर लेख-रचनाहरूसमेत प्रकाशित भएका कारणले उनलाई साहित्यिक व्यक्तित्वका रूपमा उभ्याएको देखिन्छ ।

यसरी समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा खनालका जीवनी, व्यक्तित्वका विभिन्न पाटाहरूलाई पल्टाउँदै तिनको सापेक्षतामा उनीद्वारा सृजित एवम् प्रकाशित पुस्तकाकार कृतिहरूलाई काव्यविश्लेषणका सामान्य तत्त्वहरूका आधारमा यहाँ अध्ययन-विश्लेषण गरिएको छ । निरन्तरको साधनाबाट परिस्कृत र परिमार्जन हुँदै जाने आफ्नो अभीष्टलाई साकार रूप दिन उनीबाट नेपाली साहित्यको भण्डारलाई भरिलो पार्ने प्रयत्न भइरहेको पाइन्छ । यसलाई साँच्चै नै सकारात्मक र अनुकरणीय कार्य मान्नुपर्ने देखिन्छ । जीवनयापनका विभिन्न परिस्थितिहरूसँग पनि त्यत्तिकै सम्झौता गर्दै नेपाली साहित्यको उन्नयन र श्रीवृद्धिका निम्ति साहित्यकार केदारनाथ खनालद्वारा प्रस्तुत गरिएको मौजुदा योगदान वास्तवमै प्रशंसनीय र सराहनीय देखिन्छ ।

# प्रमुख सन्दर्भसामग्रीसूची

## (क) सन्दर्भग्रन्थसूची


उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाशन**, पाँचौं संस्क., ललितपुर : साझा प्रकाशन, २०४९ ।

कोइराला, सीताराम (सम्पा.), **संवादमा स्रष्टाहरू**, काठमाडौँ : नारी साहित्य प्रतिष्ठान, २०६४ ।

खनाल, केदारनाथ, **अनुभूतिका शब्दतरङ्ग**, चितवन : चितवन साहित्य परिषद्, २०६१ ।

_____________, **शिक्षा : केही गन्थन केही मन्थन**, चितवन : चितवन साहित्य परिषद्, २०६२ ।

_____________, **यात्राका स्पन्दनहरू**, चितवन : चितवन साहित्य परिषद्, २०६५ ।

_____________, **स्मृतिका बिम्बहरू**, चितवन : चितवन साहित्य परिषद्, २०६६ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज्, २०६० ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुर : साझा प्रकाशन, २०६० ।

ज्ञवाली, सूर्यविक्रम (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता** (भाग-४), तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०५४ ।

नेपाल, वसन्तकुमार शर्मा (सम्पा.), **नेपाली शब्दसागर**, दोस्रो संस्क., (चावहिल : भाषा पुस्तक भण्डार, २०५८), पृ. १२४९ ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना : मीठो नेपाली**, बाह्रौं संस्क., काठमाडौँ : सहयोगी प्रेस, २०४६ ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, काठमाडौँ : भुँडी पुराण प्रकाशन, २०५७ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

विनोदी, गोविन्दराज, **सृष्टिमाथिका दृष्टि**, (चितवन : चितवन साहित्य परिषद्, २०६६), पृ. ३५ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५ ।

## (ख) सन्दर्भपत्रिकासूची

अधिकारी, पूर्णप्रसाद, *केदारनाथ खनालको 'अनुभूतिका शब्दतरङ्ग' मा तरङ्गिँदा,* **हाम्रो पुरुषार्थ**, वर्ष ३३, अङ्क २, सम्पूर्णाङ्क ५२, २०६३, वैशाख, पृ. ५२–५५ ।

गौतम, लक्ष्मणप्रसाद, *चितवनका साहित्यिक पत्रपत्रिका : सङ्क्षिप्त रेखाङ्कन,* **मुद्रण स्मारिका**, वर्ष १, अङ्क १, २०५५, पृ. २२ ।

पोखरेल, डी.आर., *यात्राका स्पन्दनहरू : केदारको नयाँ कीर्तिमान,* **वागीश्वरी**, वर्ष १९, अङ्क १६, २०६५, पृ. ३८ ।

## (ग) शोधपत्रसूची

अरुणविलास अधिकारी, **मुकुन्द आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५७), पृ. २१ ।

कोइराला, शिवहरि, **रह शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, २०६५ ।

दुवाडी, मेघनाथ, **सनत रेग्मीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. २२ ।

भट्टराई, गङ्गाकुमारी (सुवेदी), **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ५ ।

लामिछाने, नवराज, **कवि रामहरि दाहालद्वारा रचित सावित्री स्मृतिकाव्यमा करुणरसको अध्ययन**, अप्रकाशित शास्त्री शोधपत्र, (काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, २०६४), पृ. ८ ।

शर्मा, नमुना, **कवि तीर्थराज कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०६२), पृ. ९४ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट : एक
## अन्तर्वार्ताका प्रश्नावली नमुनाहरू

### (क) शोधनायकसँगको अन्तर्वार्ता प्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायकसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीको नमुना यसप्रकार रहेको छ :

(१) आफ्नो पुर्ख्यौली वंशपरम्परा, नामकरण र जन्ममितिका सम्बन्धमा केही जानकारी दिनुहोस् न ।

(२) आफ्नो जन्मस्थलसहित सम्झेजति बाल्यकालीन अवस्थाका क्रियाकलापहरू पनि बताइदिनुहोस् न ।

(३) जन्मस्थल गोरखा ताक्लुङबाट चितवनमा बसाइँसराई कहिलेदेखि भएको हो ? यसबारे केही जानकारी दिनुहोस् न ।

(४) तपाईंको उपनयनसंस्कारलगायत शिक्षादीक्षाका सम्बन्धमा केही प्रकाश पारिदिनु हुन्छ कि ?

(५) तपाईंको पारिवारिक वृत्तको सामान्य अवस्थाबारे बताइदिनु हुन्छ कि ?

(६) तपाईंको पेसागत संलग्नताका सम्बन्धमा जानकारी पाऊँ न ।

(७) साहित्यिक एवम् सामाजिक सङ्घसंस्थामा आफ्नो संलग्नता र कार्यबारे जानकारी दिनुहोस् न ।

(८) जीवनयात्राको क्रममा कुनै त्यस्तै खालका महत्त्वपूर्ण अविस्मरणीय क्षणहरू छन् भने लौ न जानकारी दिनुहोस् ?

(९) तपाईंले कतैबाट सम्मान तथा पुरस्कार पनि प्राप्त गर्नुभएको छ कि ?

(१०) वर्तमान जीवनशैली एवम् कार्यक्षेत्रप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ नि ?

(११) आफ्नो साहित्यिक गतिविधिको प्रभाव समाजमा के-कस्तो रूपमा परेको ठान्नुभएको छ ?

(१२) कुनै वाद वा राजनैतिक धारलाई समातेर साहित्य कोर्नु हुन्छ कि स्वतन्त्र या तटस्थ भई विशुद्ध साहित्यिक मान्यतालाई आत्मसात् गर्दै ।

(१३) नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी नियाल्नुभएको छ नि ?

(१४) तपाईंको मुख्य रुचिक्षेत्र के हो नि ?

(१५) तपाईंको सामाजिक सेवाको सम्मान समाजले सकारात्मक तरिकाले गरेको वा नगरेको बारेमा कस्तो महसुस गर्नुभएको छ, प्रकाश पारिदिनुहुन्छ कि ?

अन्तर्वार्ता दिनुभएकोमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

## (ख) विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ता प्रश्नावली

शोधकार्यको सिलसिलामा शोधार्थीबाट सह-प्राध्यापक गोविन्दराज विनोदी, सह-प्राध्यापक भागवतशरण न्यौपाने, सह-प्राध्यापक कपिल अज्ञात, उप-प्राध्यापक धनेश्वर भट्टराईसँग **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावलीको नमुना यसप्रकार रहेको छ :

(१) साहित्यकार केदारनाथ खनाललाई तपाईंले कहिलेदेखि चिन्नुहुन्छ ?

(२) तपाईंले साहित्यकार केदारनाथ खनालका कृतिहरूको मूल्याङ्कन एवम् विश्लेषण कुन रूपमा गर्नुभएको छ ?

(३) तपाईंको दृष्टिमा केदारनाथ खनालको साहित्यिक व्यक्तित्व के-कस्तो रहेको छ ?

(४) तपाईंको दृष्टिमा केदारनाथ खनालको साहित्येतर व्यक्तित्व के-कस्तो रहेको छ ?

(५) केदारनाथ खनाललाई तपाईंको विचारमा कुन स्तरको वा दर्जाको साहित्यिक व्यक्तित्वको रूपमा राख्न सकिन्छ ? स्पष्ट पारिदिनुहोस् न ।

(६) साहित्यकार केदारनाथ खनालबारे तपाईंको विचारमा अन्य केही भए कृपया जानकारी पाऊँ न ?

## (ग) विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण

शोधकार्यको सिलसिलामा शोधार्थीबाट **साहित्यकार केदारनाथ खनालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रका लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण यसप्रकार रहेको छ :

(१) श्रीलाल अधिकारी (शोधनायकका सहकर्मी)

(२) जगदीश्वर खनाल (शोधनायकका सहकर्मी)

(३) कलादेवी खनाल (शोधनायककी श्रीमती)

(४) बालकृष्ण थपलिया (चितवन साहित्य परिषद् सदस्य)


(५) धनेश्वर भट्टराई

(६) पूर्णप्रसाद अधिकारी

# परिशिष्ट : दुई
# शोधनायक केदारनाथ खनालले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि

# परिशिष्ट : तीन

## शोधनायक केदारनाथ खनालको छायाँचित्र



# नेपाल राष्ट्रिय शिक्षक संगठन

जिल्ला समिति, चितवन

२०३६

(१८ औं शिक्षक दिवस तथा सेवा निवृत्त शिक्षकहरूको पुनर्मिलन समारोह)

## अभिनन्दन-पत्र

श्री केदारनाथ खनाल

भ.न.पा.१०

दीर्घकालसम्म शिक्षण पेशामा रही श्री नारायणी माध्यमिक विद्यालय भरतपुर चितवनबाट सेवा निवृत्त हुनु भएकोमा यहाँले शिक्षा सेवा मार्फत राष्ट्रलाई पुऱ्याउनु भएको योगदानको कदर गर्दै यहाँको सुखद् भविष्यको कामनाका साथ स-सम्मान यो अभिनन्दन पत्र प्रदान गरिएको छ ।

प्रमुख अतिथि
केन्द्रीय अध्यक्ष

मिति : २०५४/१२/२५

अध्यक्ष
ने. रा. शि. सं., चितवन

---

नेपाल स्काउट NEPAL SCOUTS 1952

FIRST NATIONAL SCOUTERS CONFERENCE
चितवन CHITWAN
२२ - २४ कार्तिक, २०५० 7 - 9 Nov, 1993

# नेपाल स्काउट

राष्ट्रिय प्रधान कार्यालय

लैनचौर, काठमाडौं

## प्रशंसा-पत्र

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयद्वारा २०५० साल कार्तिक २२ देखि २४ गतेसम्म चितवन जिल्लामा आयोजित "प्रथम राष्ट्रिय स्काउटर सम्मेलन" लाई सक्रिय सहयोग पुऱ्याउनु हुने चितवन जिल्लाका प्र.अ.श्री केदार नाथ खनाल लाई सम्मानार्थ यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

प्र. जि. आ. पद्मराज रेग्मी
संयोजक
प्रबन्ध समिति
चितवन जिल्ला स्काउट कार्यालय

डा० त्रैलोक्यनाथ उप्रेती
राष्ट्रिय आयुक्त
नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालय
काठमाडौं

मिति :– २०५०/७/२४



# चितवन युवा समूह

दोहा, कतार

स्था.: २०५८

## सम्मान-पत्र

समादरणीय साहित्यकार श्री केदारनाथ खनालज्यू,
भरतपुर-१०, चितवन ।

नेपाली वाङ्मयका प्रतिभाहरूको खोजी गरी उनीहरूलाई काव्य साधना, सृजना एवम् प्रकाशनका लागि प्रेरणा र प्रोत्साहन दिनुहुने यहाँले चितवनमा साहित्यको संस्थागत विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । सामाजिक साहित्यिक सङ्घ-संस्थाको नेतृत्व, पत्र-पत्रिकाको प्रकाशन/सम्पादन, भाषा साहित्यको निरन्तर अध्ययन तथा अध्यापन/प्राध्यापनद्वारा यहाँको जीवन नै साहित्यमय भएको छ। कविता, संस्मरण, नियात्रा, भाषिक, सामाजिक, सांस्कृतिक लेख-निबन्ध आदिका माध्यमबाट समाज र जीवनको निरूपणद्वारा नेपाली वाङ्मयको श्रीवृद्धिमा यहाँले पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै *महाकवि लक्ष्मीप्रसाद देवकोटाको शतवार्षिकीको पावन उपलक्ष्यमा* यहाँलाई रु. १०,००१/- रकमको पुरस्कार राशिसहित साभिनन्दन यो सम्मान-पत्र समर्पण गरिएको छ ।


यहाँको सु-स्वास्थ्य, दीर्घायु र उत्तरोत्तर वाङ्मयिक प्रगतिका लागि हार्दिक शुभ-कामना !

रवि भट्ट
संयोजक

निर्मोही व्यास
(डा. वेदव्यास उपाध्याय)
प्रमुख अतिथि

सागर नेपाल
संस्थापक अध्यक्ष
चि.यु.स., दोहा कतार

मिति :२०६६/०७/०१



चि.जि.प्र.का.द.नं.: ६७ ०५९/६०

# अभिव्यञ्जना साहित्य प्रतिष्ठान

चितवन, २०५९

## "अभिव्यञ्जना साहित्य सम्मान-२०६०"

आदरणीय साहित्यसेवी श्री केदारनाथ खनालज्यू,
भरतपुर-१०, चौवीसकोठी, चितवन ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि व्यक्तिगत र संस्थागत रूपबाट लेखन र प्रकाशन कार्यमा अविच्छिन्न रूपमा साधनारत रही विशेष गरी चितवनको साहित्यलाई राष्ट्रिय स्तरसम्म पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउनु भएकाले यहाँलाई "अभिव्यञ्जना साहित्य सम्मान-२०६०" प्रदान गरिएको छ ।

यहाँको सु-स्वास्थ्य, दीर्घायू र साधनाको निरन्तरताको कामना गर्दछौं ।

(रामबाबु घिमिरे)
प्रमुख अतिथि

(रमेश प्रभात)
अध्यक्ष
अभिव्यञ्जना साहित्य प्रतिष्ठान

मिति: २०६० माघ १६ गते ।

चि.जि.का.द.नं. ५/०५६/०५७

# वाल्मीकि साहित्य सदन

## चितवन

स्थापित .- २०५६

## सम्मान-पत्र

तपाईं श्री केदारनाथ खनालले संस्मरणात्मक निबन्ध तथा कविता विधाका माध्ययमबाट नेपाली साहित्यको उन्नयनमा उल्लेख्य योगदान पुऱ्याउनु भएकोले तपाईंलाई वाल्मीकि साहित्य सम्मान-२०६२ द्वारा सम्मानित गरिएको छ ।

(प्रेमविनोद नन्दन)
**प्रमुख अतिथि**

(रामबाबु घिमिरे)
**अध्यक्ष**

**मिति: २०६२/०४/०८**

---

नेपाल सरकार
शिक्षा तथा खेलकूद मन्त्रालय
**जिल्ला शिक्षा कार्यालय**

# स्रोतकेन्द्र लङ्कू, भरतपुर, चितवन

स्था. २०५१

## सम्मान-पत्र

दीर्घकालसम्म शिक्षकको गरिमामय पदमा रही, अनवरत सेवा गरी शिक्षाको आलोक छर्दै बालबालिकाको उज्ज्वल भविष्य निर्माणमा विशिष्ट योगदान पुऱ्याई यस स्रोतकेन्द्र अन्तर्गतको श्री नारायणी उ.मा. विद्यालय भरतपुर बाट सेवानिवृत्त हुनु भएका श्री केदारनाथ खनाल लाई योगदानको उच्च कदर गर्दै सगर्व यो **सम्मान-पत्र** प्रदान गरिएको छ । यहाँको सुस्वास्थ्य, दीर्घजीवन [illegible] त्तरोत्तर प्रगतिको शुभकामना गरिन्छ ।

(विष्णुप्रसाद रेग्मी)
स्रोतव्यक्ति

(गोपालकृष्ण पौडेल)
जिल्ला शिक्षा अधिकारी
प्रमुख अतिथि

(विष्णु निवास त्रिपाठी)
अध्यक्ष
स्रोतकेन्द्र लङ्कू

मिति: २०६४/११/०७

जि द नं :- ७६०/०६५
स क प आ नं :-२४१८

# ताक्लुङ्ग सरोकार मञ्च, नेपाल

## Taklung Concern Forum (TACOF), Nepal

स्थापितः २०६५


## सम्मान - पत्र

..........................................जिल्ला..........................................महानगरपालिका / उपमहानगर पालिका / गा. वि. स., वार्ड नं. ..........निवासी श्री / श्रीमती / सुश्री.......केदार नाथ खनाल.......ज्यूलाई.......समाजसेवी.......वापत यो सम्मान पत्र प्रदान गरिन्छ ।

प्रमुख अतिथि
पार्वती
पार्वती थापा मगर
सभासद

मिति:- २०६५ पौष २७ गते

अध्यक्ष
रमेश कुमार श्रेष्ठ
ताक्लुङ्ग सरोकार मञ्च, नेपाल



# कालिका एफ एम प्रा लि
# Kalika FM Pvt Ltd

भरतपुर, चितवन

## सम्मान-पत्र

श्रद्धेय साहित्यकार **केदारनाथ खनालज्यू,**

भरतपुर, चितवन


कालिका एफ एम ९५.१ ले सफलतापूर्वक आफ्नो प्रसारणको चौथो वर्ष पूरा गरी पाँचौं वर्ष प्रवेश गरेको उपलक्ष्यमा यहाँले नेपाली भाषा र साहित्यको सेवा र श्रीवृद्धिमा निरन्तर पुऱ्याउँदै आउनु भएको विशिष्ट योगदानको उचित कदरस्वरूप यहाँलाई **कालिका स्रष्टा सम्मान २०६३** द्वारा सम्मान एवम् पुरस्कृत गरिएको हुँदा अभिनन्दनपूर्वक यो सम्मान-पत्र अर्पण गरिएको छ ।

यहाँको साहित्यिक उज्ज्वल रहोस्
यही हाम्रो शुभकामना !

(चेतन कार्की)
वरिष्ठ गीतकार एवम् संस्कृतिविद्
प्रमुख अतिथि

(विक्रम पाण्डे)
अध्यक्ष तथा प्रबन्ध निर्देशक
**कालिका एफ एम प्रा लि**

२६ असोज २०६३



# श्री चितवन आदर्श युवा क्लब
पूर्व रामपुर, चितवन

## सम्मान--पत्र

मितिः-२९ कार्तिक,२०५८

श्री चितवन आदर्श यूवा क्लब पूर्व रामपुरले महाकवि लक्ष्मी प्रसाद देवकोटाको ९३ औं जन्म जयन्तीको अवसरमा चितवन जिल्लामा साहित्यको जगेर्ना तथा संरक्षणमा विशिष्ठ योगदान पुऱ्याउनु भई चितवन साहित्यिक वाङ्मयलाई सही दिशा दिन अग्रणी भूमिका निर्वाह गरिदिनु भएकोमा बरिष्ठ साहित्यकार श्री केदारनाथ खनालज्यूलाई यो सम्मान-पत्र हार्दिक बधाईकासाथ अर्पण गरिएको छ ।

श्री चितवन आदर्श यूवा क्लब
मंगलपुर २ पूर्व रामपुर, चितवन



# चितवन साहित्य परिषद

चितवन

स्था. २०४५

## सम्मान-पत्र

[illegible] साहित्यकार श्री केदारनाथ खनालज्यू


भ.न.पा.-१०, चौबीसकोठी, भरतपुर ।

विगत चारदशकदेखि शिक्षण पेशालाई आफ्नो जीवनको आदर्शका रूपमा अङ्गीकार गर्नुहुने यहाँले लामो समयदेखि निरवच्छिन्नरूपमा नेपाली वाङ्मयको समुत्थानमा सक्रिय रहँदै कविता, निबन्ध र समालोचनाजस्ता विविध विधागत साहित्यसृजनाका माध्यमबाट दिनुभएको विशिष्ट योगदानकासाथै चितवन साहित्य परिषद्को स्थापना [illegible] कासमा पुऱ्याउनुभएको उल्लेख्य एवम् अविस्मरणीय योगदानको कदरस्वरूप २०६५ सालको चिसाप प्रतिभा पुरस्कार रु.५००१/- पाँचहजार एक रुपैयाँ राशिसहित अभिनन्दनपूर्वक यो सम्मान-पत्र समर्पण गरिएको छ ।

यहाँको सुस्वास्थ्य, दीर्घायु, साहित्यिक साधनाको निरन्तरता एवम् सुकीर्तिवृद्धिका लागि हार्दिक शुभकामना !

| | | |
|---|---|---|
| (सुरेन्द्र अस्तफल) | (प्रा.डा. हेमाङ्गराज अधिकारी) | (श्रीभक्त अच्युत वाग्ले) |
| सचिव | प्रमुख अतिथि<br>नेपाली भाषा शिक्षा विभाग<br>त्रि.वि., कीर्तिपुर | अध्यक्ष<br>चितवन साहित्य परिषद् |

१९[illegible] औं भानुजयन्ती मिति:-२०६५-३-२९



# चितवन साहित्य परिषद

भरतपुर, चितवन

२०४५

## सम्मान-पत्र


श्रीमान्/श्रीमती/सुश्री केदारनाथ खनाल ज्यू

भ. न. पा. -१०, चौबीसकोठी ।

नेपाली भाषा-साहित्यको समुत्थानका लागि विगत २० वर्षदेखि निरवच्छिन्न रूपमा कार्यरत चितवन साहित्य परिषद्को आफ्नै भवन निर्माण गर्ने योजना अनुरूप भ.न.पा-४, नारायणगढ बजार स्थित आनन्दमार्गमा घडेरी खरिद प्रयोजनार्थ यहाँले निःस्पृह एवम् सदाशयतापूर्वक रू. ३०,०००/- (अक्षरेपि तीस हजार —) आर्थिक सहयोग गर्नुभई यस संस्थाको समुन्नतिका लागि पुऱ्याउनुभएको उल्लेखनीय योगदानप्रति हार्दिक आभार प्रकट गर्दै यहाँलाई आदरपूर्वक यो **सम्मान-पत्र** समर्पण गरिएको छ ।

१२४ औं लेखनाथ जयन्ती
२१ पौष २०६४

| | | |
|---|---|---|
| (सुरेन्द्र अस्तफल) | (राष्ट्रकवि घिमिरे) | (श्रीभक्त अच्युत वाग्ले) |
| सचिव | प्रमुख अतिथि | अध्यक्ष |



# नुवाकोट साहित्य प्रतिष्ठान नेपाल

वि.न.पा.-३, बट्टार (बाराहीमार्ग), नुवाकोट

## सम्मान-पत्र

तपाईं **श्री केदारनाथ खनालज्यूले** भाषा र साहित्य क्षेत्रमा पुऱ्याउनु भएको उल्लेखनीय योगदानको कदर गर्दै यहाँलाई दोसल्ला ओढाई **"महामण्डल साहित्य सम्मान-२०६६"** ले अभिनन्दन गरिएको हुँदा हार्दिक बधाइका साथ यो **सम्मान-पत्र** अर्पण गरिएको छ ।

यहाँको सु-स्वास्थ्य दीर्घायु एवम् उत्तरोत्तर प्रगति, संमृद्धि र यशोवृद्धिका लागि हार्दिक शुभकामना ।


प्रा.डा.गोविन्दराज भट्टराई
प्रमुख अतिथि

पुस्कर लोहनी
संरक्षक

उज्ज्वल जी.सी.
सल्लाहकार

श्रीराम श्रेष्ठ
अध्यक्ष

२०६६ असार १५ गते सोमवार



जि.प्र.का.द.नं. ३/०५५/०५६

फोन नं. ०५६-५२४३७५

# रामेश्वर पुस्तकालय तथा वाचनालय

भ.न.पा.-२, क्षेत्रपुर, चितवन
२०५५

## संरक्षक सदस्यता प्रमाण-पत्र

यस पुस्तकालयको मिती २०६५/३/२७ को कार्यसमितिको बैठकको निर्णयानुसार पुस्तकालयको विकास तथा सम्वर्द्धनका निमित्त तपाईबाट उल्लेखनीय योगदान पाउने अपेक्षा राख्दै यस पुस्तकालयको दशौं साधारण सभा २०६५ को सुअवसरमा तपाई भ.न.पा १०, भरतपुर निवासी श्री **केदारनाथ खनालज्यूलाई** यस पुस्तकालयको संरक्षक सदस्यता प्रदान गर्ने  निर्णय भएकोले यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै यो **संरक्षक सदस्यताको प्रमाण-पत्र** प्रदान गरिएकोछ ।

(शरदबाबु श्रेष्ठ)
प्रमुख अतिथि

(केशवकुमार श्रेष्ठ)
अध्यक्ष
(रामेश्वर पुस्तकालय तथा वाचनालय)

मिति : २०६५/०७/०२

प्रस्तावित श्री पञ्चकन्या उच्च माध्यमिक विद्यालय ☎ ५६०७७१

**श्रीमद्भागवत् घन-धान्याचल ज्ञानमहायज्ञ मूल समारोह समिति**

रत्ननगर-१३, जयमङ्गला, चितवन




# कदर-पत्र

प्रस्तावित श्री पञ्चकन्या उच्च माध्यमिक विद्यालय, जयमङ्गलामा उच्च मा.वि. तह सञ्चालनार्थ २०६५ माघ १९ देखि २६ गतेसम्म सञ्चालित श्रीमद्भागवत् बृहद् धनधान्याचल ज्ञान महायज्ञ मा ..........चितवन जिल्ला ..........भरतपुर.......... न.पा./गा.वि.स. वार्ड नं. १०.... निवासी श्रीमान्/श्रीमती/सुश्री .....केदारनाथ खनाल (स्व. पिता भोग प्रसाद खनालको) स्मृतिमा..... ज्यूले सहयोग स्वरुप रु. ..........८,१०१।- (अक्षरेपि आठ हजार एक सय एक .......... मात्र) जिन्सी ..........नगद.......... प्रदान गर्नुभएकोले यहाँको उल्लेखनीय योगदानको उच्च मूल्याङ्कन गर्दै उत्तरोत्तर प्रगतिको कामना सहित सम्मान स्वरुप यो **कदर-पत्र** प्रदान गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| (मोहन व. भण्डारी) | (दीनबन्धु पोखरेल) | (श्याम बराल) | (त्रिलोचननिर्मल पौडेल) | (कमलचन्द खनाल) |
| प्रमुख अतिथि | प्रमुखवाचक | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| | श्रीमद्भागवत् बृहद् धनधान्याचल ज्ञान महायज्ञ | विद्यालय व्यवस्थापन समिति | प्रस्तावित उच्च मा.वि. तयारी समिति | श्रीमद्भागवत् बृहद् धनधान्याचल ज्ञान महायज्ञ मूल समारोह समिति |

मितिः २०६५/१०/२३



तमसोमा ज्योतिर्गमय

नेपाल शिक्षक संघ, चितवन

अभिनन्दन-पत्र

श्रीमान्/श्रीमती केदार नाथ खनाल ज्यू

नारायणी मा. वि. भरतपुर

तपाईले यस जिल्लाका विभिन्न विद्यालयहरूको शैक्षिक सेवामा दीर्घकाल सम्म समर्पित रही शैक्षिक विकासका लागि दिनु भएको अतुलनीय योगदानको हार्दिक आदर एवं सम्मान गर्दै नेपाल शिक्षक संघ, चितवन उपहार साथ अभिनन्दन-पत्र प्रदान गर्दछ ।

प्रमुख अतिथि

मिति २०५३-१२-२१

अध्यक्ष
नेपाल शिक्षक संघ
जिल्ला कार्य समिति, चितवन



चितवन माध्यमिक विद्यालय

भरतपुर, चितवन
२०११

स्वर्ण महोत्सव-२०६०

सम्मान-पत्र

श्री केदारनाथ खनाल
भरतपुर-१०, चितवन

चितवन माध्यमिक विद्यालयको वेणी-स्मारिका सम्पादक सल्लाहकार रहेर विद्यालयको शैक्षिक एवं भौतिक प्रगतिमा यहाँबाट प्राप्त सहयोगको उच्च मूल्याङ्कन गर्दै विद्यालयको 'स्वर्ण महोत्सव-२०६०' को पुनीत अवसरमा यहाँलाई हार्दिक आभार सहित यो सम्मान-पत्र प्रदान गरिएको छ । आगामी दिनमा पनि विद्यालयको चौतर्फी विकासमा यहाँबाट उल्लेखनीय सहयोग हुनेछ भन्ने अपेक्षा गर्दछौं ।

(राष्ट्रकवि माधवप्रसाद घिमिरे)
प्रमुख अतिथि

(कृष्णराज 'लब्ली' न्यौपाने)
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति

(हरिराज पौड्याल)
प्रधानाध्यापक

मिति : २०६०/१०/०१

## HIGHER SECONDARY EDUCATION BOARD

**Sanothimi, Bhaktapur**

**Nepal**

### *Certificate*

This is to certify that Mr./Mrs./Miss. Kedar Nath Khanal ............ of .. Balkumari College, Chitwan ... has successfully participated in a THREE DAY Training Of Teachers (TOT) Programme Organized by the Division of Curriculum and Training, Higher Secondary Education Board in Bharatpur, Chitwan on 15 to 17 Poush 2062 (30 December, 2005 to 1 January, 2006).

**(Dhal Bahadur Khadka)**
**Joint-Secretary**
**Curriculum and Training Division**

**Resource Person**
( Swayam Prakash S.B. Rana)

**Chief Guest**
( K.P. Karn )
Member Secretary

---

दर्ता नं. १३/०५४/५५ (जि.प्र.का., चितवन)

## उन्नतिशील नेपाली समाज

**केन्द्रीय कार्यालय, रत्ननगर, चितवन**

प्रथम राष्ट्र उद्घोष दिवस समारोहमा प्रदान गरिएको

# प्रशंसा-पत्र

श्रीमान्/श्रीमती/सुश्री ........ केदार खनालज्यू ........

उन्नतिशील नेपाल समाजको स्थापनाकालमा यहाँले पुऱ्याउनु भएको निस्वार्थ एवं प्रेरणदायी योगदानको उच्च मूल्याकंन गरी निकट भविष्यमा समेत यस्ता सहयोगहरुको अपेक्षा गर्दै यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

**प्रमुख अतिथि**

**दिनाङ्क**
२०५४/७/७
२३ अक्टोबर, १९९७

**मणि नेपाली (पनेरु)**
संस्थापक अध्यक्ष
उन्नतिशील नेपाली समाज
आयोजक

# त्रिभुवन उच्च माध्यमिक विद्यालय

बेलाटारी, नवलपरासी

स्थापित - २००६

## प्रशंसा-पत्र

त्रिभुवन उच्च माध्यमिक विद्यालय बेलाटारी नवलपरासीको 'स्वर्ण-जयन्ती' समारोहमा मिति २०५९/१२/३० देखि २०६०/१/६ सम्मसंचालन हुने विभिन्न कार्यक्रमको सफलताका लागि भरतपुर न०पा० गा०वि०स०, वडा नं० १० निवासी श्री/सुश्री/श्रीमती केदारनाथ खनाल, अतिथि सम्पादक ज्यूले निर्वाह गर्नु भएको विशेष भूमिकाको कदर गर्दै यहाँलाई सधन्यवाद यो प्रशंसा पत्र प्रदान गरिएको छ।

**सत्यदेव पाण्डेय**
(प्राचार्य)
त्रिभुवन उ० मा० वि० बेलाटारी, नवलपरासी

**केदारनाथ पाण्डेय**
(अध्यक्ष)
विद्यालय व्यवस्थापन समिति

**परशुनारायण चौधरी**
(प्रमुख अतिथि)
सम्माननीय सभापति राजपरिषद स्थायी समिति

# चितवन महोत्सव २०६१

पौष २५ - माघ ३ गते

## प्रशंसा-पत्र

श्री ५ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको शुभ उपलक्ष्यमा
सिङ्गो नेपालको मुटुको स्पन्दन बोकेको चितवन जिल्लाका जनताहरूको
परम्परागत जीवनशैली, जीवन्त कलाकौशल
साँस्कृतिक झलक, आर्थिक तथा सामाजिक विकासको
परिचय र जानकारी दिने उद्देश्यले आयोजना गरिएको

**"चितवन महोत्सव २०६१"**

को स्मारिका प्रकाशन तथा साहित्य गोष्ठी व्यवस्थापन समितिको
सह - संयोजक
रहनु भई सकृय योगदान पुऱ्याउनु भएकोमा
श्री केदारनाथ खनाल ज्यूलाई
स-धन्यवाद यो **प्रशंसा-पत्र** प्रदान गरिएको छ ।

**आयोजक:**

- उद्योग वाणिज्य संघ-नारायणगढ
- जिल्ला विकास समिति, चितवन
- भरतपुर नगरपालिका
- रत्ननगर नगरपालिका

(मदनलाल जोशी)
संयोजक
**चितवन महोत्सव २०६१**

# श्रीमद्‌भागवत धान्याचल विश्वशान्ति विराट महायज्ञ

वाचनशिरोमणि पण्डित नारायणप्रसाद पोखरेलज्यूको मूलवाचन आतिथ्यमा

## प्रशंसा–पत्र

नेपाल मातृभूमि एवं विश्वशान्तिको कामनासहित **२०५९ फाल्गुण १३ देखि २० गतेसम्म** श्री आदिकवि भानुभक्त मा.वि., नारायणगढ-१ को प्राङ्गणमा आयोजित **श्रीमद्‌भागवत धान्याचल विश्वशान्ति विराट महायज्ञ**मा चितवन जिल्ला भ.न.पा.- निवासी श्री/~~श्रीमती~~/~~सुश्री~~ केदार नाथ खनाल (सदस्य -मुल्याङ्कन उपसमिति) ज्यू ले सक्रिय सहयोग पुर्‍याउनुभएको हुँदा उहाँको कदरस्वरूप स-धन्यवाद यो **प्रशंसा–पत्र** प्रदान गरिएको छ।

संयुक्त आयोजक :

श्री आदिकवि भानुभक्त माध्यमिक विद्यालय
महेन्द्र बसपार्क, नारायणगढ–१
चितवन। फोन : २२७६२

दियालो परिवार
नारायणी नदी किनार,
नारायणगढ–१, चितवन
फोन : २१८२८

(पं.नारायणप्रसाद पोखरेल)
मूलवाचक

(चामुनारायण श्रेष्ठ)
अध्यक्ष, व्यवस्थापन समिति
श्री आदिकवि भानुभक्त मा.वि.

(निर्मला पिया)
अध्यक्ष
दियालो परिवार

(उत्तरकुमार मल्ल)
संयोजक
मूल समारोह समिति

मिति : २०५९ फाल्गुण ..... गते।

---

# जिल्ला शिक्षा समिति

चितवन

## प्रशंसा-पत्र

सातौं शिक्षा दिवस २०३८ को शुभ उपलक्ष्यमा श्री नारायणी माध्यमिक विद्यालयका .................. तहका प्रधान अध्यापक श्री केदार नाथ खनाल ले आफ्नो पदमा रही बढी उत्साह पूर्वक सेवा गर्दै आउनु भएकाले पुरस्कार सहित यो प्रशंसा-पत्र प्रदान गरिएको छ।

रामानन्द मिश्र
सदस्य सचिव
जि. शि. स.

मिति २०३८/११/१२

ईन्द्रजंग तामाङ्ग
अध्यक्ष
जि. शि. समिति

त्रिभुवन विश्वविद्यालय

# बालकुमारी कलेज

## नेपाली विभाग

नारायणगढ, चितवन

# प्रमाण-पत्र

बालकुमारी कलेज, नेपाली विभागको आयोजनामा सम्पन्न भएको *नेपाली विषयमा अनुसन्धान प्रविधि र वर्णविन्यासको मानकीकरण* विषयक दुई दिवसीय गोष्ठीमा बालकुमारी — क्याम्पस / कलेज / ~~उ.मा.वि.~~ नारायणगढ का शिक्षाशङ्काय प्रमुख श्री केदारनाथ खनाल ले सफलतापूर्वक भाग लिनु भएकाले उहाँलाई स-धन्यवाद यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (चिरञ्जीवी श्रेष्ठ) | (प्रा.डा. दयाराम श्रेष्ठ) | (प्रा.डा. हेमाङ्गराज अधिकारी) | (कुलप्रसाद ढुङ्गाना) |
| प्राचार्य | विशेषज्ञ | विशेषज्ञ | विभागीय प्रमुख |
| बालकुमारी कलेज | प्रमुख-त्रि.वि., नेपाली केन्द्रीय विभाग | त्रि.वि., शिक्षाशास्त्र सङ्काय | नेपाली विभाग-बालकुमारी कलेज |

*दिनाङ्क - २०६२ जेठ ६ र ७ गते*

# CERTIFICATE OF APPRECIATION

JCI

PEPSI

*Awarded to*

MR. KEDAR N. KHANAL

*In recognition of his / ~~her~~ outstanding support to Jaycees to successfully complete*

INTER CAMPUS ORATORY CONTEST

*held on 2054 Baisakh* 2nd **during Jaycees Week, organized in joint co-ordination of**

**Narayangarh Jaycees and Narayangarh Lady Jaycees.**

Saturday, Baisakh 7, 2054

| | | | |
|---|---|---|---|
| Jc Pabitra lal Chuke | Mr. Ram Kumar Shrestha | Jc Rabindra Regmi | Jct Mala Shrestha |
| *President, 1997* | *Chief District Officer* | *Co-ordinator, Jaycees Week* | *Co-ordinator, Jaycees Week* |
| Narayangarh Jaycees | **Chief Guest** | Narayangarh Jaycees | Narayangarh Lady Jaycees |